# सूचनाको अधिकार

## (A Journal of RTI)

राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल

**सल्लाहकार**

महेन्द्र मान गुरुङ, प्रमुख सूचना आयुक्त
कमला ओली, सूचना आयुक्त

**सम्पादक मण्डल**

| | |
|---|---|
| संयोजक | : रत्नप्रसाद मैनाली, सूचना आयुक्त |
| सदस्य | : होमप्रसाद लुइटेल, सचिव |
| सदस्य | : सन्तोषकुमार दाहाल, उपसचिव |
| सदस्य | : डिल्लीराम भट्ट, शाखा अधिकृत |
| कम्प्युटर | : मोहन ज्ञवाली |

***यस पुस्तकमा प्रकाशित लेखमा व्यक्त भएका धारणा लेखकका निजी विचार हुन् । यसप्रति सम्पादक मण्डल र प्रकाशक जवाफदेही हुने छैन ।***

| | |
|---|---|
| प्रकाशक | : राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाडौं |
| फोन नं. | : ०१-४५६४४१२, ०१-४५९६५४४ |
| फ्याक्स | : ०१-४४९६५४५ |
| इमेल | : info@nic.gov.np |
| वेबसाइट | : nic.gov.np |
| MIS का लागि | : mis.nic.gov.np |
| हेल्पलाइन | : ०१-४४९६५४१ |
| प्रकाशन मिति | : २०८१ वैशाख |
| प्रकाशन प्रति | : १००० |
| फेसबुक | : rtinepal |
| twitter (x) | : suchanaayog |
| डिजाइन | : पब्लिक अफेयर्स रिसर्च एण्ड कम्युनिकेशन्स (PARC)/विपिन सोडारी |

राष्ट्रिय सूचना आयोग र युएसएआईडी नेपालको सहकार्यमा प्रकाशित । यस प्रकाशनभित्रका विषयवस्तु र सामग्री राष्ट्रिय सूचना आयोगको एकल जिम्मेवारी हुन्छ र यसले अमेरिकी सरकार, युएसएआईडी वा द एशिया फाउण्डेशनको विचार प्रतिविम्बित गर्छन भन्ने जरूरी छैन ।

USAID अमेरिकी जनताबाट
CIVIL SOCIETY & MEDIA STAND
The Asia Foundation

# सम्पादकीय

नेपालको संविधानको धारा २७ मा सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकारबारे व्यवस्था गरिएको छ । संविधानको सो प्रावधान बमोजिम सूचनाको हक सम्बन्धी ऐन/नियम बनेका छन् र सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलनका लागि राष्ट्रिय सूचना आयोग गठन भएको छ । नागरिकको मौलिक अधिकारको रूपमा संविधानमा व्यवस्था गरिएको सूचनाको अधिकारको क्षेत्रमा नेपाल र विश्वव्यापी रूपमा भएका प्रयोग, त्यसमा देखिएका समस्या लगायतका विषयलाई उजागर गर्ने र सूचनाको अधिकारजस्तो महत्वपूर्ण विषयलाई अझ समृद्ध बनाउने हेतुले राष्ट्रिय सूचना आयोगले विभिन्न प्रकारका प्रकाशनहरू गर्दै आएको छ । आयोगबाट वार्षिक रूपमा प्रकाशन हुँदै आएको 'सूचनाको अधिकार'को उद्देश्य पनि नागरिकको सूचना माग गर्ने र प्राप्त गर्ने अधिकारलाई अझ सशक्त बनाउने रहेको छ ।

'सूचनाको अधिकार' राष्ट्रिय सूचना आयोगबाट वार्षिक रूपमा प्रकाशित हुँदै आएका लेखहरूको सङ्ग्रह हो । सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको मौलिक हकको प्रयोगमा देखिएका समस्या तथा राष्ट्रिय सूचना आयोग, अभियन्ता, पत्रकार, नागरिकलगायत समाजका विभिन्न पक्षबाट यस क्षेत्रमा भएका र हुनुपर्ने कामका विषयमा केन्द्रित रहेर तयार गरिएका लेख/रचनाहरूको सङ्कलन नै यो पुस्तकको मूल विषयवस्तु हो ।

सूचनाको अधिकार यतिबेला विश्वव्यापी अनुमोदित र स्वीकार्य विषय हो । विश्वका कयौं देश यसको प्रयोगबाट नागरिकलाई सुशासनको प्रत्याभूति दिलाउन सफल भएका छन् । हामीकहाँ बनेको सूचनाको अधिकारसम्बन्धी कानुन बहुआयामिक महत्वको छ तर यसप्रतिको राजनीतिक प्रतिबद्धता व्यवहारतः प्रक्षेपण हुन नसकेको भन्ने विषयमा पनि त्यत्तिकै बहस छ ।

राज्य वा सार्वजनिक निकायलाई प्रश्न सोध्ने र त्यसको उत्तर पाउने नागरिकको महत्वपूर्ण अधिकारको प्रयोगको क्षेत्रमा देखिएका समस्या, सूचनाको हकसम्बन्धी कानुनमा समेटिनुपर्ने थप विषय, आयोगको भूमिका र यसबाट भएका आदेशहरूको प्रभावबारे यस सङ्ग्रहमा प्रकाशित रचनाहरूले सूचनाको अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान दिनेछ भन्ने विश्वास हामीलाई छ ।

'सूचनाको अधिकार'का लागि आफ्नो अमूल्य लेख/रचना उपलब्ध गराउनु हुने सबैप्रति आयोग हार्दिक आभार प्रकट गर्दछ । 'सूचनाको अधिकार'को यस अङ्कको प्रकाशनका लागि आ-आफ्नो क्षेत्रबाट योगदान दिनुहुने सबैप्रति आभार प्रकट गर्न चाहन्छौं । धन्यवाद ।

**राष्ट्रिय सूचना आयोग**

# विषय सूची


| शीर्षक | लेखकको नाम | पेज नं. |
| --- | --- | --- |
| सूचनाको हक र कार्यान्वयन : एक विश्लेषण | अनिता जोशी | १ |
| सार्वजनिक निकायमा सूचना प्रवाह | डा. अश्वत्थामाभक्त खरेल | ९ |
| सूचनाको हक : नीतिगत व्यवस्था र व्यावहारिक अभ्यास | कमल सुवेदी | १७ |
| सूचनाको हकको प्रयोगमा सूचना आयोगको भूमिका | कमला ओली | २३ |
| सूचनाको हक कार्यान्वयनमा नागरिकको भूमिका | कृष्ण आचार्य | २८ |
| निजी क्षेत्रमा सूचनाको हकको प्रयोग | दीपक थापा | ३४ |
| सूचनाको हक, नागरिकको दायित्व | नमस्कार शाह | ४० |
| सूचना लिने-दिने संस्कृतिको विकासबाट भ्रष्टाचार नियन्त्रण सम्भव | परशुराम शाह | ४५ |
| मानवअधिकारको रूपमा सूचनाको हक | प्रेमराज सिलवाल | ५१ |
| नागरिकको कर्तव्य पालना गर्ने औजार बन्न सक्छ : सूचनाको हक | पूर्णप्रसाद मिश्र | ५६ |
| सूचनाको हक : अन्तर्राष्ट्रिय प्रबन्ध र राष्ट्रिय अभ्यास | डा. महेन्द्र विष्ट | ६० |
| सूचनाको हक प्रयोग, उपलब्धी र सन्तुष्टि | यदुनाथ बन्जारा | ६६ |
| सुशासन : सैद्धान्तिक अवधारणा र नेपालमा व्यावहारिक अभ्यास | रमेश पाण्डेय | ७० |
| सूचना सार्वजनिकीकरणमा स्थानीय सरकारको हेलचेक्र्याइँ | राकेशप्रसाद चौधरी | ८१ |
| कर्णालीमा सूचनाको हकको प्रयोगको अनुभव | लक्ष्मीप्रसाद पौड्याल | ८७ |
| खोज पत्रकारिता र सूचनाको हक | विद्या राई | ९१ |
| आमसञ्चार माध्यम र सूचना आयोगको अन्तरसम्बन्ध | शिरीषा पौडेल | ९६ |
| सूचना नै जीवन | शिशिल चित्रकार | १०४ |
| **Role of Public Television Broadcasters in Promoting Rights to Information** | **Ashok Ghimire** | **110** |

| शीर्षक | लेखकको नाम | पेज नं. |
|---|---|---|
| **Global Perspectives on the Implementation of Right to Information** | **Bishal Acharya** | **117** |
| **Practice of Right to Information (RTI) in Non-Governmental Sectors** | **Brinda Bhandari** | **123** |
| **Divulging the Role Of Right To Information's (RTIs) in Strengthening Good Governance : A Critical Dissection of Nepalese Legal Regime** | **Hrithik Yadav** | **129** |

# सूचनाको हक र कार्यान्वयन : एक विश्लेषण



◆ अनिता जोशी*

## पृष्ठभूमि

सूचनाको हक प्रत्येक व्यक्तिको जन्मसिद्ध मौलिक हक हो । यसलाई राज्यले विधानमै सुनिश्चित गरेको छ । नेपाल अधिराज्यको संविधान २०४७ ले सूचनाको हकलाई मौलिक हकमा राखेको थियो । नेपालमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ सालदेखि मात्र लागु भयो । सूचनाको हक के हो ? भन्ने सम्बन्धमा पहिले नागरिक त्यति जागरुक भएका थिएनन् । राज्यले पनि सूचनाको हक व्यवस्थित र प्रत्यायोजित गरेको थिएन । के हो त सूचनाको हक ? कसरी सूचनाको हक प्रत्याभूत र प्रचलन गर्ने ? प्राप्त गर्ने भन्नेबारे अनभिज्ञता नै थियो । वास्तवमा सूचनाको हक भन्नाले सार्वजनिक सरोकार र चासोका गतिविधि माग तथा प्राप्त गर्ने अधिकार हो । सूचनाको हक मौलिक अधिकार हो । सूचनाको पहुँचको अधिकार नागरिकको आधारभूत मौलिक हक हो । जबसम्म मानिसले जान्न पाउने वा थाहा पाउने, बुझ्ने हक सहज रूपमा उपभोग र उपयोग गर्न पाउँदैनन् तबसम्म कुनै पनि समाज वा देशले लोकतान्त्रिक मूल्य र मान्यता कायम राख्न सक्दैन । सूचनाको हक कुनै पनि कुराको सुसूचित हुन पाउने हक हो ।

सूचनाको हकलाई लोकतन्त्रको एउटा आधारस्तम्भ मानिन्छ । सूचना प्रवाहले एकातिर राज्यलाई पारदर्शी र जवाफदेही बनाउँछ भने अर्कोतिर राज्यले प्रवाह गर्ने सेवासुविधामा सर्वसाधारण जनताको पहुँच बढाउँछ । तसर्थ लोकतन्त्र र सूचनाको हक एकअर्काको परिपूरक र सहयोगी माध्यम हुन् । सूचनाको हक वाक् तथा अभिव्यक्तिको अधिकारसमेत हो ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा २७ ले सूचनाको हकलाई प्रत्यायोजित गरेपछि सोही आधारमा ऐन, नियम र नियमावली तथा राष्ट्रिय सूचना आयोगसमेत गठन भएको छ । सूचनाको हकलाई नेपालको संविधान २०७२ मा पनि मौलिक हकको रूपमा सुनिश्चित गरिएको छ । तैपनि सूचनाको हकसम्बन्धी व्यवस्था सन्तोषजनक रूपमा लागू हुन सकेको छैन । लोक कल्याणकारी राज्यले जनतालाई सेवा प्रवाह दिने गर्छ तर कुनै व्यक्ति वा वर्गले विविध कारणले गर्दा सेवा प्राप्त गर्न नसकेको पनि हुन सक्छ । यसरी राज्यले प्रदान गर्ने सेवा सीमित व्यक्तिका लागि मात्र उपयोग प्रयोग भएको देखिन्छ । जसले गर्दा अन्यका लागि यो सेवा पहुँच बाहिर हुन्छ उसले कानुन र समाजलाई दोष दिने गर्छ । यस्तो जटिल

---

** अधिवक्ता हुनुहुन्छ ।*

समस्याबाट हाम्रो देश दिनानुदिन गुज्रिरहेको छ। जसबाट नागरिकका लागि ऐन कानुन त बन्छ तर त्यसको कार्यान्वयन पक्ष फितलो भइदिनाले नागरिक सेवा र अवसरबाट वञ्चित हुन पुग्छन्।

सूचनामा पहुँचको अधिकार नागरिकको आधारभूत अधिकार हो। सूचनाले नागरिकको सार्वजनिक जीवनमा सहभागिता, समावेशिता र सुशासनको सुनिश्चितता गर्दछ।

## सूचनाको हकको परिभाषा

सूचना भनेको कुनै पनि विषयमा जानकारी पाउनु हो। कुनै अक्षर, चिह्न, ध्वनि दृश्य वा स्वादमा पनि सूचना हुन्छ। यसो हेर्दा सूचना भन्नाले हुने घटना वा घटनापूर्व हुने आवश्यक सोच, योजना, कार्यान्वयनबारे सर्वप्रथम दिने जानकारी वा सन्देश हो। अर्थात् जानकारी, समाचार तथा सम्प्रेषण, तथ्याङ्क, अभिलेख आदिलाई सूचना भनिन्छ।

सार्वजनिक निकायमा रहेको कुनै पनि तथ्याङ्क, विवरण, दस्तावेज वा वस्तु पनि सूचना हो। चाहे त्यो निजी सरोकारको होस् वा सार्वजनिक सरोकारको। तसर्थ आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि सूचना माग्न, प्राप्त गर्न, उपभोग गर्न पाउने अधिकार हुनु वा सुसूचित हुने अधिकारमा पहुँच हुनु, उपयोग गर्ने अधिकार नै सूचनाको हक हो। सूचनाको हक व्यक्तिगत वा सार्वजनिक सूचनाको हक पनि हुनेछ।

सूचनाको हक संविधानद्वारा प्रत्याभूत मौलिक हक हो। जसको व्यवस्था नेपालको संविधानको धारा २७ मा गरिएको छ। सूचनाको हकलाई कार्यान्वयनमा ल्याउनका लागि नेपालमा सूचनाको हकसम्बन्धी ऐन, २०६४, सूचनाको हकसम्बन्धी नियमावली २०६५ र राष्ट्रिय सूचना आयोग समेतका संरचनागत व्यवस्थासमेत गरिएको छ।

सूचनाको हक भन्नाले सूचनामाथिको हक हो, व्यक्तिगत सूचना प्राप्त गर्ने हक हो, सार्वजनिक महत्वको सूचनामाथिको हक हो। सार्वजनिक निकायमा भएको सूचना पाउने हक हो। अहिले धेरै सरकारी कार्यालयमा सूचना अधिकारी भनी राखेको देखिन्छ, जुन यस ऐनकै कार्यान्वयको एक पाटो हो।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २(ङ)मा सूचनाको हक भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वका सूचना माग्ने र पाउने अधिकार सम्झनुपर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने

अधिकारलाई जनाउँछ, भनी भनिएको छ ।

बेलायत, अष्ट्रेलिया तथा अमेरिकामा सूचनाको स्वतन्त्रता सम्बन्धी ऐन भनेको छ भने भारत र नेपाल एवम् अन्य देशमा सूचनाको हकसम्बन्धी ऐन भनेको छ ।

## नेपालमा सूचनाको हकको व्यवस्था

सूचनाको हक र अभिव्यक्तिको स्वतन्त्रता एकापसमा परस्पर मिल्दाजुल्दा नै हुन् । नेपालको २०४७ सालको संविधानले सूचनाको हकलाई मौलिक हकमा राखेको थियो ।

अन्तरिम संविधान २००७ मा राज्यका नीति निर्देशक सिद्धान्तहरू अन्तर्गत धारा १६ ले वाक् र प्रकाशन स्वतन्त्रताको पृष्ठभूमि दिलाएको थियो । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १६ मा प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर यस धारामा लेखिएको कुनै कुराले कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन । नेपालको अन्तरिम संविधान २०६३ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भनी व्यवस्था थियो । यसरी संविधानमै सूचनाको हकको सुनिश्चितता भएको छ । यसरी अन्तरिम संविधान २०६३ मा मौलिक हकअन्तर्गत सूचनाको हक राखिएकाले यो संवैधानिक हक प्रचलन गर्न, कार्यान्वयन गर्नका लागि साथै संविधानका प्रावधानलाई कार्यान्वयन गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली जारी गरी लागू गरियो । सोहीअनुसार मिति २०६५।२।२२ मा राष्ट्रिय सूचना आयोग गठन गरियो । सो अनुसार यस हकको कार्यान्वयन भई तदनुरूप सूचनाको हकको प्रयोग गर्ने अधिकार प्रत्येक नागरिकलाई प्राप्त भएको छ ।

नेपालको संविधान (२०७२) को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भनिएको छ । सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकारसमेतलाई जनाउँछ । सूचनाको हकलाई संवैधानिक हकको रूपमा ग्यारेन्टी गरेको छ ।

२०६४ सालमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ लागु भएको छ । जसको प्रस्तावनामै भनिएको छ, राज्यका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक

महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको हक संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने उद्देश्यका लागि यो ऐन, ल्याइएको हो ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को परिच्छेद २ मा सूचनाको हक र सूचना प्रवाहसम्बन्धी व्यवस्थाअन्तर्गत, सूचनाको हक हुने व्यवस्था गरिएको छ । जसमा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ। प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ । यस ऐनमा सार्वजनिक निकायको दायित्व, सूचनाको अद्यावधिक प्रकाशन, सूचना अधिकारीको व्यवस्था, सूचना प्राप्त गर्ने कार्यविधि, सूचनाको दस्तुर, उजुरी, पुनरावेदन, आयोग, सूचनाको संरक्षण, सजाय तथा क्षतिपूर्ति सम्बन्धी सम्पूर्ण व्यवस्था गरिएको छ ।

सूचनाको हकसम्बन्धी नियमावली २०६५ मा सूचना प्रकाशन गर्नुपर्ने, सूचनाबापत लाग्ने दस्तुर, सूचना माग, पुनरावेदन दर्ता, उजुरी सम्बन्धमा कार्यवाही निर्णय, कार्यान्वयन, कार्यविधि निर्धाण गर्न सक्ने कानुनी व्यवस्था गरिएको छ ।

यसरी सबै नागरिकले बिनाभेदभाव समान रूपले सार्वजनिक सूचनामा पहुँचको लक्ष्य प्राप्तिका लागि प्रत्येक सरकारले कानुनी र संस्थागत संयन्त्र बनाउने र स्थानीय स्रोतको व्यवस्थापन गर्ने, सूचना प्रविधिको आधुनिक विकास गर्नुपर्ने तथा सार्वजनिक सूचनामा सहज पहुँचको स्वतः थाहा पाउने अवस्था सुनिश्चित हुनुपर्छ ।

सूचनाको हकसम्बन्धी ऐन आउनु आफैँमा सकारात्मक उपलब्धि हो । राज्यले यसको सही उपयोग र जनतामा सहज पहुँच पुऱ्याउनु पर्छ । सूचनाको हक प्राप्त गर्ने कार्यविधि बन्नुपर्छ । जसले गर्दा सूचनाको हकको कार्यान्वयन राज्य तथा नागरिकले गर्न सक्छन् नत्र यो देखाउने दाँत मात्र हुनेछ । सूचनाको हकले राज्यसँग रहेको सूचनाबारे नागरिकलाई जानकारी दिने र राज्यले सूचना दिन नचाहेमा नदिने हुँदा यसको सही परिचालनको अवस्थामा ध्यान दिनुपर्नेछ । किन कि जनता पनि सूचना लिन जान नमान्ने र सूचनाको हक सजिलै प्राप्त नहुने हुँदा यसको औचित्यमाथि नै प्रश्नचिह्न हुनेछ । तसर्थ सूचनाको हकसम्बन्धी ऐनको व्यापक जानकारी दूरदराजका नागरिकलाई समेत दिन राज्य एवम् राष्ट्रिय सूचना आयोग समेतबाट महत्वपूर्ण भूमिका निर्वाह हुनु पर्नेछ ।

## सूचनाको हक अन्तर्राष्ट्रिय स्तरमा

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ मा- हरेकलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको हक हुनेछ । यो अधिकार अन्तर्गत बिनाकुनै अवरोध विचार राख्न पाउने तथा सीमाबिना सूचना तथा विचारहरू जुनसुकै माध्यमबाट सूचना तथा विचारहरू

खोज्न, प्राप्त गर्न तथा प्रचार गर्न पाउने हक हुनेछ । तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा १९(क) मा- प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, सीमाको बन्देजबिना, मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा निजको आफ्नो छनोटको कुनै अन्य माध्यममार्फत सबै किसिमका सूचना तथा विचारहरू प्राप्त गर्ने तथा दिने स्वतन्त्रतासमेत हुनेछ भनी सूचनाको हकलाई अभिव्यक्ति स्वतन्त्रतासँग राखेको छ ।

संयुक्त राष्ट्रसंघको महासभाले सन् १९४६ मा- सूचनाको स्वतन्त्रता एउटा मौलिक मानव अधिकार हो र सबै स्वतन्त्रताको कसी हो, जसको लागि संयुक्त राष्ट्रसंघ समर्पित छ । सूचनाको हक स्वतन्त्रताले बिनाअवरोध जहाँसुकै र जतासुकै समाचार सङ्कलन, प्रसारण र प्रकाशन गर्ने अधिकारलाई जनाउँछ । यो विश्वमा शान्ति र प्रगतिको अभिवृद्धिका लागि जुनसुकै गम्भीर प्रयासको एउटा आवश्यक तत्व हो भनेर यसको महत्व दर्शाउँदै आर्थिक तथा सामाजिक परिषद्लाई एउटा सम्मेलन गरी त्यसको विषयमा सुझाव दिन निर्देशन दिएको थियो । जसको फलस्वरूप मानवअधिकार विश्वव्यापी घोषणापत्र १९४८ मा यसलाई मानवअधिकारको रूपमा स्थापित गरियो । मानवअधिकारसम्बन्धी क्षेत्रीय घोषणापत्रहरू, जस्तै- मानिसका अधिकार र कर्तव्यसम्बन्धी अमेरिकी घोषणापत्र, १९४८ धारा (४), मानवअधिकार सम्बन्धी युरोपियन अनुबन्ध १९५०, मानवअधिकार सम्बन्धी युरोपियन १९६९, धारा १३(१) मानव र जनताका अधिकारसम्बन्धी अमेरिकी अनुबन्ध बडापत्र १९८१ धारा ९(१) ले सूचनाको हकलाई प्रत्याभूत गरी मानवअधिकारको रूपमा सुनिश्चित गरिएको छ ।

## सर्वोच्च अदालतबाट प्रतिपादित केही नजीर

१. चित्रदेव जोशी, विरुद्ध न्यायपरिषद् समेत (ने.का.प. २०६९ नि.नं. ८८५७, अंक ७) स.अ.ले न्यायाधीश चित्रदेव जोशीलाई मिति २०६२।१२।६ मा लिखितपत्रबाट बर्खास्त गरिएको सेवामा पुनर्वहालीका लागि रिट दिएको थियो । न्यायपरिषद्ले के कसुरमा बर्खास्त गरेको हो भनेर सूचनाको हक प्रयोग गरी प्रमाणहरू सङ्कलन गरेर अदालतमा पेश गरेपछि २०६९।५।१४ मा अदालतबाट पुनर्वहाली भएको थियो ।

२. ने.का.प. २०६८, अङ्क ४, नि.नं. ८५९४ विश्वविद्यालयका रजिष्ट्रार एवम् त्रि.वि. केन्द्रीय परीक्षा सञ्चालक समितिका अध्यक्ष प्रा.डा. भीमराज अधिकारी, विरुद्ध राष्ट्रिय सूचना आयोग समेत ।

३. गोपाल शिवाकोटी समेत, विरुद्ध अर्थ मन्त्रालयसमेत (ने.का.प. २०५१, अङ्क ४

नि.नं. ४८९५) (अरुण तेस्रो मुद्दा) ।

४. बालकृष्ण न्यौपाने वि. गिरिजाप्रसाद कोइराला (ने.का.प. २०५४ अङ्क २, नि.नं. ६३१३ (टनकपुर बाँधसम्बन्धी मुद्दा) (राधेश्याम अधिकारी वि. श्री ५ को सरकार ने.का.प. २०४८, अङ्क १२, पृ. ८१०) ।

५. ने.का.प. २०६८, अङ्क ४, नि.नं. ।

६. माधवकुमार बस्नेत विरुद्ध सूचना तथा सञ्चार मन्त्रालय, ने.का.प. २०५८, अङ्क ७८८, पृ. ३९२ ।

७. ने.का.प. २०७७, भाग ६२ अङ्क ४ नि.नं. १०४७४, नेपाल दूरसञ्चार कम्पनी लि., विरुद्ध राष्ट्रिय सूचना आयोग, 'सूचनाको हकको उपभोगमा लगाइने प्रतिबन्ध वा अवरोधहरू एउटा लोकतान्त्रिक समाजलाई स्वीकार्य हुनुपर्ने । सूचना प्रदान गर्दा हुन सक्ने खतराको तुलनामा समानुपातिक ढङ्गले मात्र रोक लगाउन सकिने, दूरसञ्चार संस्थानले कस्ता सूचना आफ्ना कर्मचारीहरूलाई दिने-नदिने भन्ने सम्बन्धमा त्यस्ता सूचना प्रदान गर्दा सूचनाको हक प्रदान गर्न नसकिने भनी ऐनको दफा ३ (३) ले लगाएको प्रतिबन्धको आधारमा मूल्याङ्कन गर्नुपर्ने ।

**सूचनाको हकको कार्यान्वयन पक्ष**

- यो हक कार्यान्वयनका लागि सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्ति र सूचना शाखाको व्यवस्था गरिएको छ । जुन सकारात्मक कदम हो ।
- सूचनाको हक कार्यान्वयनले हरेक नागरिकले सार्वजनिक निकायबाट सम्पादन हुने कामकारबवाही, निर्णयहरूसँग सम्बन्धित लिखतहरू, सामग्री, चित्र, सम्पूर्ण कुराको जानकारी सहजै प्राप्त हुन्छ । साथै सार्वजनिक क्षेत्रमा खुला संस्कृतिमा काम गर्ने नवीन संस्कारको विकासमा बल पुगेको छ ।
- जनतामा सूचनाको हकप्रति आशा बढेको छ । जस अनुसार राज्यले समेत सहज रूपमा सूचना प्रदान गरिरहेको छ ।
- जनताको सूचनाको हकमा जानकारी पुगेको छ । सूचना प्राप्त गर्ने र लिने-दिने, संस्कृति विकास भएको छ ।
- प्रत्येक नागरिक सार्वजनिक निकायलाई जवाफदेही र जिम्मेवार बनाउन सहभागितामूलक र पारदर्शी निर्णय प्रक्रियामा निरन्तर अगाडि छ ।

- सार्वजनिक निकाय एवम् सरकारी निकायमा समेत आर्थिक अनियमितताको अन्त्य र वित्तीय निगरानी तथा अनुशासन कायम भएको छ ।
- राष्ट्रिय सूचना आयोगको व्यवस्था ऐनमै गरी आयोगको काम, कर्तव्य र क्षेत्राधिकारको प्रष्ट व्यवस्था गरेको छ ।
- केन्द्रीय समन्वय एकाइ, कार्यान्वयन अनुगमन एकाइ, प्रदेश अनुगमन एकाइ, जिल्ला अनुगमनको एकाइको व्यवस्था गरी चेक एण्ड ब्यालेन्स भएको छ ।

  यसरी सूचनाको हक सार्वजनिक तथा निकाय सरकारी निकायबाट नागरिकले प्रचलन गर्ने क्रम व्यापक रूपमा बढेको छ । यति हुँदाहुँदै पनि सूचनाको हकसम्बन्धी ऐन, नियमावलीबारे दूरदराजका नागरिक अनभिज्ञ रहेका कारण एवम् राष्ट्रिय सूचना आयोग तथा राज्यसमेतबाट यसको सचेतना तथा जागरण कार्यक्रम नल्याउँदा यस ऐनको उचित कार्यान्वयन, यसको सरल र सहज पहुँच जनतामा पुगेको छैन ।

**निष्कर्ष**

सरकारको काम खुला र पारदर्शी बनाउन, सरकारी तथा सार्वजनिक निकायलाई नागरिकप्रति जवाफदेही बनाउन, सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनामा आमनागरिकको पहुँच सजिलोसँग पुऱ्याउन, नागरिकको सुसूचित हुने हक संरक्षण गर्नका लागि सूचनाको हकको आवश्यकता रहेको छ ।

सूचनाको हक जनताको सुसूचित हुन पाउने प्रत्येक नागरिकको मौलिक अधिकार हो, संवैधानिक अधिकार हो । हाम्रो देशको कानुनी व्यवस्थामा समेत २००७ सालदेखि कुनै न कुनै रूपमा स्वतन्त्रता भनी सूचनाको हकलाई प्रत्याभूत गरेको देखिन्छ। नेपाल अधिराज्यको संविधान २०४७ मा सूचनाको हकलाई मौलिक हकमा राखेर संवैधानिक ग्यारेन्टी गरिएको छ। त्यस्तै नेपालको अन्तरिम संविधान २०६३ एवम् नेपालको संविधानमा समेत सूचनाको हकलाई मौलिक अधिकारमा राखी संवैधानिक सुनिश्चिता प्रदान गरेको छ ।

संविधानमा मौलिक हकमा राखेर यसको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन तथा नियमावली समेतको व्यवस्था गरी नागरिकको सूचनाको हकलाई सुनिश्चित गरिएको छ । तैपनि यसको कार्यान्वयनमा बाधाअड्चन देखिएको एवम् नागरिकलाई सूचनाको हकबारे पर्याप्त जानकारी नभएको, सुसूचित नभएको हुँदा यसको कार्यान्वयनमा बाधा देखिएको छ । अतः सूचनाको हकलाई चुस्तदुरुस्त लागू गर्नका लागि हरेक नागरिकमा यससम्बन्धमा जानकारी हुनु नितान्त आवश्यक छ ।

अहिलेको युग भनेको सूचना प्रविधिको युग हो । मानिस प्रविधिको विकासले गर्दा हातैबाट सञ्चारमाध्यमबाट विश्वभरिको सूचना प्राप्त गर्न सक्ने अवस्थामा पुगिसकेको हुँदा राष्ट्रिय सूचना आयोगसमेत सोही अनुसार क्रियाशील र व्यवस्थित हुन जरुरी छ । सूचनाको हकसम्बन्धी ऐन र नियमावली कागजमा मात्र सीमित नरही सबैमा यसको पहुँच पुऱ्याउनु आजको आवश्यकता हो ।

राज्यका हरेक क्रियाकलापमाथि नागरिकको सहज पहुँच स्थापित गर्न, सूचनाको हक अपरिहार्य छ । लोकतन्त्र, मानवअधिकार र सुशासनका लागि सूचनाको हक कार्यान्वयन हुनुपर्छ। सूचना प्रवाह गर्नु, आफ्नो निकायबाट सम्पादन हुने कार्यलाई पारदर्शी बनाउनु तथा सूचनाको हकको कार्यान्वयन गर्नु सार्वजनिक निकायको दायित्व एवम् कर्तव्य हो । तसर्थ सूचनाको हकको प्रयोग र कार्यान्वयनका लागि सूचनामुखी तथा पारदर्शी कार्यसंस्कृतिको विकास हुन जरुरी छ । सूचनाको हक नागरिकका लागि सहज र सरल हुनु नै सूचनाको हकसम्बन्धी कानुनको सफलता हुने छ ।

## सन्दर्भ सामग्री


क. नेपाल अधिराराज्यको संविधान २०४७

ख. नेपालको अन्तरिम संविधान २०६३

ग. नेपालको संविधान

घ. मानवअधिकारको विश्वव्यापी घोषणा १९४८

ङ. सूचनाको हकसम्बन्धी ऐन, २०६४

च. सूचनाको हकसम्बन्धी नियमावली २०६५

छ. United Nations Resolution on Freedom of Information Resolution No. 59(1). Sixty Fifth Plenary Meeting, 14 December, 1949.


-o-

# सार्वजनिक निकायमा सूचना प्रवाह



◆ डा. अश्वत्थामाभक्त खरेल

## परिचय

सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, सो सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारीलाई सूचनाको रूपमा लिइने गरेको पाइन्छ । सरकारको काम खुला र पारदर्शी बनाउन, सरकारी तथा सार्वजनिक निकायलाई नागरिकप्रति जवाफदेही बनाउन, सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनामा आमनागरिकको पहुँच सजिलोसँग पुऱ्याउन, नागरिकको सुसूचित हुने हक लागू र संरक्षण गर्न, राज्य र नागरिकको हितमा प्रतिकूल प्रभाव पार्ने सूचनाको संरक्षण गर्न नेपालमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ जारी भई लागू भएको छ । सार्वजनिक सरोकारको विषय भनेको सार्वजनिक महत्व हो ।

सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्ने कामका लागि गठन भएको राष्ट्रिय सूचना आयोगमा प्रमुख सूचना आयुक्त र दुईजना सूचना आयुक्तको व्यवस्था गरिएको छ । सङ्घीय संसद् प्रतिनिधिसभाका सभामुख अध्यक्ष तथा सूचना तथा सञ्चारमन्त्री र नेपाल पत्रकार महासंघका अध्यक्ष सदस्य रहेका समितिको सिफारिसमा नेपाल सरकारले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्त गर्छ । त्यसरी नियुक्ति गर्दा कम्तिमा एकजना महिला समावेश हुनुपर्ने र समावेशी सिद्धान्तको अनुसरण गर्नुपर्ने व्यवस्था छ । आयोगले सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने, त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्रीसम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने, नागरिकको जानकारीका लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने, समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने, कानुनी दायित्व पालना गर्न गराउन सम्बन्धित पक्षलाई आदेश दिने, नेपाल सरकार तथा सूचना तथा सञ्चारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र संवर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने, सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने कार्य गर्दछ ।

सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार सूचनाको हक हो । सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको

काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकारसमेतलाई सूचनाको हकको रूपमा लिइने व्यवस्था गरिएको छ (सूचनाको हक सम्बन्धी ऐन, २०६४ : २ (च) ।

## सार्वजनिक निकायको दायित्व

राज्यको साङ्गठनिक संरचनाभित्र रहेका सरकारी निकायहरूले सूचना प्रवाह गर्नुपर्ने हुन्छ । सार्वजनिक निकायभित्र संविधान अन्तर्गतका निकाय, ऐनद्वारा स्थापित निकाय, नेपाल सरकारद्वारा गठित निकाय, कानुनद्वारा स्थापित सार्वजनिक सेवाप्रदायक सङ्गठित संस्था वा प्रतिष्ठान, प्रचलित कानुनबमोजिम दर्ता भएका राजनीतिक दल तथा संगठन, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त संगठित संस्था, नेपाल सरकार वा कानुनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको सङ्गठित संस्था, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था पर्दछन् । नगरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्ने गराउने, सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, आफ्नो काम कारबाही खुला र पारदर्शी रूपमा गर्ने, आफ्ना कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने, सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्न सक्ने सार्वजनिक निकायका दायित्व हुन् ।

सार्वजनिक निकायले सूचनाको अद्यावधिक गरी राख्नुपर्ने र प्रकाशन गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । कार्यालयहरूले सम्भव भएसम्म सूचनाको हकसम्बन्धी ऐन लागू हुनुभन्दा कम्तिमा २० वर्ष अघिसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गर्नु गराउनु पर्छ । साथै आफ्नो निकायसँग सम्बन्धित सूचना प्रत्येक तीन/तीन महिनामा अद्यावधिक गरी प्रकाशित गर्नुपर्छ । सार्वजनिक निकायले आफ्नो निकायको स्वरूप र प्रकृति, निकायको काम, कर्तव्य र अधिकार, निकायमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण, निकायबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि, निर्णय गर्ने प्रक्रिया र अधिकारी, निर्णयउपर उजुरी सुन्ने अधिकारी, सम्पादन गरेको कामको विवरण, सूचना अधिकारी र प्रमुखको नाम र पद, ऐन, नियम, विनियम वा निर्देशिकाको सूची, आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण र तोकिएबमोजिमका अन्य विवरण प्रकाशित गर्नुपर्ने व्यवस्था रहेको छ ।

## सूचना प्रवाह

सूचना मानव जीवनमा रक्तसञ्चारका लागि मुटुको कामजस्तै भूमिका खेल्ने एउटा संयन्त्र हो । सूचनाबिना सार्वजनिक निकाय लगायत सम्पूर्ण राज्य सञ्चालनका संयन्त्र र सेवाग्राही तथा नागरिकहरू सम्पूर्ण जानकारी पाउने अवस्थाबाट वञ्चित हुन पुग्छन् । नेपालको संविधान, २०७२ को धारा २७ मा सूचनाको हकसम्बन्धी व्यवस्था गरी राष्ट्रको चौथो अङ्गमा इङ्गित गरिएको छ । सूचनालाई दिगो विकासको लक्ष्य मापनको महत्वपूर्ण सूचकाङ्कको रूपमा लिइएको छ । सूचनाको माध्यमबाट नै नेपालको सङ्घीय राजधानी काठमाडौँ र विकट स्थानमा बसोबास गर्ने बासिन्दाले सहजै सूचना प्राप्त गर्न सकिरहेको अवस्था छ । हाम्रा वृद्ध बुबाआमाले विदेशमा गएका परिवारहरूसँग भिडियोकलमार्फत कुरा गरी देश विदेशको जानकारी आदान-प्रदान गरिरहनु भएको छ । सबैभन्दा महत्वपूर्ण सवाल भनेको सार्वजनिक निकायमा रहेका लिखित अभिलेख तथा कार्यसम्पादनका जानकारीहरू नियमित रूपमा र कुनै व्यक्तिले माग गरेको अवस्थामा सही रूपमा उपलब्ध गराउनु नै हो । सबै नागरिकलाई सार्वजनिक निकायमा रहेका सूचना प्राप्त गर्ने पहुँच रहनु नै सूचना सम्बन्धी हक हो । सूचना सम्बन्धी अधिकार मानवअधिकारको दृष्टिकोणमा पनि महत्वपूर्ण अधिकारका रूपमा रहेको छ ।

सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानुनबमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुनेछ । सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्नु सूचना प्राप्तकर्ताको कर्तव्य हुनेछ । सूचना दिएका कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानुनी दायित्व वहन गराउने गरी सजाय गरिने वा हानिनोक्सानी पुऱ्याउन पाइँदैन । सो विपरीत कार्य भएको खण्डमा आयोगले क्षतिपूर्ति भराउनसमेत आदेश दिन सक्छ ।

कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनका लागि प्राप्त गरेको हो, सोही प्रयोजनका लागि प्रयोग नगरी दुरुपयोग गर्न नहुने र कुनै व्यक्तिले सूचनाको दुरुपयोग गरेमा सम्बन्धित सार्वजनिक निकायले सो सम्बन्धमा आयोगसमक्ष उजुरी गर्न सक्ने व्यवस्था छ । सार्वजनिक निकायले आफूसमक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरू अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिराख्नु पर्छ । सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरू कुनै व्यक्तिको जीवन वा सर्वसाधारणको स्वास्थ्य वा सुरक्षामा रहेको गम्भीर खतराको निवारण गर्ने सम्बन्धमा, प्रचलित कानुनबमोजिम प्रकट गर्नुपर्ने विषय भएमा र भ्रष्टाचार नियन्त्रण गर्ने अवस्थामा बाहेक सम्बन्धित व्यक्तिको लिखित सहमतिबिना प्रयोग गर्न हुँदैन ।

## सूचना अधिकारीको व्यवस्था

सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था गरिएको छ । सूचना अधिकारीको माध्यमबाट सबै सार्वजनिक निकायले औपचारिक रूपमा नै आम सेवाग्राही/नागरिकलाई महत्वपूर्ण सूचना प्रवाह गर्ने (लिखित/मौखिक/प्रकाशित) गरेका हुन्छन् । कानुनी प्रावधानहरूको प्रत्येक सार्वजनिक निकायहरूले अनिवार्य पालना गर्नुपर्ने हुन्छ भने नागरिक र सेवाग्राहीले प्राप्त गर्नुपर्ने सूचनालाई सम्मान रूपमा सूचना सम्बन्धी सेवालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु गराउनु पर्दछ। सूचनाको हकलाई संविधानको मौलिक हकअन्तर्गत राख्नुले पनि यसलाई राज्य सञ्चालनका लागि खडा गरिएका सार्वजनिक सेवा दिने निकायहरूले सही रूपमा प्रभावकारी सूचना दिनु र आमनागरिक तथा सेवाग्राहीलाई सहज र सुलभ रूपमा पहुँचयोग्य बनाउनुपर्ने हुन्छ । राज्यले सूचनालाई सेवाग्राहीमैत्री तथा प्रभावकारी बनाउन सबै सार्वजनिक निकायमा नागरिक बडापत्रको व्यवस्था, सूचना अधिकारीको व्यवस्था, गुनासो पाटीको व्यवस्था र प्रत्येक दिवसको दिन मोबाइल तथा टेलिफोनका साधनहरूमा पनि सन्देशमूलक जानकारीको प्रसारण लगायतका सूचना प्रवाह गर्ने कार्य गरिएको छ। नेपालको सन्दर्भमा यसलाई सकारात्मक रूपमा लिनुपर्ने हुन्छ।

सार्वजनिक निकायमा रहेका सूचनाको संरक्षण गर्नका लागि नीतिगत रूपमा सूचनाको वर्गीकरण गर्न नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा सम्बन्धित मन्त्रालयका सचिव सदस्य र कार्यालय प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञ रहेको सदस्य रहने गरी एक समितिको व्यवस्था गरिएको छ। समितिले सम्बन्धित सूचना कति वर्षसम्म गोप्य राख्नुपर्ने हो सोको अवधि र संरक्षण गर्ने तरिका समेतका बारेमा निश्चित मापदण्ड निर्धारण गरी सोको जानकारी राष्ट्रिय सूचना आयोगलाई दिनुपर्छ । समितिले गरेको वर्गीकरणमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना सार्वजनिक हुनुपर्ने भनी आयोगमा पुनरावलोकनका लागि निवेदन दिन सक्ने र त्यस्तो निवेदनउपर आयोगले पुनरावलोकन गर्दा सो सूचना गोप्य राख्नुपर्ने नदेखिएमा सार्वजनिक गर्न आदेश दिने व्यवस्था छ । वर्गीकरण गरिएको सूचना त्यस्तो सूचनाको प्रकृति अनुसार बढीमा तीस वर्षको अवधिसम्म गोप्य राख्न सकिने भए पनि त्यसरी गोप्य राख्नुपर्ने सूचना गोप्य राखिराख्नु पर्ने वा नपर्ने सम्बन्धमा समितिले प्रत्येक दस वर्षमा पुनरावलोकन गर्नेछ। पुनरावलोकन गर्दा त्यस्तो सूचना थप अवधिसम्मका लागि गोप्य राखिराख्नु पर्ने भएमा त्यसरी गोप्य रहनुपर्ने अवधि खुलाई सो अवधिसम्म गोप्य राख्ने गरी र गोप्य राख्नु नपर्ने भएमा गोप्य राख्नु नपर्ने गरी वर्गीकरण गर्न सक्नेछ।

प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक हुने र सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने कानुनी व्यवस्था छ। कुनै व्यक्तिले सार्वजनिक निकायमा वहाल रहँदा सार्वजनिक पदसँग सम्बन्धित विषयको सूचना माग गरेमा त्यस्तो निकायले माग भएबमोजिम

सम्बन्धित व्यक्तिलाई सूचना उपलब्ध गराउनु पर्छ। कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफूसँग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना उपलब्ध गराउनु पर्छ। सूचना पाउन चाहने नेपाली नागरिकले सार्वजनिक निकायमा रहेका सम्बन्धित विषयका सूचना पाउनुपर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारीसमक्ष निवेदन दिनुपर्छ । निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनु पर्छ। तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारणसहितको जानकारी तुरुन्त निवेदकलाई गराउनु पर्छ।

कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग भएको अवस्थामा त्यस्तो सूचना माग गरेको चौबीस घण्टाभित्र सूचना अधिकारीले निवेदकलाई उपलब्ध गराउनु पर्छ । सूचना अधिकारीले निवेदकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरूपमा नै उपलब्ध गराउनु पर्छ । निवेदकले माग गरेको स्वरूपमा सूचना उपलब्ध गराउँदा सूचनाको स्रोत बिग्रने, भत्कने वा नष्ट हुने सम्भावना भएमा सूचना अधिकारीले सोको कारण खोली उपयुक्त स्वरूपमा निवेदकलाई सूचना उपलब्ध गराउन सक्छ। कुनै व्यक्तिले कुनै लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकन गर्नका लागि निवेदन दिएको भए सूचना अधिकारीले निवेदकलाई त्यस्तो लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकनका निम्ति मुनासिब समय उपलब्ध गराउनु पर्छ। सूचना पाउन दिइएको निवेदन जाँचबुझ गर्दा निवेदकले माग गरेको सूचना आफ्नो निकायसँग सम्बन्धित नदेखिएमा सूचना अधिकारीले सो कुराको जानकारी तुरुन्त निवेदकलाई दिनुपर्छ।

नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने विषय, अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने विषय, आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने विषय, विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने विषय तथा व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने विषयमा सार्वजनिक निकायले सूचना दिन मिल्दैन। सार्वजनिक निकायको अभिलेखमा ऐनबमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना भए सूचना अधिकारीले प्रवाह गर्न मिल्ने सूचना छुट्याएर निवेदकलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ।

**कानुनी उपचार**

सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिक

रूपमा सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक रूपमा सूचना पाएको मितिले सात दिनभित्र निकाय प्रमुखसमक्ष उजुरी दिन सक्ने कानुनी व्यवस्था छ । त्यसरी सूचना नदिएको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भएबमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिने र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनुपर्ने हुन्छ। जाँचबुझ गर्दा सूचना अधिकारीले जानी जानी वा बदनियतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानुन बमोजिम विभागीय कारबाही गर्न सक्ने र सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी सोको कारणसहितको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

प्रमुखले गरेको निर्णय चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैँतीस दिनभित्र राष्ट्रिय सूचना आयोगसमक्ष पुनरावेदन दिन सक्ने व्यवस्था छ। पुनरावेदनको कारबाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफूसमक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्छ । पुनरावेदनको कारबाही र किनारा गर्दा आयोगले पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई बिनाशुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित प्रमुखको नाममा आदेश गर्न, पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्न र आयोगले पुनरावेदन परेको साठी दिनभित्र सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारबाही गरी अन्तिम निर्णय गर्नुपर्नेछ ।

सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिव कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्ता प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले समयमा दिनुपर्ने सूचना बिनाकारण समयमा उपलब्ध नगराई ढिलाइ गरेमा जति दिन ढिलाइ गरेको हो प्रतिदिन दुई सय रुपैयाँको दरले निजलाई जरिवाना हुनेछ। आयोगबाट विभागीय कारबाहीको लागि लेखी आएमा सार्वजनिक निकायले तीन महिनाभित्र त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई विभागीय कारबाही गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ। कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनका निम्ति प्राप्त गरेको हो सोही प्रयोजनका

लागि प्रयोग नगरी दुरुपयोग गरेको देखिएमा आयोगले सूचनाको दुरुपयोगको गाम्भीरता हेरी त्यस्तो व्यक्तिलाई पाँच हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । आयोगले यस ऐनबमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई आयोगले दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । तर प्रमुख वा सूचना अधिकारीले सूचना प्रवाह गर्ने सम्बन्धमा असल नियतले गरेको काम कारबाहीको सम्बन्धमा निजउपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै सजाय गर्न पाइँदैन ।

सार्वजनिक निकायमा रहेको कुनै विषयको सूचना गलत छ भन्ने कुरा कुनै व्यक्तिलाई लागेमा त्यस्तो व्यक्तिले सो सूचना सच्याउनका लागि आवश्यक प्रमाणसहित सम्बन्धित प्रमुखसमक्ष निवेदन दिन सक्ने र निकाय प्रमुखले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सूचना गलत भएको देखिएमा निवेदन परेको सात दिनभित्र त्यस्तो सूचना सच्याई सोको जानकारी निवेदकलाई दिनुपर्छ । सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेका कारणले कुनै व्यक्तिलाई हानिनोक्सानी पर्न गएमा त्यस्तो व्यक्तिले सूचना नपाएको, आंशिक रूपमा वा गलत सूचना पाएको वा सूचना नष्ट गरेको मितिले तीन महिनाभित्र आयोगसमक्ष क्षतिपूर्तिको लागि निवेदन दिन सक्छ । प्राप्त निवेदन जाँचबुझ गर्दा मनासिब देखिएमा आयोगले निवेदकलाई पर्न गएको वास्तविक हानिनोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्छ । राष्ट्रिय सूचना आयोगले गरेको त्यस्तो निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैँतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्छ ।

**बाधा/व्यवधान**

सार्वजनिक निकायमा सूचना माग गर्ने सन्दर्भमा प्रेस काउन्सिल नेपाल, सूचना तथा प्रसारण विभाग, जिल्ला प्रशासन कार्यालय लगयातका नियमनकारी निकायबाट वैधानिकता नपाएका आमसञ्चारमाध्यमहरूले कानुन र आचारसंहिता पालना नगर्दा बाधा व्यवधानहरू देखा पर्ने गरेको समेत देखिएको छ । खासगरी अनलाइन पत्रिका र युटुब च्यानलका नाममा सूचना माग गर्ने र आधिकारिकता खोज्दा उल्टै तथ्य/तथ्याङ्क एवम् जानकारी बङ्ग्याई प्रकाशन प्रसारण गर्ने कार्यले विकृतिसमेत मौलाएको छ । सार्वजनिक निकायबाट लिनुदिनु पर्ने सूचना आमसञ्चारकर्मी तथा सञ्चारमाध्यमका लागि मात्रै हो भन्ने सङ्कुचित धारणा आमजनमानसले बनाएका छन् । सूचना लिनेदिने कार्य जोसुकै नेपाली नागरिक वा सरोकारवाला व्यक्ति र निकायले गर्न सक्छन् । जबरजस्ती रूपमा व्यक्तिगत स्वार्थ तथा अन्य कुनै पक्षीय स्वार्थमा पनि प्रयोग भएर सार्वजनिक निकाय तथा पदाधिकारीलाई दुःख दिएका गुनासा पनि यदाकदा आउने गरेका छन् । यस्तो अवस्थामा आमसञ्चारका वैधानिकतामा चेक जाँच गरी आवश्यक कारबाही गर्नुपरे पनि पछि हट्न हुँदैन । यसले प्रभावकारी

रूपमा सूचनालाई सहजरूपमा पुऱ्याउन राज्यले गरेको प्रयास सफल हुने देखिन्छ । सूचना अधिकारीको व्यवस्था, नागरिक बडापत्र र गुनासो अर्थात् उजुरी पेटिकाको व्यवस्था आमनागरिकको पहुँचमा नहुँदा सही रूपमा कार्यान्वयन हुन सम्भव हुँदैन । सार्वजनिक निकायले सर्वसाधारणसमक्ष प्रवाह गर्नुपर्ने सेवाको सम्बन्धमा र अन्य सेवाग्राहीले सूचमा माग गरेको अवस्थामा सजिलो रूपमा सूचना प्राप्त गर्न नसक्ने वा सूचना दिन नसक्ने अवस्था देखिएको छ । सूचना प्रवाह गर्ने प्रयोजनका लागि प्रमुखले आफ्नो कार्यालयमा रहेको सूचना नियमित रूपमा सूचना अधिकारीलाई उपलब्ध गराउनु पर्ने र सार्वजनिक निकायले सूचना प्रवाह गर्ने प्रयोजनका निम्ति आवश्यकतानुसार सूचना शाखाको व्यवस्था गर्न सक्ने व्यवस्था गरिएको छ । तर धेरैजसो सरकारी कार्यालयमा सूचना अधिकारी आफै पनि आफ्नै कार्यालयका सूचना/जानकारी प्राप्त गर्नबाट वञ्चित हुनुपरेको र सूचना दिने कामबाट पनि पन्छिने प्रयास गरेको गुनासोले गर्दा कतिपय सार्वजनिक निकायमा सूचना अधिकारीहरू नाममात्रका सूचना अधिकारी पनि भन्ने गरिएको पाइन्छ । प्रभावकारी सूचना आदानप्रदान गर्न र सार्वजनिक निकायमा सूचना प्रवाहका कार्यलाई पारदर्शी, जवाफदेही, उत्तरदायी, जनमुखी बनाउन सकियो भने सुशासनका सूचकलाई ठड्याइराख्ने कार्यमा महत्वपूर्ण खम्बा बन्न सक्छ ।

**निष्कर्ष**

संविधानसभाबाट नेपालको संविधान, २०७२ जारी भएपछि नेपाल सङ्घीय शासन प्रणालीमा अभ्यस्त भइरहेको छ । दोस्रो जनआन्दोलन २०६२।६३ पछि पनि नयाँ संविधान जारी नभएसम्म नेपाल एकात्मक शासन प्रणालीकै संरचनामा रहेको थियो । सो समयमा राष्ट्रिय सूचना आयोगको स्थापना भएको र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा पनि पुरानै सङ्गठनात्मक संरचना रहेको छ । मुलुकमा तीन तहको सरकार रहेको अवस्थामा प्रदेश संरचनाबाट संघ र स्थानीय तहमा पुलको काम गर्ने हुनाले राष्ट्रिय सूचना आयोगको सङ्गठन पहिलो चरणमा कम्तिमा पनि प्रदेश तहमा विस्तार गर्नुपर्ने देखिन्छ । देशभर संघ, प्रदेश र स्थानीय गरी ७६१ सरकार रहेको र ती सरकारअन्तर्गत दशौं हजार सार्वजनिक निकाय रहेको अवस्थामा सूचना प्रवाह सही रूपमा गर्नुपर्ने दायित्वबाट जिम्मेवार पदाधिकारीहरू आफ्नो कर्तव्यबाट पन्छिन मिल्दैन । प्रत्येक कार्यालयमा वरिष्ठ कर्मचारीलाई सूचना अधिकारीको रूपमा कार्यालय प्रमुखबाट तोक्नुपर्ने विषय जति प्रभावकारी रूपमा हुनुपर्ने हो, त्यो देखिएको छैन । सूचना अधिकारी पदको सिर्जना गरेर अलग्गै रूपमा व्यवस्था गर्न सकेको खण्डमा सूचनाको हकसम्बन्धी ऐन तथा नियमावली, संविधान र अन्य कानुनको प्रयोग र पालनामा सुधार आउने कुरामा थप आशावादी हुन सकिन्छ ।

-o-

# सूचनाको हक : नीतिगत व्यवस्था र व्यावहारिक अभ्यास



◆ कमल सुवेदी

## विषय प्रवेश

नेपालको संविधानले सूचनाको हकलाई मौलिक अधिकारको रूपमा स्थान दिएको छ । नेपालमा सूचनाको पहुँच, प्राप्ति र प्रकाशनका लागि नागरिकलाई अधिकार प्रदान गरेको छ। सूचना प्रविधिको विकासले नेपालमा सूचनाको पहुँच र अधिकारको सम्भावना बढाएको छ । विभिन्न क्षेत्रमा सूचनाको पहुँच र अधिकारका खातिर नीतिहरूको विकास र कार्यान्वयनमा भने चुनौती छ। राज्यका काम कारबाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँच सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण गर्न सूचनाको हक सम्बन्धी ऐन, २०६४ जारी गरिएको छ ।

'सूचनाको हक' भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार हो। सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकार आम नागरिकलाई छ।

## सूचनाको हकको अभ्यास

सूचनाको हकले नागरिकको जीवनमा महत्वपूर्ण भूमिका खेल्छ। यसले नागरिकहरूलाई आफ्ना अधिकार र जिम्मेवारी प्रदान गर्दछ । नेपालमा संविधानमै सूचनाको पहुँच र अधिकारको व्यवस्था छ। केही क्षेत्रमा सूचनाको पहुँच र अधिकारमा कमी र बाधा छन्। जसले गर्दा नागरिकहरूले आफ्ना अधिकार खोज्न सकिरहेका छैनन् ।

सूचनाको पहुँच र अधिकारमा नियमितता, नीतिहरूको कार्यान्वयन र व्यावहारिक

अभ्यासको सम्बन्धमा विभिन्न जिज्ञासा रहेको छ । नेपालमा नयाँ सूचना प्रविधिको विकासले सूचनाको पहुँच र अधिकारमा विस्तारै सुधार गरेको छ ।

नेपालमा सामाजिक विभाजनले सूचनाको पहुँचमा बाधा प्रदान गर्दछ । विभिन्न जात, लिङ्ग र जिम्मेवारीका आधारमा कुनै-कुनै वर्गलाई सूचनाको पहुँच र अधिकारमा कमी हुने देखिन्छ । यसले सामाजिक न्याय र समानताको सवालमा बाधा पार्दछ । सूचनाको पहुँचमा निश्पक्षता र विश्वसनीयता प्रवाह गर्न चुनौती छ ।

## सूचनाको पहुँच र अधिकारका समस्या

नेपालमा सूचनाको पहुँच र अधिकारमा केही समस्या छन् । प्रथमतः राज्यको अभियानले सूचनाको पहुँचका लागि निर्धारित गरिएको सीमा र कानुनको अपर्याप्त छ । धेरै पटक सरकारी तथा गैरसरकारी संगठनहरूले सूचनाको पहुँच र अधिकारलाई संरक्षणको विषयमा कडाइ गर्छन् । दोस्रो, देशभरी अनैतिकता र असमानताको परिणामका कारण केही क्षेत्रमा सूचनाको पहुँच र अधिकारको विशेष चुनौती रहेको छ । तेस्रो, सूचनाको पहुँच र अधिकारमा कमीका कारण महिलाहरू र सामाजिक श्रेणीहरूले पनि खास चुनौती अनुभव गर्छन् । यसले नेपालमा सूचनाको पहुँच र अधिकारमा समानता र सामाजिक न्यायको चरम अभाव बढाएको छ ।

सूचनाको पहुँच र अधिकारको महत्वलाई पहिलो स्थानमा राख्न विशेष पहल जरुरी छ । सूचनाको पहुँच र अधिकारको संरक्षण र संरचना तथा विकासमा नीतिहरूको सकारात्मक सोच राख्ने पार्टीहरूले समर्थन गर्नुपर्छ । साथै, समुदायमा सूचनाको पहुँच र अधिकारको जानकारी तथा शिक्षण गराउन जनअभियान र सचेतना अभियान सञ्चालन गरिनुपर्छ । समुदायमा सूचनाको पहुँच र अधिकारका लागि समुदाय संगठनहरूको सकारात्मक भूमिका महत्वपूर्ण छ ।

## सूचनाको पहुँच र अधिकारका लागि सुधारका उपाय

नेपालमा सूचनाको पहुँच र अधिकारका लागि केही उपायहरू समुदाय, सरकार र अन्तर्राष्ट्रिय समुदायको सहयोग र सक्रियतामा आधारित छन् । पहिलो, सरकारले सूचनाको पहुँच र अधिकारका लागि नियमन, नीति तथा कानुनमा सुधार गर्नुपर्छ । सूचनाको पहुँच र अधिकारको संरक्षण र संरचनामा नागरिकहरूको भूमिका महत्वपूर्ण छ । दोस्रो, सामुदायिक संघ, संस्था, नागरिक समूह र अन्य संगठनहरूले सूचनाको पहुँच र अधिकारका लागि आवाज बढाउनुपर्छ । यसले सूचनाको पहुँच र अधिकारमा समानता र समृद्धिलाई बढाउन सहयोग गर्छ । तेस्रो, अन्तर्राष्ट्रिय संगठनहरू, गैरसरकारी

संगठनहरू र विभिन्न दातृ संस्थाहरूले सूचनाको पहुँच र अधिकारका लागि सहयोग गर्नुपर्छ । यसले समुदायमा सूचनाको पहुँच र अधिकारको संरक्षण र संरचनामा सुधार गर्छ ।

नेपालमा सरकारी संस्था र गैरसरकारी संस्थाहरूमा सूचनाको पहुँच संविधान र ऐनबाट सुनिश्चित गरिएको छ । कार्यान्वयनको पक्षमा भने अझै केही चुनौती छन् । प्राथमिकतामा सरकारी संस्थाहरूले सूचना प्रदान गर्ने प्रक्रिया सरल, प्रभावी र समय सापेक्षी अवस्थामा छैन । यसले नागरिकलाई सूचना प्राप्ति गर्न निकै संघर्ष गर्नुपरेको छ । यसको सुधारका लागि सरकारी संस्थाहरूले प्रयोगशीलता, सहजता, र पारदर्शिता प्रदान गर्नुपर्छ ।

## पारदर्शिता र निश्पक्षता

सूचनाको हक सम्बन्धी कानुनको कार्यान्वयनमा पारदर्शिता र निश्पक्षता पनि महत्वपूर्ण छ । नेपालमा केही संस्थाहरूले संवैधानिक र कानुनी व्यवस्थाहरू नजरअन्दाज गरी नागरिकलाई सूचना दिन आलटाल गरेको पनि देखिन्छ । यसको परिणामस्वरूप सूचनाको प्राप्ति प्रक्रियामा अवैधता र विवाद सतहमा आउने गरेका छन् । लोकतान्त्रिक व्यवस्थामा सार्वजनिक संस्थाहरूले पारदर्शिता र निश्पक्षतामा ध्यान दिनुपर्छ र कानुन कार्यान्वयनमा कुनै कसर बाँकी राख्नु हुँदैन ।

## सक्रिय नागरिक सहभागिता

नेपालमा सूचनाको हकको कार्यान्वयनमा सक्रिय नागरिक सहभागिता पनि आवश्यक छ ।  नागरिकहरूले आफ्नो सूचनाको पहुँचमाथिको अधिकार प्राप्त गरेका छन् तर उनीहरूको सकारात्मक योगदान पनि आवश्यक छ । नागरिकमा सूचना प्राप्ति प्रक्रिया, सूचना प्रयोग र सूचनाको उपयोगको विषयमा जागरुकता हुनुपर्छ । यसले सरकारलाई सूचनाको पहुँच र निश्पक्षता ल्याउन सहयोग गर्छ । यसले सूचना प्राप्ति प्रक्रियाहरू सहज, व्यवस्थित, र पारदर्शी छन् भन्ने सुनिश्चित गर्छ ।

नेपालमा सूचनाको हकको सम्बन्धमा कानुनी आधार छ तर कार्यान्वयनमा चुनौती छन् । पारदर्शिता, निश्पक्षता, गुणस्तर र सक्रिय नागरिक सहभागितामा लगानी गर्न सरकार सञ्चालनमा नयाँ आयाम जोडनुपर्ने छ । सरकारले निजी संस्थाहरूसँग सहकार्य गर्न, प्राप्त सूचनाको उपयोगको विषयमा जागरुकता गराउन र नागरिकलाई सूचनाको पहुँच गर्ने प्रक्रिया सुधार्न आवश्यक छ । यसको फलस्वरूप, सूचनाको हक प्राप्त गर्ने नागरिकहरूको संख्या बढ्नेछ र देशमा पारदर्शिता, निश्पक्षता र गुणस्तरमा सुधार

हुनेछ ।

सूचनाको पहुँच र अधिकार नेपालमा आर्थिक, सामाजिक र राजनीतिक विकासमा महत्वपूर्ण छन् । सूचनाको पहुँच र अधिकारको संरक्षण र संरचनामा सुधार गर्नुपर्छ । सूचनाको पहुँच र अधिकारका लागि समुदाय, सरकार र अन्तर्राष्ट्रिय समुदायको सक्रियतामा आधारित नीतिहरू र कार्यक्रम तय गरिनु पर्छ । यसले सूचनाको पहुँच र अधिकारमा समानता, न्याय, र विकासमा महत्वपूर्ण भूमिका खेल्छ ।

सूचनाको हक, नीतिगत व्यवस्था र व्यावहारिक अभ्यास नेपाल जस्तो विकासशील मुलुकमा निकै आवश्यक छ । सूचनाको पहुँच र अधिकारको विषयमा सही नीतिगत व्यवस्था र व्यावहारिक अभ्यास गरिनु पर्छ । यसले सामाजिक समानता, न्याय र विकासमा महत्वपूर्ण भूमिका खेल्छ ।

नेपालभन्दा बाहिर विश्वमा सूचना प्राप्ति प्रक्रियामा अनेकौँ उत्कृष्ट अभ्यास छन् । यी अभ्यासले सूचना प्राप्ति गर्ने नागरिकहरूको अधिकतम स्वतन्त्रता, पारदर्शिता, निश्पक्षता र उच्च गुणस्तरीय सेवा प्रदान गर्न सहयोग गरेका छन् । यसैले समाज र शासनले सहज र व्यवस्थित बनाउन सहयोग गर्छ । विश्वका केही देशमा भएका अभ्यासलाई यहाँ संक्षेपमा उल्लेख गरिएको छ ।

### अष्ट्रेलिया

अष्ट्रेलिया सरकारले शुरु गरेको "Right to Know" प्रक्रिया अभियानको रूपमा लागू गरेको छ । यो प्रक्रिया विभिन्न सरकारी संस्थाहरूमा सूचना प्रदान गर्ने प्रक्रिया र नीतिहरूसँग सम्बन्धित छ ।

### भारत

भारतमा राष्ट्रिय सूचना आयोग (National Information Commission) गठन गरिएको छ । यसले सरकारी संस्थाहरूले सूचना प्रदान गर्नुपर्ने अधिकार र दायित्वलाई सुनिश्चित गर्छ ।

### युरोपेली युनियन

युरोपेली युनियनमा "Transparency Directive" नामक नीति लागू गरिएको छ जसले सार्वजनिक सेवाप्रदायक संस्थाहरूलाई पारदर्शिता, निश्पक्षता र सूचना प्रदान गर्ने प्रक्रिया पालना गर्न बाध्य गरेको छ ।

## न्यूजील्यान्ड

न्यूजील्यान्डमा "Open Government Partnership" नामक योजना लागू गरिएको छ जसले सरकारले सूचना प्रदान गर्नुपर्ने प्रक्रियामा पारदर्शिता, निश्पक्षता र जवाफदेहितामा सहयोग गरेको छ ।

## अमेरिका

अमेरिकामा "Freedom of Information Act - FOIA" नामक कानुन लागू गरिएको छ । जसमा सरकारले जनतालाई सूचना प्रदान गर्ने प्रक्रियाहरू निश्पक्ष, पारदर्शी र जवाफदेहिताको बोध गर्छ ।  साथै नागरिकलाई सहज सूचना प्राप्तिमा सहजीकरण पनि गर्छ ।

यसैगरी विभिन्न देशहरूले सूचना प्राप्ति प्रक्रियामा पारदर्शिता, निश्पक्षता र गुणस्तरको विशेष महत्व दिएका छन् । यी अभ्यासहरूको अनुसरण गरी नेपालमा पनि सूचना प्राप्ति प्रक्रियामा परिमार्जन गर्न सकिनेछ । जसले गर्दा सरकारी संस्थाहरूले नागरिकलाई पारदर्शिता, निश्पक्षता र सूचना प्रदान गर्ने प्रक्रियामा सुधार आउनेछ ।

## नेपालमा सूचनाको हक सम्बन्धी कानुन र कार्यान्वयनको अवस्था

नेपालको संविधानले प्रत्येक नागरिकलाई सूचनाको पहुँच गर्ने अधिकार प्रदान गरेको छ । त्यसैले संविधानअनुसार कुनै पनि नागरिकले सरकारी वा गैरसरकारी संस्थामा सूचना प्राप्त गर्ने अधिकार प्राप्त गर्न सक्छन् । यसैगरी संविधानले सरकारलाई सूचना प्रदान गर्न, सूचनाको उपयोग गर्न र जनतालाई सूचना प्राप्त गर्न अधिकार प्रदान गरेको छ । यसैले नेपालमा नागरिकहरूका लागि सूचनाको हक सुरक्षित छ भन्ने अनुभूति दिन्छ ।

सरकारी संस्थाहरूले सूचना प्रदान गर्ने प्रक्रिया सरल, प्रभावी र समयबारे अपेक्षित अवस्थामा छैनन् । सूचनाको प्राप्ति प्रक्रियाहरूमा अवैधता, विवाद र अनावश्यक भनसुन गरिने भएका छन् । यसलाई नियन्त्रण गर्न संस्थाहरूले पारदर्शिता र निश्पक्षतामा ध्यान दिनुपर्छ र कानुन कार्यान्वयनमा कठोर हुनुपर्छ ।

कानुनको कार्यान्वयनमा पारदर्शिता र निश्पक्षता पनि महत्वपूर्ण छ । नेपालमा केही संस्थाहरूले प्रयोग गर्ने संवैधानिक र कानुनी व्यवस्थाहरूको कार्यान्वयनमा कमजोरी गर्ने गरेको पाइन्छ । नेपालमा सूचनाको हकको कार्यान्वयनमा सक्रिय नागरिक सहभागिताको

निकै महत्व छ । नागरिकहरूले आफ्नो सूचनाको पहुँचको अधिकार प्राप्त गरेका छन् । यद्यपि उनीहरूको सकारात्मक योगदान पनि आवश्यक छ । नागरिकहरूलाई स्वयम् सूचनाको प्राप्ति प्रक्रिया, सूचना प्रयोग र सूचनाको उपयोगको विषयमा जागरुक गराउनुपर्छ । यसले सरकारले सूचनाको पहुँच र निश्पक्षता ल्याउन सहयोग गर्नुपर्छ । यसका लागि सूचना प्राप्ति प्रक्रियाहरू सहज, व्यवस्थित र पारदर्शी हुन जरुरी छ ।

नेपालमा सूचनाको हकको सम्बन्धमा कानुनी आधार छ तर कार्यान्वयनमा अझै चुनौती छन् । पारदर्शिता, निश्पक्षता, गुणस्तर र सक्रिय नागरिक सहभागितामा लगानी गर्न सरकारले नयाँ रणनीति अवलम्बन गर्नुपर्छ । सरकारले निजी संस्थाहरूसँग सहकार्य गर्न, प्राप्त सूचनाको उपयोगको विषयमा जागरुक बनाउन र नागरिकहरूलाई सूचनाको पहुँचको प्रक्रिया सुधार्न आवश्यक छ । यसको फलस्वरूप सूचनाको हक प्राप्त गर्ने नागरिकको संख्या बढ्नेछ र देशमा पारदर्शिता, निश्पक्षता र गुणस्तरमा सुधार हुनेछ ।

–o–

# सूचनाको हकको प्रयोगमा सूचना आयोगको भूमिका



◆ कमला ओली*

## विषय प्रवेश

संसारभरिमै लोकतान्त्रिक प्रणालीको आधारस्तम्भका रूपमा उत्तरदायी, पारदर्शी, जवाफदेही र वाक् स्वतन्त्रतालाई स्वीकार गरिएको छ । लोकतन्त्रको सूचकको रूपमा सूचनाको हकलाई लिइन्छ । वर्तमान विश्व परिवेशमा एक्काइसौं शताब्दीलाई सूचना प्रविधिको युग मानिन्छ । यस युगमा जनताले राज्यका हरेक सूचना थाहा नपाई अर्थात् सूचना प्रवाहबेगर राज्य सञ्चालन हुन्छ भने त्यो राज्यमा सरकारले विकासको कल्पना पनि नगरे हुन्छ। लोकतन्त्रमा सार्वभौमसत्ता जनतामा निहित हुने मान्यता राखिन्छ। हामी पनि लोकतन्त्रको अभ्यासमा छौँ । लोकतन्त्रको मेरुदण्डको रूपमा मानिने सूचनाको हकको प्रयोगका क्रममा छौं। सूचनाको हकको प्रयोग र कार्यान्वयन सही ढङ्गले भयो भने वास्तवमा राज्यमा सुशासन कायम हुने विषय असम्भव रहँदैन ।

देशमा प्रजातन्त्र प्राप्तिपछि सञ्चारमाध्यमको विकास सँगसँगै नागरिकले पनि प्रजातन्त्रको मूल्य-मान्यता बुझ्न थालेका थिए । प्रजातन्त्रपछि स्थानीय स्वायत्त शासन ऐन २०५५ जारी गरी स्थानीय निकायमा विकेन्द्रीकरणको अवधारणा लागू गरेपछि सूचनाको युगमा नेपाललाई अगाडि बढ्न मद्दत गऱ्यो । जनताले राज्यको जनताप्रतिको दायित्व र कर्तव्य साथै स्वयम् आफ्नो कर्तव्य पनि बुझ्न शुरुवात भयो। आफूले चुनेर पठाएका जनप्रतिनिधिले राज्यमा के-के माग्दै छन् ? राज्यशक्तिको सदुपयोग गरेका छन् या दुरुपयोग त्यो छुट्याउन थालेपछि सरकार जनताप्रति उत्तरदायी, पारदर्शी र जवाफदेही रहे-नरहेको मापन सूचनाको सम्प्रेषणबाट हुने भन्नेमा विश्वस्त हुँदै गए। साथै, सरकारलाई खबरदारी गर्न थाले। यसैको परिणामस्वरूप नेपालको संविधानमा जनताको सार्वभौम अधिकारलाई आत्मसात गरियो । २०७३ को संविधानको धारा २७ मा सूचनाको हकको व्यवस्था गरेपछि जब २०६४ मा सूचनाको हकको ऐन बन्यो र २०६५ साल वैशाख २२ गते आयोगको स्थापना भएपछि मात्र विधिवत् रूपमा सूचनाको कार्यान्वयनको शुरुवात भएको हो। यसरी सूचना माग्ने र सूचना प्रवाह गर्ने सार्वजनिक निकायको बीचमा पुलको काम सूचना आयोगले विगत १६ वर्षबाट गरिरहेको छ। अहिले सूचनाको हकको महत्व नागरिकले बुझ्न र प्रयोग गर्न थालेका छन्।

---

* *सूचना आयुक्त, राष्ट्रिय सूचना आयोग*

## सूचनाको हकप्रतिको उदासीनता

सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३ को उपदफा ३ मा राज्यले प्रवाह गर्न नमिल्ने सूचनाका बारेमा गरेको व्यवस्थाभन्दा अरू सूचना सार्वजनिक निकायले प्रवाह गर्नु भनी प्रष्ट भनेको छ । आयोग नियमनकारी निकायको रूपमा रहेको भए पनि शुरुबाटै सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने कार्यमा जुटिरहेको छ । यसै सन्दर्भमा आयोगले नागरिकसँग साक्षात्कार भई सूचनाको हकको विषयको गम्भीरता साथै महत्व र उपयोगको तरिकाको बारेमा प्रष्ट पार्ने काम गर्छ । लोकतन्त्रमा सूचनाको हकको महत्व, सूचनाको हकको अभ्यासबिना न जनता सुसूचित हुन्छन् न त राज्यमा विकास हुन्छ । अमनचयन हुन्छ भन्ने विषय धेरैलाई थाहा नभएको देखिन्छ । संविधानले सार्वजनिक निकायमा रहेका सूचनामा जनताको पहुँच पुग्नुपर्ने कुराको प्रत्याभूति गरेको छ तर धेरै जनताले यो विषयमा चासो नराख्ने गरेको साथै अनभिज्ञ रहेको पाइन्छ । सूचनाको हकको प्रयोग नगर्ने कारणले गर्दा सूचना माग्ने र पाउने जुन राज्यको उद्देश्य छ, त्यो कम भएको पाइएको छ । तसर्थ आयोगको पहलबाट मात्र सूचनाको हकको प्रवर्द्धन हुन सम्भव छैन । सरोकारवाला सबैले आ-आफ्नो ठाउँबाट लाग्नुपर्ने देखिन्छ । आयोग सबै जनताको माझमा पुग्न नसकेपछि सूचनाको हक हाम्रो अधिकार हो, हामीले यसको उपयोग गर्नुपर्छ भन्ने विषयमा सबै लाग्नुपर्छ तर यस विषयमा थाहा पाउने र बुझ्नेकाहरू पनि गम्भीरताप्रति उदासीन रहेको पाइएको छ । जनतासँगको अन्तरक्रिया कार्यक्रममा सूचना माग गर्ने कार्यमा सार्वजनिक निकायले सहयोग नगर्ने, शक्ति र पहुँच छ भने मात्र सूचना प्राप्त हुने नत्र सूचना मागको निवेदन दर्ता गर्न पनि कठिनाइ भएको गुनासो गर्ने गरेको पाइन्छ ।

सूचना मागकर्ताहरूले सूचना प्रवाह गर्ने निकायका कर्मचारीहरू शासकीय चरित्रका हुने भएकाले सूचना सहजै नदिने, सार्वजनिक महत्वको सूचना पाउने जनताको मौलिक हक थाहा पाएर पनि सार्वजनिक निकायका पदाधिकारीमा यस विषयको बोध नरहेकाले सूचना मागकर्ता कठिनाइमा रहेको आरोप लगाउने गरेको पाइन्छ । सूचना माग्ने विषयको कठिनाइलाई आयोगले अन्त्य गर्नका लागि भरमग्दुर प्रयास गरिरहेको छ । आयोगको यो कार्यलाई सरोकारवाला सबैले सहयोग गर्ने अपेक्षा आयोगले लिएको छ । सूचनाको हकको प्रयोग पत्रकारले मात्र गर्ने विषय हो भन्ने बुझाइ सरोकारवाला सबैले अन्त्य गर्न जरुरी छ ।

## सार्वजनिक निकाय र आयोगको सम्बन्ध

२०६५ मा आयोग स्थापना भए सँगसँगै सार्वजनिक निकायलाई साथै सूचना अधिकारीलाई सूचनाको हकको विषयमा सार्वजनिक निकायको दायित्व र सूचना अधिकारीको दायित्वका बारेमा जानकारी गराउन आयोग पुग्ने गरेको छ । यस क्रममा सूचना अधिकारी सार्वजनिक निकायमा अनिवार्य हुनुपर्ने, ऐनले दिनु भनेको सूचना दिने, सरल र सहज वातावरणमा

सूचना दिने, सूचना अद्यावधिक गर्नुपर्ने, सूचना प्रवाह गर्नुपर्ने, सूचनाको संरक्षण गर्ने व्यवस्था, सूचनादाताको संरक्षणको व्यवस्था, सार्वजनिक निकायले गरेका काम कारबाहीलाई प्रत्येक तीन/तीन महिनामा स्वतः प्रकाशन गर्ने विषय दिनुपर्ने, सूचना नदिएपछि आयोगले कारबाही गर्न सक्ने व्यवस्थाका बारेमा अन्तरक्रिया गर्दा सूचना अधिकारीका साथै कार्यालय प्रमुखलाई थाहा भएको पाइन्छ । तर सूचना प्रवाह गर्ने सन्दर्भमा सूचना नदिने, आंशिक सूचना दिने तथा सूचना दिने विषयलाई अत्यन्तै जटिल बनाइदिने प्रवृत्ति देखिएको छ । सार्वजनिक निकायबाट सूचना प्राप्त नभएपछि आयोगसमक्ष पुनरावेदन ल्याइन्छ । त्यसउपर आयोगले सूचना दिनु भन्ने आदेश गर्दा बेवास्ता गर्ने साथै आयोगले सूचना नदिएपछि दफा ३२ बमोजिमको कारबाही गर्छ भन्ने थाहा पाउँदापाउँदै पनि अटेर गर्ने गरेको पाइएको छ ।

सूचना मागकर्ताले जे प्रयोजनका लागि सूचना मागिएको हो, त्यो प्रयोजनमा प्रयोग नगरेर सामाजिक सञ्जालमा प्रयोग गर्ने, सूचनाको दुरुपयोग गर्ने र सार्वजनिक निकायसँग पूर्वाग्रह राखेर सूचना माग्छन् भन्ने सार्वजनिक निकायको आरोप रहेको छ । यस मानेमा सूचनाको हकको प्रयोग सही र सरल ढङ्गबाट प्रवाह गर्ने-गराउने सन्दर्भमा सार्वजनिक निकाय र आयोगको अन्तरसम्बन्ध देखिन्छ ।

## सूचना मागको प्रकृति र अवस्था

सूचनाको हकको ऐनको अधीनमा रहेर कार्यसम्पादन शुरु भएपछि राष्ट्रिय सूचना आयोगमा आएका सूचनाको अवस्था हेर्दा सबैभन्दा बढी स्थानीय तहका पुनरावेदन आएका छन् । दोस्रोमा संघीय कार्यालय र तेस्रोमा प्रदेश कार्यालयअन्तर्गतका पुनरावेदन रहेका छन् । स्थानीय तहबाट आउने पुनरावेदन लगभग सबैजसो बजेटसँग सम्बन्धित छन् । संघ तथा प्रदेशबाट आउने पुनरावेदनको अवस्था क्रमशः बैंक तथा वित्तीय, सूचना तथा सञ्चार, कानुन तथा न्याय प्रशासन, शिक्षा, स्वास्थ्य खेलकूद, संस्थान वा प्राधिकरण, मालपोत, नापी प्रशासन, गैरसरकारी संघसंस्था, खानेपानी, विद्युत, निर्माण तथा यातायात छन् ।

यस आर्थिक वर्षमा सार्वजनिक निकायमा सूचनाको हकको प्रयोग गरी सूचना मागेको अवस्थालाई प्रदेशगत रूपमा हेर्दा मधेश प्रदेशमा अन्य प्रदेशको तुलनामा बढी सङ्ख्यामा सूचना माग भएको अवस्था छ । सूचना पाउन नसकी सबैभन्दा बढी पुनरावेदन गर्ने प्रदेशको रूपमा पनि मधेश प्रदेश रहेको छ भने कम पुनरावेदन परेको प्रदेश कोशी प्रदेश रहेको छ । २०७९।८० मा आयोगसमक्ष परेका १,०६८ पुनरावेदनमा १,०५४ फछर्यौट भएका छन् । सूचना नदिएपछि आएका पुनरावेदनको सङ्ख्या हेर्दा स्थानीय तहका ७७५ सबैभन्दा बढी रहेका छन् । सबैभन्दा कम खानेपानी, विद्युत् तथा निर्माण यातायातको रहेको छ ।

आयोगले स्थापना कालदेखि सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा अत्यन्तै ठूला, साना

महत्वपूर्ण काम गर्दै आइरहेको छ । आयोगको वार्षिक कार्यक्रमअन्तर्गत पर्ने प्रवर्द्धनात्मक कामलाई निरन्तरता दिइएको छ । ३/३ महिनामा स्वतः प्रकाशन साथै प्रचारप्रसारका विभिन्न सामग्री निर्माण कार्य गर्ने गरेको छ। आयोगसमक्ष दर्ता भएका पुनरावेदनलाई ६० दिनभित्र केही अपवादबाहेक फैसला गरिन्छ । विभिन्न सरोकारवाला निकायलाई आदेश गरिएको छ । सार्वजनिक निकायले सूचना नदिएपछि आयोगमा परेकापुनरावेदन सुन्ने सन्दर्भमा पटकपटक आदेश गर्दा पनि अटेर गर्ने ४१ सार्वजनिक निकायलाई आयोगले कारबाही गरेको छ। कारबाहीमा पर्नेमा सूचना अधिकारी र कार्यालय प्रमुखसमेत रहेका छन्। यस आर्थिक वर्षमा ९४ वटा इजलास भएका छन्। इजलासबाट ४ वटा सार्वजनिक निकाय कारबाहीमा परे भने ३५४ वटा पुनरावेदन खारेज गर्नु भन्ने आदेश भए ।

## सार्वजनिक निकायसमक्ष आयोगको अपेक्षा

सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य खुला, पारदर्शी, जवाफदेही र उत्तरदायी सरकार बनाउने हो। ऐनले कानुनद्वारा स्थापित सबै निकाय, सरकारी निकाय, राजनीतिक दल निजी क्षेत्र, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था, बैंक तथा वित्तीय संस्थाहरूमा सूचना अधिकारी अनिवार्य तोकिनुपर्छ भनेको छ। नागरिकले माग गरेको दिन मिल्ने सूचना तत्कालै उपलब्ध गराइदिनु पर्छ । जीउ ज्यानसँग सम्बन्धित सूचना भए २४ घण्टाभित्र उपलब्ध गराइदिनु पर्छ। सूचना मागै नगरे पनि प्रत्येक तीन/तीन महिनामा सार्वजनिक निकायमा भए-गरेका क्रियाकलाप स्वतः प्रकाशन गरिनुपर्छ । सूचना मागकर्तासँग राम्रा व्यवहार गरिदिने, सूचनाको हकसम्बन्धी ऐनमा व्यवस्था भएअनुरूप सूचना अधिकारीबाटै सूचना दिइयोस्, दिन नमिल्ने सूचना छ भने कारणसहित मागकर्तालाई जानकारी गराइदिनुपर्छ।

सार्वजनिक निकायले सूचना प्रवाह गर्ने प्रयोजनका निमित्त सूचना शाखाको राख्न सक्ने कानुनी व्यवस्था पनि छ । प्रत्येक सार्वजनिक निकायमा सूचना अधिकारीको नाम, फोटो, सम्पर्क नम्बरको फ्लेक्स बोर्ड राखिनु पर्छ। सूचना अधिकारीले कानुनले दिन मिल्छ भनेका सूचना मौखिक वा लिखित रूपमा उपलब्ध गराउनु पर्छ । आफूले प्रवाह गरेका सूचनाको मासिक विवरण सूचना आयोगमा पठाउनु पर्छ । कार्यालय प्रमुखको सूचना प्रवाह गर्नुपर्ने विषयमा मुख्य दायित्व भएकाले सूचना अधिकारीलाई सूचनाको जानकारी दिनुपर्छ। साथै कानुनले तोकेको मितिभित्र सूचना दिई सहयोग गरेमा नागरिकले सूचना आयोगसम्म पुनरावेदन ल्याउने झन्झट कम हुने थियो ।

## अन्तत

वास्तवमा सन् १७६६ मा सर्वप्रथम स्वीडेनले सूचनाको हकसम्बन्धी कानुन पारित गरेको पाइन्छ। अमेरिकाले सन् १९६६ मा सूचनाको हकसम्बन्धी कानुन पारित गर्‍यो। स्वीडेनको

तुलनामा हामीले २३५ वर्षपछाडि मात्र सूचनाको हकसम्बन्धी कानुन बनाएका छौं । हामीले १०४ वर्षे राणा शासन र ३० वर्ष पञ्चायती व्यवस्थालाई भोग्यौं । यी शासन कालमा व्यक्तिको वैयक्तिक स्वतन्त्रता, वाक् तथा प्रकाशन स्वतन्त्रता थिएन । चरणबद्ध आन्दोलनको सफलताको फलस्वरूप नेपालको संविधान २०४७ को धारा १६ मा सूचनाको हकसम्बन्धी थोरै व्यवस्था भयो । ०६२।६३ को आन्दोलनपछि बनेको सूचनाको हकको कानुन कार्यान्वयनमा ल्याउन अझै पनि धेरै कठिनाइ भइरहेको छ । आयोग स्थापनाको १६ वर्ष पूरा भइसकेको यसबीचमा सूचनाको हकलाई जनस्तरसम्म पुऱ्याउन थुप्रै प्रयास भएका छन् । राज्यले यस विषयलाई मुख्य विषय बनाएर लैजान आवश्यक छ । सूचनाको हकको प्रभावकारी कार्यान्वयनको ढिलाइले जुन उद्देश्यले राज्यले कानुन बनायो, त्यो उद्देश्य पूरा हुन धेरै समय लाग्ने देखिन्छ ।

सूचनाको हकको प्रभावकारी प्रचलनका लागि सूचनाको हकका अभियन्ता र पत्रकारहरूले खेलेको भूमिका अतुलनीय छ । त्यसैगरी सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राजनीतिक प्रतिबद्धता अत्यन्तै जरुरी छ । सबै राजनीतिक दलबाट यसको कार्यान्वयनका लागि सकारात्मक सोच बनाउनु पर्ने हुन्छ । त्यस्तै गरेर सूचनाको हक मौलिक हक भएकाले यसको प्रचलनमा राज्यका सबै निकायले इमान्दार प्रयासमा लाग्नुपर्ने हुन्छ । सार्वजनिक निकायले सूचना प्रवाहमा क्रियाशीलता देखाउनुपर्ने अवस्था छ ।

कानुनले २० वर्षसम्मका सूचना अद्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ । यदि समयमै सार्वजनिक निकायले आफ्ना सूचनाको व्यवस्थापन गर्न नसके आगामी दिनमा सूचनाको हकको कानुनको कार्यान्वयनमा कठिनाइ हुने देखिन्छ ।

### निष्कर्ष र सुझाव

संसारका हरेक प्रजातान्त्रिक देशले सूचनाको हकलाई भ्रष्टाचारको अन्त्य गर्न र देशमा सुशासन र अमनचयन कायम गराउने माध्यमको रूपमा प्रयोग गर्छन् । सूचनाको हकसम्बन्धी कानुन ल्याएर राज्यले लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट देशमा विकास, सुशासन, शान्ति र अमनचयन ल्याउने इच्छा पूरा गरेको छ । सूचनाको हकको विषयलाई सम्पूर्ण जनतासमक्ष पुऱ्याएर सचेत नागरिकको रूपमा विकास गर्न सके लोकतान्त्रिक गणतन्त्रात्मक राज्यव्यवस्थामा रहेका नेपालीले नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, पूर्ण प्रेस स्वतन्त्रता, सक्षम न्यायपालिकाको उपयोग गरेर समृद्ध राष्ट्र निर्माणमा सहयोग पुऱ्याउन सक्ने थिए । तसर्थ सम्पूर्ण जनताले सार्वजनिक निकायमा रहे-भएका सूचना मागेर थाहा जानकारी पाई अरूलाई पनि सुसूचित बनाऔं ।

-0-

# सूचनाको हक कार्यान्वयनमा नागरिकको भूमिका



◆ कृष्ण आचार्य

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ मा प्रत्येक नागरिकलाई सार्वजनिक सरोकारको विषयमा सूचना पाउने वा माग्ने हक हुनेछ भनेर उल्लेख गरिएको थियो । त्यसै कुरालाई नेपालको संविधानले पनि अङ्गीकार गरेको छ । नेपालमा सूचनाको हकसम्बन्धी ऐन २०६४ र नियमावली २०६५ लागू भएको करिब १६ वर्ष पूरा भइसकेको छ । यसलाई नेपालको संविधानले पनि अङ्गीकार गरेको अवस्थामा समेत कार्यान्वयनको अवस्था दयनीय छ । सूचनाको हकको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन । केही अगाडि फर्केर हेर्ने हो भने नेपाल अधिराज्यको संविधान, २०४७ ले पनि सूचनाको हक सम्बन्धमा केही व्यवस्था गरेको थियो । यसैगरी उच्चस्तरीय प्रशासन सुधार आयोगले पनि कर्मचारी प्रशासनलाई उत्तरदायी पारदर्शी बनाउन सूचना उपलब्ध गराउन सिफारिस गरेको थियो ।

नेपालको संविधानमा व्यवस्था गरिएको सूचनाको हकलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै पक्षको महत्वपूर्ण भूमिका रहन्छ । सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन २०६४ मा सार्वजनिक सुनुवाइ, नागरिक बडापत्र लगायतको व्यवस्था गरिएको छ । राज्यका कामकारबाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने उद्देश्यले सूचनाको हकको व्यवस्था गरिएको हो । जहाँ सार्वजनिक निकायका कामकारबाही पारदर्शी हुनुपर्छ । नागरिकले हरेक विकास निर्माणका कार्यहरूका सम्बन्धमा जानकारी पाउनुपर्छ ।

सार्वजनिक निकायबाट सम्पादन हुने वा भएका सार्वजनिक महत्वको काम, कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी पाउनु हरेक नागरिको अधिकार हो । प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनेर सूचनाको हकले सम्बोधन गरेको छ ।

तर नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था

वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने, विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने र व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने खालका सूचना भने कारणसहित गोप्य राख्न सकिने सूचनाको हकले सुनिश्चित गरेको छ ।

**नागरिकको भूमिका**

सुशासन कायम गर्न नागरिकले पनि आफ्नो ठाउँबाट सहयोग गर्नुपर्छ । नागरिकको सहभागिताबाट मात्रै सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्न सकिन्छ । जब नागरिक सजग हुन्छन् तब सूचना दिने निकाय पनि चनाखो हुने गर्दछन् । नागरिकले आफ्नो ठाउँका सार्वजनिक निकायबाट सूचना माग्ने बानीको विकास गर्नुपर्छ । जब नागरिकले सूचना माग्ने बानी बसाल्छन् तब सार्वजनिक निकाय पनि जिम्मेवार हुने गर्दछन् ।

सूचनाको हक कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगको भूमिकाले मात्रै पुग्दैन । आयोगको कामलाई नागरिकले पनि सहयोग गर्नुपर्छ । नागरिकस्तरबाट सहयोग भएको खण्डमा मात्रै सूचनाको हक कार्यान्वयन गर्न टेवा पुग्छ ।

सार्वजनिक निकायले प्रत्येक तीन महिनामा सूचना अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने ऐनमा उल्लेख छ । यदि त्यसरी तीन महिनामा सूचना प्रकाशन नभएमा सार्वजनिक निकायलाई घचघच्याउने काम पनि सचेत नागरिकको नै हो ।

सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्नका लागि सूचना अधिकारीको व्यवस्था गर्ने उल्लेख भए पनि कतिपय कार्यालयमा सूचना अधिकारीको जिम्मेवारी नदिएको यदाकदा सुन्ने पनि गरिएको छ । यदि त्यस्तो अवस्था भए राष्ट्रिय सूचना आयोगलगायतका निकायहरूले झकझकाउनु पर्छ । नागरिक समेतले आवाज उठाउनुपर्छ ।

सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिक रूपमा सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक रूपमा सूचना पाएको मितिले सात दिनभित्र कार्यालय प्रमुखसमक्ष उजुरी दिन सकिने छ ।

प्रमुखबाट पनि समाधान नभए त्यसपछि पुनरावेदन गर्न सकिने व्यवस्था रहेको छ । प्रमुखले

गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र राष्ट्रिय सूचना आयोगसमक्ष पुनरावेदन दिन सक्नेछ ।

वास्तवमा सूचना लोकतन्त्रको एक सुन्दर पक्ष हो । लोकतान्त्रिक राज्यले आफ्ना नागरिकको हित संरक्षण गर्ने उद्देश्यले संविधान र कानुनमार्फत विभिन्न अधिकारको व्यवस्था गरेको हुन्छ । यी अधिकारबारे सामान्य जनतालाई जानकारी नहुन सक्छ । यस्तो अवस्थामा सर्वसाधारणले सूचनाको हक प्रयोग गरी आफ्ना हक अधिकारबारे जानकारी प्राप्त गरी उपयोग गर्न सक्ने भएकाले पनि यस अधिकारलाई सर्वश्रेष्ठ अधिकारका रूपमा स्वीकार गरिएको हो ।

जहाँ लोकतन्त्र छ, त्यहाँ स्वतः जनतालाई सूचनाको हक छ भन्ने कुरा पनि स्थापित गरिएको छ । लोकतन्त्रमा जनताले आफ्ना प्रतिनिधिहरू आफै छान्ने विधि हुने हुनाले पनि सूचनाको हकलाई सही ढङ्गबाट प्रयोग गर्नुपर्छ । जसले जनप्रतिनिधिलाई जिम्मेवार र जनतामुखी बनाउँछ ।

चुनिएका प्रतिनिधिले कसरी शासन सञ्चालन गरेका छन्, त्यसबारे जानकारी प्राप्त गर्ने, मूल्याङ्कन गर्ने र मूल्याङ्कनपछि आफूलाई प्राप्त अधिकार प्रयोग गरी शासन प्रणालीलाई जवाफदेही बनाउने अभ्यास पनि हो । शासन प्रणाली पारदर्शी र जवाफदेही भएन वा सुशासन कायम गर्न सकिएन भने वा जनतालाई हरेक विकास निर्माण प्रक्रियामा आफैं सहभागी छु भन्ने महसुस गराउन सकिएन भने लोकतन्त्रलाई जनताले अनुभूत गर्न सक्दैनन् । जनताले अनुभूत नगरेको लोकतन्त्र दिगो हुँदैन ।

अहिले संघीय लोकतान्त्रिक गणतन्त्रमार्फत गाउँगाउँमा सिंहदरबारको अभ्यास भइरहेको छ तर गाउँगाउँमा भ्रष्टाचार मौलाएको गुनासो पनि बढ्न थालेको छ । गाउँमा विकासका क्रममा विभिन्न अनियमितता भएका समाचार आइरहेका हुन्छन् । त्यस्ता भ्रष्टाचारजन्य कार्य रोक्नका लागि नागरिकको खबरदारी आवश्यक छ ।

गाउँठाउँमा हुने गरेका सार्वजनिक निकायका काममा 'किन' (प्रश्न गर्ने- सं.) संस्कृतिको विकास गर्नुपर्छ । मेरो करबाट खर्च भएको बजेट कहाँ खर्च भइरहेको छ ? बजेट सही ठाउँमा खर्च भएको छ कि छैन ? यसको हिसाबकिताब खोज्ने गर्नुपर्छ ।

यतिबेला सञ्चारप्रविधिको विकासले सूचना पाउन धेरै सहजता भइरहेको परिप्रेक्ष्यमा सूचना माग गर्न धेरै मद्दत पुगेको छ । समाज विकासको धमिराजन्य रोग भ्रष्टाचार कम गर्न आफ्नो ठाउँबाट नागरिकले आवाज उठाउनु पर्छ । जब नागरिकस्तरबाट खबरदारीको शुरुवात हुन्छ, भ्रष्टाचार गर्ने तथा गर्न खोज्नेहरू दबावमा पर्छन् । हामीले तिरेको करबाट

भइरहेका विकास निर्माणमा अनियमितता र बदमासी रोक्न हामीले नै हरहिसाब खोज्नु पर्छ । यसरी हेर्दा सूचनाको हकको प्रयोगबाट भ्रष्टाचार रोक्नसमेत महत्वपूर्ण भूमिका पुग्छ ।

तर कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि प्रयोग गर्नुपर्छ । सूचनाको दुरुपयोग गर्नु हुँदैन । सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिब कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले समयमा दिनुपर्ने सूचना बिनाकारण समयमा उपलब्ध नगराई ढिलाइ गरेमा जति दिन ढिलाइ गरेको हो प्रतिदिन दुई सय रुपैयाँको दरले निजलाई जरिवाना हुनेछ । आयोगबाट विभागीय कारबाहीका लागि लेखी आएमा सार्वजनिक निकायले तीन महिनाभित्र त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई विभागीय कारबाही गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ । कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको निमित्त प्राप्त गरेको हो सोही प्रयोजनका लागि प्रयोग नगरी दुरुपयोग गरेको देखिएमा आयोगले सूचनाको दुरुपयोगको गम्भीरता हेरी त्यस्तो व्यक्तिलाई पाँच हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

पहिले-पहिले सूचनाको हकको प्रयोगका लागि निकै सङ्घर्ष गर्नुपरेका घटना आज पनि ताजै छन् । आफ्नै जीवनको अनुभवलाई केलाउने हो भने २०६४ पछि पनि माग गरिएको सूचना प्राप्त गर्नु फलामका चिउरा चपाउनु बराबर हुन्थ्यो । सूचना माग्न जाँदा सूचना दिन मिल्दैन, सूचना किन चाहियो ? जस्ता जवाफ दिएर फर्काउने चलन थियो । एउटा सार्वजनिक निकायमा सूचना माग्न जाँदा त उल्टै धम्कीसमेत आएको थियो । विस्तारै कर्मचारीमा पनि सूचनाको हक नागरिकलाई प्रत्याभूत गर्नुपर्छ भन्ने मानसिकताको विकास हुँदै गएको छ । जसले गर्दा नागरिकलाई सूचना पाउन केही हदसम्म सहज भएको छ ।

राष्ट्रिय सूचना आयोगको पछिल्लो प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९।८० मा १,०६८ पुनरावेदन आयोगमा प्राप्तमध्ये १,०५४ फछ्र्यौट भई ९९.०४ प्रतिशत पुनरावेदनउपर अन्तिम निर्णय गरिएको छ ।

यही अवधिमा सर्वसाधारण नागरिकले सूचना माग गर्दा सूचना उपलब्ध नगराउने ४ वटा

सार्वजनिक निकायका कार्यालय प्रमुखउपर सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम सजाय गर्नुका साथै विभागीय कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको छ । सूचनाको वर्गीकरण सम्बन्धी १, दफा २९ बमोजिमको सूचनादाताको संरक्षणसम्बन्धी दुई र दफा ३१ बमोजिम सूचना दुरुपयोग गरेको भनी परेको उजुरीका सम्बन्धमा ४ वटा आदेश दिएको पनि आयोगले जनाएको छ ।

यसले सुशासन कायम गर्न आयोगले काम गरिरहेको र यसमा नागरिकको खबरदारी पनि आवश्यक देखिन्छ ।

## सार्वजनिक निकाय

नेपालका सार्वजनिक निकायहरू अझै पनि सेवाग्राहीमैत्री हुन सकेका छैनन् । सेवा प्रणाली पुरानै ढङ्गबाट सञ्चालन भइरहेकाले सेवाबाट नागरिक सन्तुष्ट हुन सकिरहेका छैनन् । धेरैजसो सरकारी कार्यालयहरू प्रविधिमैत्री हुन सकिरहेका छैनन् । जसले गर्दा नागरिकलाई सूचना प्रदानमा ढिलासुस्ती हुने गरेको छ । त्यसका लागि सार्वजनिक निकाय प्रविधिमैत्री बन्दै नागरिकलाई सरल र सहज तरिकाबाट सूचना उपलब्ध गराउनुपर्छ । यसैगरी सूचनाको वर्गीकरणमा पनि सार्वजनिक निकायले विशेष ध्यान दिनुपर्छ ।

कानुनले सार्वजनिक निकायलाई विभिन्न जिम्मेवारी तोकेको छ । जसअनुसार प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान गर्नुपर्छ । नागरिकले प्रत्याभूति हुनेगरी सूचना प्रदान गर्नुपर्छ । प्रत्येक सार्वजनिक निकायले ३/३ महिनामा नागरिकको जानकारीका लागि सूचना प्रवाह गर्नुपर्छ । यसलाई स्वतः प्रकाशन पनि भन्ने गरिएको छ । सूचनाको हकसम्बन्धी ऐनअनुसार प्रत्येक सार्वजनिक निकायले नागरिकले माग गरेको सूचना प्रवाह गर्न सूचना अधिकारीको अनिवार्य व्यवस्था गर्नुपर्छ । सूचना अधिकारी कार्यालय प्रमुखपछिको पहिलो वा दोस्रो वरीयताको कर्मचारी हुनुपर्छ । नियमित सार्वजनिक सुनुवाइ, गुनासो सुन्ने अधिकारी लगायतको व्यवस्था गर्नुपर्छ ।

स्थानीय तहका हरेक अङ्ग सूचनामैत्री हुनुपर्छ । किन कि अहिले हरेक नागरिक स्थानीय सरकारसँग कुनै न कुनै हिसाबले जोडिएका हुन्छन् । नागरिकको पहिलो सेवाको विन्दु भनेकै स्थानीय तह हो । स्थानीय तहमा स-साना विकास निर्माणदेखि ठूला आयोजनाहरूमा समेत सूचना अधिकारी तोक्नुपर्ने आजको आवश्यकताको विषय हो ।

संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारले नागरिकको सुसूचित हुन पाउने सूचनाको हकलाई यथोचित रूपमा सम्बोधन गर्नुपर्छ । सूचनाको हक सार्वजनिक निकायका रूपमा, अधिकारकर्मीको रूपमा र सर्वसाधारणको रूपमा प्रयोग गर्न सकिन्छ । भ्रष्टाचारविरुद्ध

लड्न, सामाजिक जवाफदेहिता बढाउन, राज्यबाट प्राप्त हुने सेवासुविधा सहज र समयमा नै प्राप्त गर्न, विकास निर्माणका सुशासन बढाउन, बजेटको अनुगमन गर्न तथा समग्रमा असल शासन बढाउन सूचनाको हक महत्वपूर्ण कडी हो । सूचनाको हकले सबैभन्दा कमजोर, पिछडिएका र उत्पीडित समुदाय र व्यक्तिको अधिकारमा पहुँच बढाउन सहयोग गर्छ ।

सूचनाको हकले कुनै पनि तथ्य र प्रमाण जुटाउन सहयोग पुग्छ । सूचनाको हकलाई खुम्च्याउन र निष्क्रिय पार्न सरकारका तर्फबाट सदैव खतरा हुनसक्छ । तसर्थ सचेततापूर्वक यसको संरक्षणका लागि नागरिक स्तरबाट ध्यान दिनुपर्छ । सूचनाको हकको वकालत गर्नु भनेको आमजनताका सबै अधिकारको पक्षपोषण गर्नु हो । जो जहाँ छौं, त्यहींबाट सूचनाको हक कार्यान्वयनका लागि सहयोग गरौं । राष्ट्रिय सूचना आयोगको एकल प्रयासबाट मात्रै सूचनाको हक स्थापित हुन सक्दैन ।

-o-

# निजी क्षेत्रमा सूचनाको हकको प्रयोग

◆ दीपक थापा

## विषय प्रवेश

सूचनाको हकलाई सर्वप्रथम प्रचलनमा ल्याउने देश स्वीडेन हो । सन् १७६६ डिसेम्बर २ मा स्वीडेनको संसदले फ्रिडम अफ प्रेस एक्ट नामक सूचनाको हकसम्बन्धी ऐन पारित गरेको थियो । स्वीडेनको संसद्मा यो विधेयक पेस गर्ने व्यक्ति थिए एन्ड्रयु सिडनस । उक्त कानुन सार्वजनिक भएसँगै स्वीडेनका त्यस वेलाका जनतालाई राज्यका काम कारबाहीबारे सोध्ने र जानकारी प्राप्त गर्ने अधिकार प्राप्त हुन पुगेको थियो । प्रेसले राज्यका गतिविधिबारे खोजीनीति गर्न पाउने भयो । राज्यका सूचनामा प्रेस र जनताको पहुँचका दृष्टिले विश्वमा यो युगान्तकारी घटना थियो । त्यसअघिसम्म राज्यसञ्चालकलाई जनतामाथि शासन गर्ने अधिकार छ र शासित जनतालाई राज्य र सरकारका गतिविधिबारे कुनै प्रश्न सोध्ने अधिकार छैन भन्ने विश्वव्यापी मान्यता व्याप्त रहेको थियो ।

सूचनाको हक र पारदर्शिता एक-अर्कामा सम्बन्धित विषय हुन् । यी दुई कार्यान्वयनमा पूरक हुन्छन् । सार्वजनिक काम कारबाहीमा सरोकारवालाको सहज पहुँचलाई पारदर्शिता भनिन्छ । सरकार र सरकारी निकायले आफ्नो काम कारबाहीलाई सबैले थाहा पाउने गरी सार्वजनिक गर्ने काम पारदर्शिता हो । पारदर्शिता पनि लोकतन्त्र र मानवअधिकारको आधार हो । सूचनाको हकको कार्यान्वयनले पारदर्शिताको उद्देश्य साकार बनाउँछ । शासनको बागडोर सम्हालेका राजनीतिक नेतृत्व सूचनाको हकप्रति प्रतिबद्ध नदेखिनु र गोप्य संस्कृतिबाट हुर्किएको कर्मचारीतन्त्र असहयोगी बन्नु नै यसको अपेक्षित कार्यान्वयनका चुनौती हुन् (झा, २०७८: पृ १) । नेपालमा पनि कर्मचारी, पदाधिकारी वा अधिकार प्राप्त व्यक्तिले सूचना प्रवाह नगरेमा दुई वर्षसम्म कारावास गर्न सक्ने व्यवस्था गर्नुपर्छ (बास्कोटा, २०८०: पृ १) ।

## सूचनाको हकको अभ्यास

यसपछि सन् १८०० सूचनाको हकका दृष्टिले महत्वपूर्ण वर्ष मानिन्छ । त्यस वर्ष संयुक्त राज्य अमेरिकाको कोर्ट अफ भर्जिनियाले एक रिटमा फैसला गर्दै जान्न पाउने हक सुरक्षित रहेको नजीर कायम गऱ्यो । यद्यपि यति हुँदाहुँदै पनि अमेरिकामा लामो समयसम्म सूचनाको हकसम्बन्धी कानुन आएन । विश्वमा सूचनाको हकसम्बन्धी कानुन आएको करिब दुई शताब्दीपछि मात्र संयुक्त राज्य अमेरिकामा सन् १९६६ मा फ्रिडम अफ प्रेस एक्ट जारी गरियो, जसलाई सन साइन ल भनेर पनि चिनिन्छ । सार्क राष्ट्रतर्फ सर्वप्रथम भारतमा सन् २००२ मा र त्यसपछि पाकिस्तानमा सन् २००५ सालमा सूचनाको हकसम्बन्धी ऐन

बनेका थिए । सूचनाको हक सम्बन्धी कुरालाई मौलिक हकको रूपमा संविधानमा राख्ने नेपाल सार्क क्षेत्रमा पहिलो मुलुक भए पनि ऐन नै निर्माण गरी कार्यान्वयन गर्ने भने तेस्रो मुलुक हो । विश्वमा सन् १९७० को दशकसम्म यो कानुन लागू गर्ने देश स्वीडेनबाहेक अमेरिका र फिनल्यान्ड मात्र रहेकोमा सन् २००० को दशकसम्म आइपुग्दा यो कानुन लागू गर्ने देशको सङ्ख्या ४० पुग्यो । सन् २०१० को दशकमा यो सङ्ख्या ८२ पुग्यो र सन् २०१६ को अन्त्यसम्म आइपुग्दा यो हक लागू गर्ने देशको सङ्ख्या ११४ पुगेको छ । सन् २०२१ सेप्टेम्बरसम्म १२१ देशले सूचनाको हक अधिकारलाई लागू गरेको देखिन्छ (Sharma, 2021: p.1) ।

## अनुबन्ध र घोषणापत्र

अन्तर्राष्ट्रिय अनुबन्धतर्फ चर्चा गर्दा संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९४६ मा प्रस्ताव नं. ५९(१) मार्फत सूचनाको हकलाई मौलिक हकको रूपमा राखिनुपर्छ र यो हकलाई अन्य सबै मौलिक हकको कसीको रूपमा स्थापित गरिनुपर्छ भनी उद्घोष गरेको पाइन्छ । सन् १९४८ मा घोषणा गरिएको मानवअधिकार घोषणापत्रको धारा १९ मा विश्वका आमव्यक्तिलाई सीमाविहीन रूपमा सूचना प्राप्त गर्ने अधिकार हुने कुरा उल्लेख छ ।

बडापत्रमा उल्लेख गरिएको छ, हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुनेछ । यो अधिकारभित्र कुनै अवरोधबिना विचार राख्ने र कुनै सिमानाको पर्वाह नगरी कुनै पनि माध्यमद्वारा सूचना एवम् जानकारी खोज्ने, प्राप्त गर्ने र प्रवाह गर्ने अधिकार समावेश हुन्छ । (एभ्रिवान ह्याज दि राइट टु फ्रिडम अप ओपनियन एण्ड एक्सप्रेसन, दिस राइट इन्क्ल्यूड फ्रिडम टु होल्ड ओपनियन विदाउट इन्टरफ्रेन्स एन्ड टु सिक, रिसिभ एन्ड इम्पार्ट इन्फरमेसन एन्ड आइडियाज थ्रो एनि मिडिया एन्ड रिगार्डलेस अफ फ्रन्टर्स ।)

यस्तै घोषणापत्रको प्रावधानलाई सन् १९६७ को नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा १९ को १ र २ मार्फत थप स्पष्ट गरिएको छ । यी दुवै अन्तर्राष्ट्रिय दस्ताबेजमा नेपालले पक्ष राष्ट्रका रूपमा हस्ताक्षर गरेको छ। सूचनाको हकको प्रत्याभूतिका दृष्टिले यी दुवै अन्तर्राष्ट्रिय दस्तावेज सर्वाधिक महत्वपूर्ण छन् ।

## दायित्वबाट पन्छिन नमिल्ने

सूचनाको हकको मूल्य र मान्यतालाई अनुसरण गर्दै सार्वजनिक संस्थामा रहेका सबै सूचनालाई आमनागरिकले खोजी र माग गर्ने अधिकार प्राप्त गरेका छन् । तर, सूचनाको संवेदनशीलतालाई ध्यान दिएर सार्वजनिक संस्थाले यस्ता सूचना तत्काल उपलब्ध गराउनु अत्यावश्यक ठानेको छैन । तर यसलाई निश्चित अवधिका लागि संरक्षण गरेर राख्न सक्छन् । यसरी संरक्षण गरेर राखिनुपर्ने सूचनाको सम्बन्धमा नेपालको सूचनाको

हकसम्बन्धी ऐनले पनि व्यवस्था गरेको छ। सूचना प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक, सार्वजनिक संस्थाले त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट पन्छिन पाइने छैन (बस्नेत, २०७५: पृ १) । मागकर्ताले सूचना समयमा नपाइने, नदिने, आंशिक सूचना दिने झन्झट र अप्ठ्यारो वातावरण बनाइदिनेदेखि सूचना मागकर्ता र सूचनादाताबीचको सम्बन्ध कार्यालयभित्रदेखि बाहिरसम्म बिग्रने गरेको पनि पाइएको छ (ओली, २०७६: पृ.६) । नागरिकस्तरबाट सार्वजनिक निकायहरूको निगरानी रहने, निर्णय प्रक्रियामा सहभागिता बृद्धि हुने र भ्रष्टाचार हुनबाट रोक्न सकिने मान्यताका साथ नागरिकलाई सूचनाको हक प्रदान गरिएको हुन्छ । त्यसैले नागरिकले सार्वजनिक निकायमा रहेका सूचना माग गर्ने, प्राप्त गर्ने, थाहा पाउने र सुसूचित हुने अधिकारलाई संविधानले मौलिक हकको रूपमा समावेश गरेको छ (त्रिताल, २०७८: पृ.१) ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सार्वजनिक निकायसँग सूचना माग्न सकिने व्यवस्था गरेको छ । साथै ऐनले सूचना माग गरेपछि पाउने ग्यारेण्टीसमेत गरेको छ । सोही ऐनको दफा २ मा सार्वजनिक निकायको परिभाषाभित्र (क) सरकारी निकाय (ख) राजनीतिक दल (ग) गैरसरकारी संस्था (घ) निजी क्षेत्र र (ङ) प्रचलित कानुनबमोजिम स्थापना भएका निकाय समेटिएको पाइन्छ । सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा ३ अनुसार पाँच प्रकारका सूचना तत्काल प्रवाह गरिने छैन । ती सूचनामा नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने, विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने, व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने रहेका छन् ।

### निजी क्षेत्रको दायरा

नेपालमा निजी क्षेत्रले सरकारसँग कुनै पनि खास विषयमा सूचना माग गर्न सक्छ । यसले नेपालको निजी क्षेत्रले सूचनाको महत्वलाई खासै ध्यान दिएको छैन । निजी क्षेत्रले जनताले माग गरेको सूचना नदिने गरी कुनै कानुनी व्यवस्था गरेको छैन । त्यसैले सूचना माग्न अग्रसर हुनु आवश्यक छ । नेपालमा जारी उपभोक्ता संरक्षण ऐन २०५४ अनुसार प्रत्येक नेपाली नागरिकले वस्तु र सेवाको खरीदसम्बन्धमा आवश्यक सबै सूचना माग्न सक्छन् । नागरिकबाट माग भएको सूचना प्रवाह गर्नु औद्योगिक र व्यापारिक प्रतिष्ठानको कर्तव्य हो । मूलतः रकम तिरेर निजी क्षेत्रबाट खरीद गरिने कुनै सेवा वा वस्तुको बारेमा जानकारी प्राप्त गर्ने जनतालाई कानुनले अधिकार प्रदान गरेको छ ।

कानुनद्वारा स्थापित निकायहरूको साथमा सूचना माग गर्न सकिने क्षेत्रहरूमा सरकारी निकाय, राजनैतिक दल, गैरसरकारी संस्था र निजी क्षेत्रबाहेकका निकायहरू समावेश गर्न सकिन्छ । यस अवस्थामा जनताले जुन निकायले सार्वजनिक सेवा, सुविधा, वस्तु उपलब्ध गराउँछ, जसले समाजका लागि काम गर्छ, ती निकायहरूले सार्वजनिक निकायको रूपमा काम गरी जनताले आफ्नो मनमा उठेका प्रश्नहरूको सूचना माग्न सक्नेछन् । राज्यको शक्ति निजी क्षेत्रका संस्थाहरू नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ लगायत पनि हो । निजी क्षेत्रले नेपालमा लगानी गरे ठीक हुन्छ र लगानी गर्नुपर्दछ भनिदिएमात्रै पनि नेपालमा लगानी आउनेछ । अब निजी क्षेत्रले पनि संस्थागत रूपमा खुला हृदयले सूचनाको हक प्रयोग र कार्यान्वयनमा एकजुट हुन आवश्यक छ ।

आधुनिक राज्यप्रणालीमा लागेका व्यक्तिहरूले आफ्नो मालपोत, नागरिकता, राष्ट्रिय परिचयपत्र, यातायातको लाइसेन्स लिने प्रक्रिया, राजस्व प्रणालीको सेवालगायतमा सुधार गरिएको छ । यसबाट सेवाग्राहीहरूलाई राम्रो र सही सूचना प्राप्त हुने गरी राज्यले समर्थन गरेको छ । तर, राज्यले विज्ञापनको खर्चमा मात्रै प्राथमिकता दिएको छ, जुन अहिले चलिरहेको नियममा शङ्का गर्न सकिन्छ । राज्यले सूचना प्रवाहमा समेत अधुरो राखेको देखिन्छ । अहिले कुनै पनि आयोजनामा लगभग १० प्रतिशत रकम विज्ञापनमा खर्च गरिने देखिन्छ । यो राज्य प्रणालीको सबैभन्दा ठूलो कमजोरी हो । राज्यप्रणालीले सूचना प्रवाह नगर्दा सम्भावित लगानीकर्ता अघि बढ्न सक्दैनन् । बजारमा मूल्य घट्दा पनि मूल्य बढी भएको समाचार बाहिरिँदा त्यसले कालाबजारीलाई बढावा दिएको देखिन्छ । १०० रुपैयाँमा कुनै समान बिक्री भएको व्यक्ति समाचार पढ्दै गरेको अवस्थामा अरूले मात्र बढाएर बिक्री गरेको वस्तुको मूल्य १४० रुपैयाँमा बढ्ने अवस्था देखिन्छ । यसकारण, सूचना प्रवाह गर्दा समाजमा कस्तो असर पार्छ भन्ने जानकारी नभएपछि पनि समस्या हुन सक्छ । (बास्कोटा, २०८०: पृ १)

## समस्या र चुनौती

सार्वजनिक संस्थाहरूमा रहेका सबै सूचनालाई आमनागरिकको खोज र मागको अधिकारको साथमा मूल्य र मान्यताको दृष्टिकोणबाट हेरिन्छ । तर, सूचनाको संवेदनशीलतालाई विचार गर्दै, सार्वजनिक संस्थाहरूले तत्काल उपलब्ध गराइन्छ भने पनि यस्ता सूचनाहरूको संरक्षण आवश्यक मानिन्छ । सूचनाको संरक्षणमा नेपालको सूचनाको हकसम्बन्धी ऐनले सूचनालाई संरक्षण गर्न सकिने व्यवस्था गरेको छ । यस्ता सूचनाहरूलाई सूचना हकको सीमा वा अपवाद भनेर बुझिन्छ ।

सार्वभौमिक सुरक्षा, अखण्डता, राष्ट्रिय शान्ति र सुरक्षा, अपराधको अनुसन्धान र अभियोजन, आर्थिक, व्यापारिक, मौद्रिक, बौद्धिक सम्पत्ति र बैंकिङको गोपनीयता, जातिजाति वा

सम्प्रदायबीचको सुसम्बन्ध र व्यक्तिगत गोपनीयता, सम्पत्ति, स्वास्थ्य र सुरक्षामा खतरा गर्ने सूचना राज्यद्वारा बञ्चित गरिनेछ। यसलाई सूचनाको हकको सीमाका रूपमा लिइन्छ। विशेष प्रकारका सूचनाको संरक्षण गरी मुलुक र नागरिकको हित र कल्याण गर्ने राज्यको दायित्व हो । कर्मचारीहरूमा शिक्षा कमी, गोपनीयताको अभाव, राष्ट्रिय शिक्षाको कमी, सूचना माग र सार्वजनिक गर्ने प्रवृत्तिको कमी, सार्वजनिक निकायमा सूचना अद्यावधिक नगरिनु, सूचनाको हकको उल्लङ्घनको विषयमा आमसञ्चारजगत्को भूमिका कमजोर, सूचना हकको अभ्यासमा सार्वजनिक निकायमा सूचना र प्रविधिको प्रयोग कम, सार्वजनिक र गोप्य सूचनाको वर्गीकरणमा समस्या र मुलुकमा अनियमितता र भ्रष्टाचार हाबी हुनु नेपालमा सूचना हकको महत्वको प्रतिफल प्राप्तिमा देखिने समस्या र चुनौती हुन् ।

**विश्लेषण**

सूचनाको वर्गीकरण र सूचनाको हकसम्बन्धी विधिशास्त्रीय मान्यता प्राप्त गर्न सकिएको छैन । सूचना लुकाउने प्रवृत्ति अझै पनि बाँकी छ । लोकतान्त्रिक संस्कार नहुँदा खुला सरकारको अवधारणाले सार्थकता प्राप्त गर्न सकेको छैन। कसैले नमागीकन निर्बाध सूचना प्रकाशित गर्ने शैलीलाई सक्रिय प्रकाशन भनिन्छ भने मागेपछि मात्र सूचना दिने शैलीलाई निष्क्रिय प्रकाशन भनिन्छ । कुनै मुलुकले एउटालाई त कसैले अर्कोलाई विशेष महत्व दिएका छन् । तर अहिलेको युगमा सक्रिय प्रकाशनलाई जोड दिनुपर्ने मान्यता स्थापित छ । सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य साकार बनाउन राज्य संवेदनशील हुनैपर्छ । यसो भएमा नै लोकतन्त्रको सुदृढीकरण र जिम्मेवार राज्यव्यवस्थाको निर्माण हुन्छ। सूचना माग्नु र पाउनु व्यक्तिको हक हो भने सूचनाको व्यवस्थापन गर्दै सो कुराको जानकारी सर्वसाधारणमा प्रवाह गर्नु सार्वजनिक निकायको दायित्व र कर्तव्य हो। त्यसकारण सूचनाको हकसम्बन्धी व्यवस्थालाई पूर्णरूपमा कार्यान्वयन गर्न सके सार्वजनिक निकायको पारदर्शिता र उत्तरदायित्व संस्थागत भएर सुशासन प्रवर्द्धनमा सहयोग पुग्नेछ ।

**निष्कर्ष**

कुनै पनि व्यक्ति वा निकयबाट लिखित रूपमा माग गरिएको सूचना वा जानकारी सार्वजनिक निकायले लिखित रूपमै प्रदान गर्नुपर्छ। सूचना माग्दा कानुनबमोजिम आफूले प्रयोजन खोल्नुपर्छ र परिचय खोल्ने प्रमाण प्रस्तुत गर्नुपर्छ। सूचना माग्न आएको कारणलाई प्रकट गर्नुपर्छ र सूचना लिन बाध्य नहुने प्रस्ताव खुलाइनुपर्छ । यो लिखित निवेदनले सूचना अधिकारीको नाममा तयार गरिन्छ र त्यसलाई दर्ता गरी निस्सा लिनुपर्छ। यसपछि सूचना अधिकारीले १५ दिनभित्र सूचना प्रदान गर्नुपर्ने समय सीमा तोकिएको छ । सो हुन नसकेमा राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सकिने कानुनी व्यवस्था रहेको छ । सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सरकारी तथा गैरसरकारी क्षेत्रले

समन्वयात्मक ढङ्गले कार्य गर्ने, सार्वजनिक प्रशासन तथा व्यवस्थापनका नवीन साधन तथा व्यवस्थापकीय शैली प्रयोग गर्ने, सूचनाको हकको कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने, सम्बद्ध कर्मचारीलाई तालिम, प्रशिक्षण प्रदान गर्ने, नागरिक चेतना वृद्धि गर्न औपचारिक तथा अनौपचारिक नागरिक शिक्षा तथा सशक्तीकरणका अन्य विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ ।

**सन्दर्भसामग्री**


ओली, कमला (२०७९), सूचनाको हकसम्बन्धी प्रयोग, गोरखापत्र, https://gorkhapatraonline.com/news/11890

उपभोक्ता संरक्षण ऐन २०५४

झा, धर्मेन्द्र (२०७८), सूचनाको हक कार्यान्वयनका चुनौती, https://www.arthatantra.com/2024/02/29/177595/

त्रिताल, नोदनाथ (२०७८), सूचनाको हक : प्रावधान र नजीरहरू,

https://www.makalukhabar.com/2021/08/99977106211/

नेपालको संविधान, २०७२

बाँस्कोटा, कृष्णहरि (२०८०), आर्थिक समृद्धिमा सूचनाको हकः कस्तो छ नेपालमा सूचना प्रवाहको अवस्था,

https://www.arthatantra.com/2024/02/29/177595/

मैनाली, रत्नप्रसाद (सं.)(२०८०), सार्वजनिक निकायका लागि सहयोगी पुस्तिका, राष्ट्रिय सूचना आयोग ।

मैनाली, रत्नप्रसाद; लुइँटेल, होमप्रसाद र कार्की, हरिहर (सं.)(२०८०), सूचना मेरो अधिकार, ४(१),

राष्ट्रिय सूचना आयोग ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४

सूचनाको हकसम्बन्धी नियमावली, २०६५

राष्ट्रिय सूचना आयोग (२०७५), सूचनाको अधिकार, ४(४), काठमाडौं : राष्ट्रिय सूचना आयोग ।

Sharma, S. (2021), *Right to Information,* Shttps://www.freiheit.org/south-asia/right-information


-o-

# सूचनाको हक, नागरिकको दायित्व



◆ नमस्कार शाह

नेपालमा करिब ६० हजार गैरसरकारी संस्थाहरू रहेको अनुमान गरिन्छ तर एकीकृत तथ्याङ्क कहीँकतै छैन । समाज कल्याण परिषद्मा आबद्ध गैससहरूको विवरण परिषद्सँग भए पनि जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका गैससहरूको आधिकारिक एकीकृत तथ्याङ्क कहीँकतै पाइँदैन । यो यथार्थको धरातलमा रहेर हेर्दा कुन जिल्लामा कति गैसस रहेछन्? र, कति नवीकरण हुँदा रहेछन् भन्ने लगायतका विषयमा थाहा पाउन मैले ७५ वटा जिल्ला प्रशासन कार्यालयसँग २०७३ माघ ३ गते सूचना अधिकारीलाई सम्बोधन गर्दै जिल्ला हुलाक कार्यालय बाँकेबाट निवेदन सम्प्रेषित गर्दै सूचना माग गरें ।

मैले त्यस कार्यालयमा दर्ता भएका गैरसरकारी संस्थाहरूको सङ्ख्यासहित नामावली, त्यस कार्यालयमा हालसम्म नवीकरण भएका गैरसरकारी संस्थाहरूको सङ्ख्यासहित नामावली, बाहिरी जिल्लामा दर्ता भई त्यस कार्यालयमा दर्ता भएका वा अनुमति लिएका शाखाहरूको सङ्ख्यासहित नामावली र कार्यालयले खारेज गरेका गैससहरूको नामावली विवरण माग गरेको थिएँ । यी मागिएका सूचना अमूर्त र दिनै गाह्रो हुने प्रकारका थिएनन् । तर, ती सूचना अछाम, सल्यान र बागलुङबाहेक अन्य जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारीबाट समयमा प्राप्त भएन ।

सूचना प्राप्त नभएपछि मैले ७३ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई सम्बोधन गरी ऐनको दफा ९ (१) बमोजिम २०७३ माघ २७ गते सूचना अधिकारीबिरुद्ध उजुरी गरें । उजुरीपश्चात् दार्चुला, रोल्पा, नवलपरासी, धनकुटा, बाँके, काभ्रे जिल्ला प्रशासन कार्यालयबाट सूचना प्राप्त भयो । बाँकी जिल्लाबाट सूचना नपाएपछि सूचना मागकर्ताको सूचना पाउने मौलिक हकप्रति बेवास्ता गरेको ठानी ऐनको दफा ९(४) बमोजिम प्रमुखले गरेको निर्णयउपर चित्त नबुझेकाले ऐनको दफा १० (१) बमोजिम राष्ट्रिय सूचना आयोगसमक्ष ६६ जिल्लाका प्रमुख जिल्ला अधिकारी प्रत्यार्थी/विपक्षी हुने गरी २०७३ फाल्गुण ६ गते उजुरी गरेको थिएँ ।

विभिन्न कागजातहरू संलग्न राखी उजुरी गरेपश्चात् सम्मानित राष्ट्रिय सूचना आयोगबाट २०७३ फागुन २६ गते विपक्षीहरूका नाममा सूचना उपलब्ध गराउन आदेश भएपछि ६६ वटा जिल्ला प्रशासन कार्यालयमध्ये ४३ वटा जिल्ला प्रशासन कार्यालयले सूचना उपलब्ध गराए । ३ वटा जिल्ला प्रशासन कार्यालयले शुल्क बुझाई सूचना लिन आग्रह गरे । आयोगको आदेशलाई समेत बेवास्ता गरेको ठानी सूचना उपलब्ध नगराउने २० वटा जिल्ला प्रशासन

कार्यालयविरुद्ध २०७४ साउन ८ गते पुनः उजुरी गरेको थिएँ । सो उजुरीपश्चात् ६ वटा जिल्ला प्रशासन कार्यालयले सूचना उपलब्ध गराए पनि १३ जिल्लाले सूचना उपलब्ध गराएनन् । सूचना उपलब्ध नगराउने कार्यालयविरुद्ध २०७४ चैत्र १ गते दण्ड गराई पाऊँ भनी आयोगसमक्ष उजुरी गरें । तत्पश्चात् केही जिल्लाका प्रमुख जिल्ला अधिकारीले सूचना उपलब्ध गराए पनि सबैले उपलब्ध गराएनन् । यो सबै प्रक्रियामा लाग्दा दुई/तीन वर्षको समय बित्यो । सजिलै सूचना प्राप्त गर्न सकिएन । प्राप्त सबै सूचना पूर्ण छैनन् । जे-जति प्राप्त भए, त्यसले नेपालका गैससहरूको सङ्ख्याबारे जानकारी प्राप्त भएको छ ।

मैले यसरी सूचना माग्दा मलाई धेरै अनुभव भयो । कतिपय जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले मलाई फोन गरी अनावश्यक दुःख दिएको भन्दै हप्काउने प्रयास गर्नुभयो । मैले नडराईकन जे भन्दै हुनुहुन्छ त्यो लेखेर पठाउन आग्रह गरेपछि उहाँहरू सूचना दिन बाध्य हुनुभयो । कतिपय जिल्लाका प्रमुख जिल्ला अधिकारीले यसरी सूचना माग्दा गैससहरूको दर्ता, नवीकरणको अभिलेख डिजिटलाइज गर्न सहज भएको बताउनु भयो । कतिपय जिल्लामा गैससहरूको अभिलेख नै नराखेको पनि पाइयो भने कतिपय जिल्लामा त द्वन्द्वकालमा सबै जलेर जाँदा पुरानो तथ्याङ्क नै नरहेको पाइयो । समग्रतामा मैले यो लामो अभ्यासबाट जान्न चाहेको कुरा पाएँ । गृह मन्त्रालय, समाज कल्याण परिषद्सँग नभएका गैससहरूको तथ्याङ्क मैले सूचनाको हकको अभ्यासबाट प्राप्त गरें । यसलाई मैले ठूलो सम्पत्तिको रूपमा लिएको छु ।

कानुनी रूपमा नेपाली नागरिकलाई सूचनाको हक प्राप्त गर्ने अधिकार दिइएको छ । यसलाई प्रयोग गर्दा कोही, कसैलाई हानिनोक्सानी हुँदैन, सबैलाई राम्रै गर्छ भन्ने मेरो अनुभव रहेको छ ।

यो अनुभव उल्लेख गरिरहँदा सूचना माग्नु, प्राप्त गर्नु त्यति सहज छैन, हामीजस्ता सूचना मागका अभ्यासकर्तालाई त सूचना माग्न सहज छैन भने सर्वसाधारण सूचना माग्न जाँदा र अलि बढी गोप्य राखिएका, लुकाइएका सूचना सहज रूपमा प्राप्त हुँदैनन् । तथापि कानुनले दिएको अधिकार प्राप्तिका लागि चुप लागेर बसियो भने अधिकार कुण्ठित हुने मात्र होइन, लोकतन्त्रको उपहाससमेत हुन्छ । अतः सूचना माग्ने अभ्यास त सबैले गर्नैपर्छ ।

नेपालको संविधान २०७२ को धारा २७ मा 'प्रत्येक नेपालीलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने वा पाउने हक हुनेछ' भन्ने उल्लेख गरिएको छ । तसर्थ कुनै व्यक्तिले सूचना माग गर्न आएको विषय निजसँग सम्बन्धित छैन र सार्वजनिक सरोकारको विषय पनि होइन भनी प्रमाणित गर्न नसकेको अवस्थामा माग गरिएको सूचना दिन बाध्य हुनुपर्छ ।

राज्यका काम कारबाही लोकतान्त्रिक पद्धतिअनुरूप भई आफ्ना काम कारबाही पारदर्शी

हुनुका साथै नागरिकप्रति जवाफदेही बन्न आवश्यक छ । यही आवश्यकताको बोध गर्दै सूचनाको हकसम्बन्धी ऐन २०६४ र नियमावली २०६५ आएको हो । सूचनाको हकसम्बन्धी ऐनको दफा ३ (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने कुरा उल्लेख छ । त्यस्तै सूचनाको हकसम्बन्धी ऐनको दफा ४ (१) मा प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्ने उल्लेख छ । यसरी कानुनी रूपमै नागरिकलाई सूचनाको हक सम्पन्न बनाइएबाट कसैलाई पनि सूचना प्राप्त गर्नबाट अब वञ्चित गराउन सक्ने स्थिति छैन ।

२०४७ अगाडि सूचनाको हक अभिव्यक्ति स्वतन्त्रता अधिकारअन्तर्गत अन्तर्निहित थियो भने नेपाल अधिराज्यको संविधान २०४७ ले सर्वप्रथम सूचनाको हक मौलिक हकका रूपमा सुरक्षित गरेको हो । तर सूचनाको हकको कार्यक्षेत्र साँघुरो थियो, यो हकको दायरा फराकिलो पार्ने काम सूचनाको हकसम्बन्धी ऐनले गरेको छ । प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक सो ऐनले प्रदान गरेको छ ।

नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने, विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने, व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुऱ्याउने बाहेकका कुनै पनि सूचना प्रत्येक नागरिकलाई आफ्नो सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा प्राप्त गर्ने हक सो ऐनले प्रदान गरेको छ ।

'सूचना' भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी अब कसैको निजी पेवा भएन । जब सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वका कुनै पनि सूचना माग्न र पाउने अधिकार जनताले प्राप्त गर्छन्, त्यति वेला जनता शक्तिशाली हुन्छन् ।

ऐनले सबै सरकारी, संवैधानिक निकाय, राजनीतिक दल, गैरसरकारी संस्था, निजी क्षेत्र, कानुनद्वारा स्थापित सबै निकाय, नेपाल सरकारले राजपत्रबाट तोकिने थप अन्य निकायलाई सार्वजनिक निकायको रूपमा परिभाषित गरेको छ । यी सबै निकायमा सूचनाको हक लागू हुन्छ । यी सबै सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त

गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अब नागरिकको अधिकार भएको छ ।

नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु, गराउनु पर्ने, सूचना वर्गीकरण र अद्यावधिक गरी समय-समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, आफ्नो काम-कारबाही खुला र पारदर्शी रूपमा गर्ने, आफ्ना कर्मचारीका लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने, सार्वजनिक निकायले सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न स्थानीय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्ने कार्य अब सबै सार्वजनिक निकायले गर्नुपर्छ ।

कुनै पनि सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस सूचना प्राप्त गर्नुपर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ । निवेदन प्राप्त भएमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सूचना उपलब्ध गराउनु पर्छ । तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले कारणसहितको जानकारी तुरुन्त निवेदकलाई गराउनु पर्छ ।

सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिक रूपमा सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक रूपमा सूचना पाएको मितिले ७ दिनभित्र कार्यालय प्रमुखसमक्ष उजुरी दिन सक्ने व्यवस्था छ । यस प्रकार प्राप्त उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भएबमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिनुपर्ने कानुनी व्यवस्था छ । त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनु पर्छ । सूचना अधिकारीले जानी-जानी वा बदनियतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानुन बमोजिम विभागीय कारबाही गर्न सक्छन् । सूचना प्राप्ति सम्बन्धमा प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले यस्तो निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र राष्ट्रिय सूचना आयोगसमक्ष पुनरावेदन दिन सक्नेछ । प्राप्त पुनरावेदनको कारबाहीको काम आयोगले गर्नुपर्छ । आयोगले पुनरावेदन परेको ६० दिनभित्र सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारबाही गरी अन्तिम निर्णय गर्नुपर्ने व्यवस्था छ ।

सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिब कारणबिना सूचना नदिएको

वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई १ हजारदेखि २५ हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने, पदमा रहेको भए निजलाई विभागीय सजायका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने व्यवस्था भएबाट आयोगको काम प्रष्ट हुन्छ ।

यसरी सूचना माग्ने, पाउने, पुनरावलोकन गर्न पाउने, सूचना नदिनेलाई कारबाही हुने र क्षतिपूर्ति पाउने व्यवस्थासमेत गरी सूचनाको हकसम्बन्धी ऐन २०६४ ले नागरिकहरूलाई अधिकार सम्पन्न बनाउने कानुनी व्यवस्था गरेको छ । यो अधिकारलाई भरमग्दुर उपयोग गरी सार्वजनिक निकायलाई जवाफदेही बनाउन र आफू सही सूचनाबाट सुसूचित हुन अब सबै जाग्नुपर्छ । अँध्यारा कोठामा नक्कली काम गर्ने र सबै सूचनालाई निजी पेवा ठानेर लुकाएर राख्नेहरूलाई उदाङ्गो पारी सार्वजनिक स्रोतको अचाक्ली दोहन गर्न नदिन अब सूचनाको अधिकार उपयोग गर्दै खबरदारी गर्न जरुरी छ । आउनुहोस्, सार्वजनिक सरोकारका सूचनाहरू विधिसम्मत ढंगले माग्दै नागरिक अधिकार सुनिश्चित गर्न सँगै मिलेर काम गरौं ।

-o-

# सूचना लिने-दिने संस्कृतिको विकासबाट भ्रष्टाचार नियन्त्रण सम्भव



◆ परशुराम साह

**सार-संक्षेप**

खासगरी नीति निर्माण वा निर्णय तह भनेको नेपालको प्रशासनिक केन्द्र 'सिंहदरवार' हो । तर, यहाँ कैयौं वर्ष सेवा गरेका र सेवा अवधि बाँकी रहेका वरिष्ठ वा उच्च तहका सरकारी अधिकारीको हालिमुहाली भए पनि संविधान र कानुनबमोजिमको सूचना सम्प्रेषण हुँदैन । बेवसाइट तथा कार्यालयमा स्वतः प्रकाशनसम्म हुँदैन । उदाहरणका लागि स्वतः प्रकाशन, वार्षिक प्रतिवेदन, बुलेटिन, अन्य प्रकाशन आदिलाई लिन सकिन्छ । सरकारी निकायले स्वतः प्रकाशन (Pro–active disclosure) गर्नुपर्ने विवरणसम्बन्धी निर्देशिका, २०७१ को दफा २७ (क) अनुसारको अनिवार्य दायित्व पनि पूरा नगरेका निकायमा यसरी सूचना लुकाउनुका पछाडि गलत मनसाय हावी रहेको र सबैको मिलिभगतमा बजेट बाँडचुडी खाएका छन् भन्ने नराम्रो सन्देश सर्वसाधारण नेपालीमा गएको हुन्छ ।

## परिचय

सूचना भनेको केही विषयबारे केही सिक्नु, जान्नु अथवा बुझ्नु हो । कानुन अनुसार- सूचना भनेको सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कामकारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी हो । सम्बन्धित सबैलाई केही कुरा थाहा दिने काम सूचनाको प्रवाह हो ।

वि.सं. २०४७ सालदेखि नै सूचनाको हकलाई जनताको मौलिक हकको रूपमा प्रचलनमा ल्याइएको भए पनि लामो समयसम्म त्यसको कार्यान्वयन हुन सकेन । हाल नेपालको संविधान (२०७२) को धारा २७ मा सोही मौलिक हकलाई उल्लेख गरिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ र ऐ.ऐ. नियमावली, २०६५ अनुसार यसको प्रचलन भएको छ । सूचनाको मौलिक हकलाई केवल पत्रकारजगत्ले आफ्नो व्यावसायिकतामा उचाइ थप्न मात्र प्रयोग गरेको गुनासो पनि छ । कतिपय पत्रकारले सार्वजनिक निकायबाट सूचनाको हकको प्रयोग गरी राज्यको महत्वपूर्ण सूचना लिने गर्दछ र जनतालाई वास्तविकता नदेखाई त्यसको आडमा शुरुको समाचार बनाई सस्तो लोकप्रियताका लागि पेशागत मर्यादामा आँच आउने काम गरेको आरोप पनि लाग्ने गरेको छ । कालान्तरमा त्यही विषयवस्तुमाथि व्यापक जनदवाब बढेपछि भ्रष्टाचारजन्य कार्यबारे 'दूधको दूध, पानीको पानी' हुने गरी तिनै

पत्रकारले विस्तृतमा समाचार बाहिर ल्याउने गरेको गुनासा पनि छन् । यसैगरी विकास-निर्माण लगायत नीतिगत निर्णय गर्दासमेत कुनै गडबडी भएको खण्डमा त्यस्तो शुरुको सूचना एक महत्वपूर्ण औजारको रूपमा प्रयोग हुन्छ । यसले भ्रष्टाचार नियन्त्रणमा नैतिक बल पुगेको देखिन्छ भने यो केवल सूचनाको हकको प्रचलनले गर्दा भएको हो । व्यापक बन्न नसके पनि पछिल्लो समय सूचना लिने-दिने संस्कृतिमा भएको विकासले नेपालमा भ्रष्टाचार नियन्त्रणमा ठूलो भूमिका खेलेको छ ।

**विषय प्रवेश**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ (क) अनुसार निम्नलिखित कसुरजन्य १८ वटा कार्यलाई 'भ्रष्टाचार' भनी परिभाषित गरेको छ । ती हुन् : (१) रिसवत (नगदी, जिन्सी वा अन्य लाभ वा सुविधा वा घुस) लिने दिने, (२) बिनामूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने, (३) दान, दातव्य, उपहार वा चन्दा लिने, (४) कमिशन लिने, (५) राजस्व चुहावट गर्ने, (६) गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्ने, (७) गलत लिखत तयार गर्ने, (८) गलत अनुवाद गर्ने, (९) सरकारी कागजात सच्याउने, (१०) सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्ने, (११) प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने वा परीक्षाको परिणाम फेरबदल गर्ने, (१२) गैरकानुनी व्यापार व्यवसाय गर्ने, (१३) नपाएको ओहदा पाएँ भन्ने, (१४) झूट्टा विवरण दिने, (१५) सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने, (१६) गैरकानुनी दवाब दिने, (१७) गलत प्रतिवेदन दिने, र (१८) गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको ।

साथै, संस्थागत 'कसुरजन्य काण्ड' मा संगठित संस्थाको प्रमुख भई काम गर्नेको मुख्य दायित्व हुनेजस्ता आपराधिक र दूषित मनसायका कामलाई एउटै 'बकेट'मा राखेर उजागर गरिएको छ । सूचना लिनेदिने संस्कृतिको विकास भयो भने माथि उल्लिखित हरेक कसुरजन्य क्रियाकलापमा लगाम लाग्ने देखिन्छ । जस्तै : कुनै काम गर्न गराउन कसैले घुस मागेमा त्यसअघिको काम कारबाहीबारे सूचना माग गरी त्यस्तो घुस माग्ने कार्यलाई निरुत्साहित गर्न सकिन्छ ।

अनावश्यक दुःख दिने नियत वा बदनियतले सेवाग्राहीलाई जालझेल गर्ने देखिए तत्कालीन अवस्थासम्मको सम्पन्न कामको सूचना लिएर वास्तवमा त्यो जालझेल गर्न खोजिएको हो वा होइन ? बुझ्न सकिन्छ । यसबाट सेवाप्रदायकले बदनियतले काम गरे-नगरेको विश्लेषण गर्न सकिन्छ । क्रमशः प्रकाशित समाचार र फैलिने 'हौवा' ले गर्दा आममानिसमा 'बिनामूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने' कार्य भएको बुझाइप्रति दृढता वा गलत समाचारप्रति नैराश्य पैदा हुनेछ । यदि त्यसो भएकै हो भने सूचनाको हकको प्रयोगबाट शुरुवाती समयमै त्यसबारे आवश्यक शंकास्पद सूचना बाहिर ल्याइयो भने संलग्न सबै

सचेत भई गुणस्तरीय र मूल्याङ्कित सेवा नै खरीद वा प्रवाह हुन बाध्य हुन्छ । तथापि, गलत मनसाय राखी त्यस्तो सेवा स्वीकार गरेमा कानुनबमोजिमको कारबाहिको भागीदार बनाउन पनि सोही सूचनाले मद्दत गर्दछ र भ्रष्टाचार नियन्त्रणमा पक्कै पनि यसले काम गर्नेछ ।

नेपालमा प्रायः सरकारी पदाधिकारी तथा कर्मचारीले कमिशन लिने, चन्दा, उपहार माग्ने वा स्वीकार गर्ने कार्य गरेको सुनिन्छ । यस्ता कार्यका लागि राजस्व चुहावट गर्ने, गैरकानुनी लाभ लिनेजस्ता कार्य गर्न उत्प्रेरित भएको पाइन्छ । केबापत किन कमिशन दिने ? भन्ने सोच नेपाली नागरिकमा पलाउन जरुरी छ । हरेक कारोबारको सही सूचना सम्प्रेषण गरिए धेरै हदसम्म भ्रष्टाचार न्यूनीकरण गर्न सकिन्छ । यसो गरिए गलत लिखत तयार गरिरहनु पर्दैन र एक किसिमको स्वच्छताको प्रवर्द्धन हुन्छ । तथ्यगत विषयलाई लुकाइरहनु पर्दैन ।

अहिले सरकारी बेवसाइट वा कार्यालयमा सूचना माग गर्दा सूचना अधिकारीले यसलाई सहर्ष स्वीकार नगरेको पाइन्छ । उसले कानुनको बाध्यतालाई पहिले सम्भन्छ । तापनि अनेक जालभेल गरेर माग गरिएको सूचना दिन नमिल्ने, तपाईंलाई किन चाहियो, यो जरुरी नै छैन आदि भनेर हल्कारूपमा लिएर प्रथम दृष्टिमा सूचना दिन नपरे हुन्थ्योजस्तो व्यवहार सूचना मागकर्तासँग गर्छन् । सूचना अधिकारीहरूको यस्तो कदमबाट शङ्का उत्पन्न हुनु र सूचनाको महत्व बढ्नु स्वभाविकै हो । कहिलेकाहीँ सूचना माग गर्दा जस्ताको त्यस्तै सूचना नदिई आफू अनुकूल अनुवाद गरेर दिइन्छ । यसबाट भ्रष्टाचार भएको थाहा हुन्छ । सूचनाको हकको प्रयोगले यसरी भएका गलत कामलाई सार्वजनिक गर्छ । जस्तो कि व्यक्तिविशेषसँग सम्बन्धित सूचना हुबहु नै नदिएमा त्यसलाई जे-जुन स्वरूपमा छ, सोही रूपमा उपलब्ध गरिपाऊँ वा हेरिपाऊँ भन्न सकिन्छ । हेरेको वा देखिए विपरीत वा तथ्य बङ्ग्याएर सूचना दिइएको रहेछ भने प्रचलित नेपाल कानुनबमोजिमको कारबाहीका लागि थप कदम चलाउन सकिन्छ । यसले पनि एक प्रकारको भ्रष्टाचार नियन्त्रणको काम गर्छ ।

खासगरी नीति निर्माण वा निर्णय तह भनेको नेपालको प्रशासनिक केन्द्र 'सिंहदरवार' हो । तर, यहाँ कयौं वर्ष सेवा गरेका र सेवा अवधि बाँकी रहेका वरिष्ठ वा उच्च तहका सरकारी अधिकारीको हालिमुहाली भए पनि संविधान र कानुनबमोजिमको सूचना सम्प्रेषण हुँदैन । बेवसाइट तथा कार्यालयमा स्वतः प्रकाशनसम्म हुँदैन । उदाहरणका लागि स्वतः प्रकाशन, वार्षिक प्रतिवेदन, बुलेटिन, अन्य प्रकाशन आदिलाई लिन सकिन्छ । सरकारी निकायले स्वतः प्रकाशन (Pro–active disclosure) गर्नुपर्ने विवरणसम्बन्धी निर्देशिका, २०७१ को दफा २७ (क) अनुसारको अनिवार्य दायित्व पनि पूरा नगरेका निकायमा यसरी सूचना लुकाउनुका पछाडि गलत मनसाय हावी रहेको र सबैको मिलिभगतमा बजेट बाँडिचुडी खाएका छन् भन्ने नराम्रो सन्देश सर्वसाधारण नेपालीमा गएको हुन्छ ।

जो मतदाता छन् उसलाई त केवल उसको प्रतिनिधिले सूचना बाहिर ल्याइदेओस् भन्ने आशा हुन्छ । तर कतिपय सांसद पनि सूचना लुकाउने खेलमा सामेल भएको पाइएको छ । यो कुरा संसदीय उपस्थिति, बोलेको रेकर्ड, पास गरेको विधेयक वा हेरफेर भएको ऐनकानुन निर्माणमा खेलेको भूमिका, गतिविधिबाट प्रष्ट बुझ्न सकिन्छ ।

सरकारी निकायले समय-समयमा भए-गरेका गतिविधिहरूको सूचना सङ्कलन गरी विश्लेषण गरे भ्रष्टाचार हुनुका कारण र आधार पहिल्याउन सकिन्छ । हामीले यस्ता गतिविधिका सूचना माग गरी सुरक्षित राख्यौं भने कुनै वेला सरकारी कागजात वा सम्पत्तिको हानिनोक्सानी गर्न कोही कसैले चेष्टा गरेमा पनि खासै फरक नपरी त्यस्ता महत्वपूर्ण कागजात कहीँ न कहीँ कुनै न कुनै रूपमा कोही न कोहीसँग सुरक्षित रहेको हुनेछ । र, त्यस्तो हानिनोक्सानी गर्नेलाई कडाभन्दा कडा सजाय दिलाउन तिनै सुरक्षित सूचनाले ठूलो सहयोग पुग्छ । भ्रष्टाचार कहलिने यस्ता सार्वजनिक नोक्सान पुऱ्याउने कुकार्य गर्नबाट जो-कोही पनि पछि हट्नुपर्ने हुन्छ । यसैगरी सार्वजनिक पद धारण गरेका व्यक्तिले पदीय मर्यादामा रहेर आफ्नो आचारसंहिता र पेशागत आचरण वा मर्यादा विपरीत यदि कुनै कार्य गरेको शङ्का लागेमा तुरुन्त सार्वजनिक सरोकारका सम्बन्धित सूचना माग गरी लिनुपर्छ ।

नियतवश गल्ती गर्नेले पटक-पटक उही गल्ती दोहोऱ्याउने सम्भावना प्रबल हुन्छ । पछि हेर्दै बुझ्दै जाँदा बदनियतले आचरण विपरीत कोही कर्मचारी वा पदाधिकारीले पदीय दायित्वभन्दा बाहिर पुगेर गैरकानुनी व्यापार-व्यवसाय गरेको थाहा पाउन सकिन्छ । जस्तो कि उच्चपदस्थ कर्मचारीले मदिरा पसल तथा डान्स बार खोलेको भेटिन सक्छ । अनुमति नलिई अन्य कर्मचारीले सरकारी मानाचामल खाएर निजी कम्पनीमा काम गरिरहेको हुन सक्छ; जो नमेटिने रोगजस्तै फैलिरहेको छ ।

हाम्रो समाजमा खासगरी डाक्टर, इन्जिनियर, वकिल आदिजस्ता क्षेत्रमा कार्यरत रहेकाबाट यस प्रकारको गैरजिम्मेवारी कार्य बढी मात्रामा भएको देखिएको छ । निश्चितरूपमा सरकारी कर्मचारी भएपछि सरकारले तोकेको पूरा समय सेवा प्रवाहमा दिनुपर्छ । र, त्यसपछिको समय पनि आफू कार्यरत अड्डाको अनुमति लिएरमात्र आफ्नो निजी कार्य वा सेवामा दिनुपर्ने हुन्छ । निज सरकारको अधीनमा हुन्छ, आवश्यक परेको खण्डमा जुनसुकै वेला पनि सरकारी अधिकारीलाई सेवा प्रवाहमा खटिनुपर्ने हुन सक्छ । यस किसिमका व्यवस्था तिनै कर्मचारीको पेशागत शर्त, कानुन वा आचरण र मापदण्डमा उल्लेख गरिएको हुन्छ । तर, खुलेआम यसको उल्लङ्घन भएको हुन्छ ।

यी सबको एउटै महत्वपूर्ण कारण हुन सक्छ कि यी विद्वत् वर्गले काम गर्ने निकायको सूचना प्रवाहमा आफूलाई एकल ठाउँमा देखाए पनि एकै समयमा दुई वा तीन ठाउँमा

सेवा वितरण गरिरहेका हुन्छन् । उदाहरणका लागि सरकारी अस्पताल नजिकैको निजी क्लिनिकमा उही सरकारी डाक्टरले सरकारी कार्यालयकै समयमा सेवा प्रदान गरेको भेटिन्छ । त्यसैगरी एक सरकारी इन्जिनियरले पनि निःशुल्क सरसल्लाह दिनुपर्नेमा आफ्नो कार्यालयमै पनि शुल्क लिई सेवा वा सरसल्लाह वा परामर्श सेवा दिइरहेको पाइन्छ । सरकारी वकिलले पनि वेलाबखत प्रतिवादीसित मिलेर सरकारवादी मुद्दा कमजोर बनाएको सुनिएको छ । यी सब दिग्भ्रमित तथा बाटो बिराएकाहरूलाई सही मार्गमा ल्याउनका लागि सूचनाको हक एक अचुक उपाय हुन सक्छ ।

नियुक्तिका वेला वा उचित समयमै पेशागत दक्षताको उपयोगका लागि कहाँकहाँ काम गरिरहेको हो ? सोको जानकारी दिन लगाउने र प्राप्त सबै सूचना सार्वजनिक गर्ने र समय व्यवस्थापन गरी यथाशक्य धेरैभन्दा धेरै समय सेवा प्रवाहमा लगाउने र समय पालनाको अनुगमन कार्यलाई प्रभावकारी बनाउने । सरकारी अधिकारीहरूको समय व्यवस्थापनसहितको नामनामेसी हरेक कार्यालयमा हुनुपर्छ र सोही अनुसारको सूचना सार्वजनिक हुनुपर्छ । सेवाग्राही कार्यालयमा काम लिएर आउने तर कर्मचारी वा पदाधिकारी चाहिँ बैठक वा बिदामा हुने गरेको पनि पाइन्छ । यसबाट सेवाग्राहीलाई सास्ती बढेको हुन्छ ।

कहिलेकाहीँ सूचनाको अभावमा सेवाग्राही अलमलमा परेर सेवाप्रदायकका पछिपछि लाग्नुपर्ने स्थिति हुन्छ । उचित सूचना सबैको पहुँचमा भएमा आफ्नो ठीक समय ठीक काममा लगाएर बचेको समयको सही सदुपयोग गरेर अन्य आयआर्जन बढाउनतिर ध्यान दिन पनि सकिन्छ । एउटै काममा कति दिन लाग्ने हो ? भनी सरकारी बन्दोबस्तीमाथि हरेक पटक शङ्का गर्नुपरेमा सूचनाकै अभाव भएको बुझ्नुपर्छ । तसर्थ उन्नत समाज निर्माणका लागि हामी सबैलाई सूचनामा पहुँच हुनुपर्छ । सूचना प्रवाह गर्नेले सहजै सूचना दिनुपर्छ र लिनेले पनि उचित माध्यमबाट धैर्यका साथ सूचना ग्रहण गर्नुपर्छ । यसका लागि अहिलेको प्रविधियुक्त दुनियाँमा समाजिक सञ्जाल र सूचना प्रविधिको भरमग्दुर उपयोग गरिनुपर्छ ।

सूचना माग गर्दाका बखत एक किसिमको र समयक्रममा पछि उही सूचना बदलिएको पाइएमा समेत कि त शुरुको विवरण झूटा हुन्छ कि पछिल्लो विवरण झूटा सावित हुन्छ । झूटा विवरण दिने कार्य पनि भ्रष्टाचार नै भएकाले दुबैपटकको सूचनाबाट यस किसिमको भ्रष्टाचारको नियन्त्रण सहजै हुने देखिन्छ । साथै कसैको दवाबपूर्ण कार्यबाट यस्तो झूटा विवरण बनाउने काम भएको रहेछ भने त्यस्ता 'डमी सेड' पनि बाहिर आउन बाध्य हुन्छ । यस मानेमा कुनै अपराध नै भएको रहेछ भने पनि सही अपराधी समातिन सूचनाको लेनदेनले मद्दत गर्दछ ।

हालैमात्र छापामा आएको संघीय शिक्षा मन्त्रालयको एउटा अनुगमनसम्बन्धी प्रतिवेदन

तयार नगरिएको विषयमा मानौं समयमै जनताले यस प्रकारको प्रतिवेदन माग गरेको भएमा बाध्यतावश भए पनि सम्बन्धित विषयउपरको एक थान प्रतिवेदन तयार गरी उपलब्ध गराउनु सार्वजनिक निकायको दायित्व हुने थियो । र, त्यो अनुगमन प्रतिवेदन कुनै न कुनै रूपमा हेर्न वा पढ्न पाइन्थ्यो । गलत प्रतिवेदन बनाउने जालझेल हुने थिएन । त्यसो गरेको भए कानुनको फन्दामा पर्ने थियो । यसले गर्दा अनुगमनकर्ता पनि थप जिम्मेवार हुन जान्छ र भ्रष्टाचारको अर्को दूषित पक्ष हेलचक्र्याइँ, ढिलासुस्ती, झारा टार्ने, पन्छाउनेजस्ता काम गर्न पनि निकै हम्मेहम्मे पर्छ ।

## उपसंहार

कुनै माध्यम वा रूपमा सूचना प्रेषित भइसकेको अवस्थामा त्यससँग सम्बन्धित सबै कामकारबाही अपारदर्शी हुनबाट रोकिन्छ। जनतालाई उसले तिरेको कर/ राजस्व रकमबाट बनेको देशको बजेटबाट कहाँ-कहाँ, के-के कार्यमा कसरी खर्च लेखाङ्कन गरिँदै छ ? त्यो जान्ने पूरा हक हुन्छ। त्यो सूचनाको हक नै हो । सूचना लिनेदिने संस्कृतिको विकास भयो भने पारदर्शिता बढ्छ र भ्रष्टाचार नियन्त्रण हुन्छ, घट्दै जान्छ र अन्त्यमा भ्रष्टाचार निर्मूल नै हुनेछ ।

लेखक सुदूरपश्चिम प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, धनगढीमा कार्यरत हुनुहुन्छ ।

## सन्दर्भ सामग्री

नेपालको संविधान समेत

१. https://ne.wikipedia.org/wiki/
२. भ्रष्टाचार निवारण ऐन, २०५९
३. सूचनाको हकसम्बन्धी ऐन, २०६४
४. सूचनाको हकसम्बन्धी नियमावली, २०६५
५. सूचनाको हक : व्यावहारिक प्रयोग (सहयोगी पुस्तिका)
६. सूचनाको हक कार्यान्वयन निर्देशिका, २०६७
७. सरकारी निकायले स्वतः प्रकाशन गर्नुपर्ने विवरणसम्बन्धी निर्देशिका, २०७१
८. आयोगका कर्मचारीहरूको आचारसंहिता, २०७१
९. सूचना अधिकारीको काम, कर्तव्य र अधिकारसम्बन्धी निर्देशिका, २०७३
१०. दैनिक समाचार पत्रिकाहरू, राष्ट्रिय सूचना आयोगका प्रकाशन तथा समसामयिक लेखहरू ।

-o-

# मानवअधिकारको रूपमा सूचनाको हक



◆ प्रेमराज सिलवाल

सबै मौलिक हक मानवअधिकार हुन् । सबै मानवअधिकार चाहिँ मौलिक हक होइनन् । नेपालको संविधानको धारा २७ मा रहेको सूचनाको हकलाई मौलिक हकमा राखिएको छ । संविधानले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी संवैधानिक दृष्टिले मौलिक हकको ग्यारेन्टी गरेको छ । संविधानमा उल्लिखित सूचनाको हकले लोकतान्त्रिक गणतान्त्रिक प्रणालीमा एउटा नयाँ इँट्टा थप्ने काम गरेको छ । राज्य, सरकार र सार्वजनिक निकाय तथा पदाधिकारीलाई जिम्मेवार, पारदर्शी र जनउत्तरदायी बनाउन र विधिको शासन, सीमित सरकार तथा लोकतान्त्रिक मूल्यमा आधारित शासन प्रणालीको निर्माणमा सूचनाको हकको ठूलो अर्थ रहेको छ । शासक, प्रणाली र अधिकारीले गर्ने संवैधानिक र कानुनी कर्तव्य र कामको सूचना नागरिक र सेवाग्राहीले पाउन सकेनन् भने शासन तथा सत्ताप्रति नागरिकका अनेकौं आशंका, गुनासा र अविश्वास वृद्धि हुन पुग्छ । तसर्थ नागरिकमैत्री शासन र संविधानवादको मूल्यको सम्मानका लागि सूचनाको हकको प्रत्याभूति संविधानले गरेको हो । त्यसलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि सूचनाको हकको सम्मान तथा पालना गर्नु अत्यावश्यक छ । सूचनाको हकसँग लोकतान्त्रिक शासनको गहिरो अन्तरसम्बन्ध रहेको हुन्छ । विधिको शासनमा नागरिकले आफूलाई आवश्यक भएको निजी र सार्वजनिक सूचना माग्ने र पाउने हक हुन्छ । कानुनभन्दा माथि कोही पनि व्यक्ति नहोस् भन्ने मान्यताबाट विधिको शासन आवश्यक भएको हो । विधिको शासनमा नागरिकले आफ्नो र आफूलाई आवश्यक भएको सूचना माग गर्ने र पाउने अधिकार राख्छन् । जुन कुरा नागरिकको मानवअधिकारको विषय पनि हो । विधिको शासनमा त्यो कुराको अपेक्षा गरिएको हुन्छ ।

## विधिको शासन र सूचनाको हक

शासन विधिको हुनुपर्छ, व्यक्तिको होइन भन्ने विधिको शासनको मर्म हो । संविधानको मूल विषयमा पर्ने मौलिक हक, समानता, अविभेद र स्वतन्त्रता तथा न्याय आदि हुन् । कानुनबमोजिमबाहेक वा कानुनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक अधिकार र स्वतन्त्रतामा अंकुश लगाउन वा अपहरण गर्न पाइँदैन । अनिवार्य रूपमा पालना गर्नुपर्ने प्रक्रियाको पालना नगरी वैयक्तिक स्वतन्त्रतामाथि लगाइएको अंकुशले कानुनी वैधता प्राप्त गर्न सक्दैन ।

विधिको शासनमा नागरिकको आफ्नो वैयक्तिक स्वतन्त्रता, कानुनी अधिकार र हकको कुनै निकाय वा व्यक्तिले हनन गर्‍यो वा गर्दै छ भन्ने लाग्यो भने उसले सार्वजनिक अधिकारी वा सम्बन्धित सरकारी कार्यालयबाट आवश्यक सूचना प्राप्त गर्ने हक नागरिकलाई नेपालको संविधानले प्रदान गरेको छ । कानुन अनुसार गोप्य राख्नुपर्ने सूचनादेखि बाहेकको सूचना सबै नागरिकले निश्चित विधि र प्रक्रिया पूरा गरेपछि पाउनै पर्छ ।

लोकतान्त्रिक संविधान विधिको शासनको मूल्यमा अडेको हुन्छ । संविधानले नागरिकको अधिकार, हक र हितको सुरक्षा तथा सुनिश्चितता प्रदान गरेको हुन्छ । नेपालको संविधानको मौलिक हकको परिच्छेदमा संविधानले विभिन्न मौलिक हकहरूको प्रबन्ध गरेको छ । संविधान मूलतः अधिकारहरूको संरक्षण र सुरक्षा गर्ने दस्तावेज हो । राज्यलाई सीमित गर्ने राजनीतिक र कानुनी दस्तावेज हो संविधान । हकहरूको घोषणा मात्र होइन, उपभोगसमेतको सुनिश्चितता गर्नु संविधानको साध्य हो भन्ने मानिन्छ । यसरी संविधानले प्रदान गरेको संवैधानिक र कानुनी हक नागरिकले प्राप्त गर्नुपर्छ । लोकतान्त्रिक मूल्य-मान्यता, कानुनको शासन, संविधानवाद आदिका दृष्टिले हेर्दा राज्यका सबै काम-कारबाही र क्रियाकलापको मापनको आधार भनेको संविधान नै हो । राजनीतिक गतिविधि, क्रियाकलापसमेत संविधानको दायराभित्र अर्थात् संविधानअन्तर्गत रहेर नै सञ्चालित हुनुपर्छ । लोकतन्त्रमा संविधानले सुनिश्चित गरेको नागरिकको सूचनाको हकलाई सबै सार्वजनिक निकाय र व्यक्तिले कानुनअनुसार पालना र सम्मान गर्नुपर्छ । लोकतान्त्रिक शासन व्यवस्था र संविधानवादको मान्यताअनुसार संविधानअनुसार राजनीतिक र कानुनी सत्ता निर्देशित र सञ्चालित हुने भएकोले मौलिक हकको प्रत्याभूति हुनु अनिवार्य भएको हो ।

## अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक

अभिव्यक्तिको स्वतन्त्रताअन्तर्गत व्यक्तिले आफूलाई लागेको कुरा व्यक्त गर्न पाउनुपर्छ र त्यसलाई व्यक्त गर्ने माध्यमहरूको व्यवस्था निर्बाध रूपमा उपलब्ध पनि हुनुपर्छ भन्ने मानिन्छ । संविधानले प्रदान गरेको नागरिक स्वतन्त्रतामा अनुचित बन्देज वा अंकुश लगाउने गरी बनाइएको कानुन असंवैधानिक हुने हुँदा संविधानअनुसार अमान्य र बदरयोग्य हुने भनी सर्वोच्च अदालतद्वारा प्रकाशित नेपाल कानुन पत्रिका (ने.का.प.) २०६३, अङ्क ३, नि.नं. ८७७७, पृ.३५७ मा पनि व्याख्या भएको छ । संविधान र कानुनी प्रबन्धविपरीत कुनै पनि सरकारी र सार्वजनिक निकाय र अख्तियारप्राप्त अधिकारी वा व्यक्तिले नागरिकको सूचना प्राप्त गर्ने हक अधिकार आफूलाई लागेको वा आफ्नो तजबिजको आधारमा नदिने वा रोक्ने गर्न पाउँदैन, हुँदैन ।

संविधानमा उल्लिखित मौलिक हकको कार्यान्वयन हुनु नै संविधानको कार्यान्वयन सुनिश्चितता प्रदान गर्नु हो । मौलिक हकको कार्यान्वयनमा अवरोध गरियो भने संविधानले परिलक्षित

गरेका मौलिक हकहरूको पालना, संरक्षण र रक्षा हुन सक्दैन । संविधानवादको प्रवर्द्धनको निम्ति संविधानको अक्षरशः पालना गरिनु अत्यावश्यक हुन्छ र संविधानतः प्रत्याभूत गरिएका मौलिक हकहरूको संरक्षण, संवर्द्धन र प्रचलनका निम्ति अदालत अन्तिम व्याख्याता पनि हो । संविधानमा प्रत्याभूत गरिएको मौलिक अधिकारहरू संविधानलाई राम्रो देखाउन नभई नागरिकको हितलाई संरक्षण गर्ने उद्देश्यले राखिएको हुँदा नागरिकले यसलाई सहजतापूर्वक प्रयोग गर्न पाउने वातावरण बनाइदिने दायित्व पनि राज्यको हो । मौलिक हकमा उल्लिखित सूचनाको हकको प्रत्याभूति लोकतन्त्रमा आवश्यक हुन्छ । संविधानले सुनिश्चित गरेको सूचनाको हकको कानुनअनुसार पालना र कार्यान्वयन नभएको अवस्थामा नेपालको संविधानअनुसार न्यायिक उपचार पाउने अधिकार संविधानले प्रबन्ध गरेको छ ।

तसर्थ आफूलाई आवश्यक भएको निजी वा सार्वजनिक सूचना पाउने नागरिकको संवैधानिक अधिकार हो । कानुनले नै सार्वजनिक गर्न नमिल्ने भनी किटानी गरेका र राज्यको सुरक्षा संवेदनशीलताभित्र पर्ने सूचनादेखि बाहेकको सूचना माग भएको अवस्थामा सार्वजनिक निकाय र अधिकारीले सूचना रोक्नु हुँदैन । कुनै कानुनले कुनै निकाय वा पदाधिकारीलाई कुनै विषयमा स्वविवेकीय अधिकार दिएको छ भने पनि त्यस्तो अधिकारको प्रयोग गर्दा वस्तुगत आधारमा सद्विवेकको प्रयोग गरेर उद्देश्यमूलक तवरबाट गरिनुपर्छ ।

स्वविवेकीय अधिकार निरंकुश वा स्वेच्छचारी हुनलाई दिएको होइन । विषय वा सन्दर्भअनुसार उच्चतम सकारात्मक परिणाम हासिल गर्नका लागि जिम्मेवारी वा दायित्व निर्वाह गर्न उत्तम विकल्प छनोट गर्ने अवसर प्राप्त होस् भनी कानुनले स्वविवेकीय अधिकार प्रदान गरेको हुन्छ । यसलाई शासकीय विशेषाधिकार वा सुविधाको रूपमा हेर्नु हुँदैन । स्वविवेकीय अधिकारको प्रयोग गर्दा उत्तरदायित्वबोध, तथ्यगत सन्दर्भ, हासिल गर्न खोजेको उद्देश्य, सम्बन्धित पात्रको अधिकार लगायतका समग्र पक्षमा समुचित दृष्टि पुग्नु वाञ्छनीय देखिने हुन्छ । तसर्थ संविधानप्रदत्त सूचनाको हकको कार्यान्वयनमा सार्वजनिक र सरकारी अधिकारी गम्भीर हुन आवश्यक छ ।

कानुनले निषेध गरेको बाहेक सूचना दिनु सार्वजनिक अधिकारीको कर्तव्यभित्र पर्ने विषय भएकाले कुनै पनि निकाय वा पदाधिकारीले कानुनले तोकिएदिए अनुसार मात्र काम गर्नुपर्ने हुन्छ । कानुनले कुनै काम गर्न निश्चित समयावधि र प्रक्रिया तोकिदिएको अवस्थामा सो समयावधि र प्रक्रियाको अनिवार्य पालना गर्नुपर्छ । अन्यथा त्यस्तो कामले वैधता प्राप्त गर्न सक्ने देखिँदैन । कानुन अनुसारको समयवधिभित्र गर्नुपर्ने काम नगरी समयावधि नघाई काम गरेकोमा त्यस्तो कार्यको पालना गर्न कुनै पनि व्यक्तिलाई बाध्य पार्न सकिँदैन । सूचना दिने कर्तव्य भएको अधिकारी वा कार्यालयले मनासिब तथा तार्किक दृष्टिले उचित समयमा छिटो र सहज तरिकाले सूचना प्रदान गर्नुपर्छ । समय घर्काएर, नियतवश ढिलो

गराई, सूचना मागकर्ताको निश्चित प्रयोजन नै समाप्त हुने गरी प्रदान गरिएको सूचनाको कुनै अर्थ हुँदैन । सूचना प्राप्त गर्नु नागरिकको मानवअधिकार समेत भएकाले त्यसको सम्मान र पालना अनिवार्य भएको हो ।

## मानवअधिकार र सूचनाको हक

मानवले प्राप्त गर्ने प्रकृतिप्रदत्त नैसर्गिक अधिकार मानवअधिकार हो । मानवअधिकार विश्वव्यापी अधिकार हो भने मौलिक हक चाहिँ सम्बन्धित मुलुकका नागरिकले प्राप्त गर्ने मानवअधिकार हो । नेपालको संविधानमा उल्लिखित सूचनाको हक नेपाली नागरिकले पाउने मौलिक हक हो । मानवअधिकारको दृष्टिकोणबाट हेर्दा व्यक्तिगत मर्यादा, प्रतिष्ठा, आत्मसम्मान र गोपनीयताको अधिकार प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । नागरिकले प्राप्त गर्ने सूचनासम्बन्धी अधिकार पनि यही कोटीमा पर्दछ । सूचना प्राप्त गर्नु नागरिकको संविधानप्रदत्त अधिकार भएकाले त्यसको अभावमा नागरिकको अधिकार र प्रतिष्ठाको सम्मान हुन सक्दैन । आत्मसम्मान तथा गोपनीयताको अधिकारले सम्मानपूर्वक मर्यादित भएर बाँच्न पाउने अधिकारलाई प्रत्याभूत गर्न सकिन्छ । कुनै पनि कार्यालयलाई जुन कामका लागि कानुनले अधिकार दिएको छ, सो कार्य मात्र गर्नुपर्छ । अधिकारविहीन वा अधिकारभन्दा बाहिर गई गरेको जोकसैको काम कारबाहीले कानुनी मान्यता पाउन नसक्ने कुरा सर्वोच्च अदालतद्वारा भएको फैसलामा बोलिएको छ । त्यस्तो अवस्थामा नागरिकले सार्वजनिक निकायबाट काम कारबाहीसम्बन्धी सूचना माग गर्न सक्छ । नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हकसँग पनि सूचनाको हकको सम्बन्ध रहेको हुन्छ ।

सम्मानपूर्वक बाँच्न पाउने हकको अर्थ केवल जनाबरजस्तो अवस्थामा बाँच्ने भन्ने होइन । मानव जीवनमा सम्मानपूर्वक बाँच्न पाउने भन्ने अधिकारसम्बन्धी हकले सबै प्रकारको मौलिक एवम् मानवअधिकारको उपभोग गर्न पाउनुपर्ने हुन्छ । नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हकको सम्मान गरेर मात्र राज्यको शासकीय क्षमता र प्रणालीको चरित्र प्रष्ट हुन्छ । नेपालको संविधानको धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई मौलिक हकको शुरुमा राखेकाले पनि यसको अर्थ व्यापक रहेको प्रष्ट हुन्छ । राज्यले त्यसको कार्यान्वयन, संरक्षण र सम्मान गर्नुपर्छ ।

राज्यको सार्वभौमसत्ता उसको शासकीय क्षमताबाट प्रदर्शित हुन्छ । संविधान र प्रचलित कानुनबमोजिम राज्य सञ्चालनको व्यवस्थाले कानुनी राज्यको स्थापना र प्रवर्द्धनमा सहयोग पुग्ने हुन्छ । सार्वजनिक अधिकारप्राप्त निकाय वा पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा वा नगर्दा कानुनबमोजिम गरेमा मात्र कानुनको शासन स्थापित गर्न मद्दत पुग्ने अवस्था हुन्छ ।

कानुन बमोजिम स्थापित निकाय वा सरकारी कार्यालय वा अधिकारीले संविधान र कानुनले तोकेको सार्वजनिक कर्तव्य पूरा गर्नुपर्छ। त्यस्तो अवस्थामा नागरिकले प्रश्न गर्न र सूचनाको माग गर्न सक्छन्। जसको जे अधिकार हो उसलाई आफ्नो अधिकार स्वतन्त्रतापूर्वक प्रयोग गर्न दिनुपर्छ। अनुचित हस्तक्षेप हुन्छ भने त्यस्तो कार्य स्वयम् पनि अनुचित हुन जान्छ।

संविधान र कानुन विपरीत हुने गरी सार्वजनिक कार्यालय र अधिकारीले कार्य गर्नु भनेको कानुनी शासनको विपरीत गर्नु हो। यस्तो अवस्थामा प्रत्येक नागरिकलाई प्रश्न गर्ने र सूचनाको माग गर्ने अधिकार रहन्छ। नागरिकलाई चाहिएको निजी र सार्वजनिक सूचना प्राप्त गर्नु मौलिक अधिकार र मानवअधिकार हो। त्यस्तो मौलिक अधिकार र मानव अधिकारको सम्बन्धित सबै सरकारी र सार्वजनिक निकाय र व्यक्तिले सम्मान र पालना गर्नु अनिवार्य छ। सूचनाको हकसम्बन्धी अधिकारलाई लोकतान्त्रिक प्रणाली, लोकतान्त्रिक संविधान र संविधानले प्रत्याभूत गरेको मौलिक हक तथा मानवअधिकारको फराकिलो अर्थमा बुझ्नु र कार्यान्वयन गर्नु अनिवार्य छ।

**निष्कर्ष**

नेपालको संविधानमा उल्लिखित मौलिक हक नेपाली नागरिकका मानवअधिकारका विषय हुन्। मौलिक हकको कार्यान्वयनमा कसैले अवरोध गरेमा वा सरकारी निकाय वा कार्यकारी अधिकारप्राप्त अधिकारीबाट त्यसको सुरक्षा र संरक्षण हुन नसकेको खण्डमा नेपालको संविधानअनुसार सर्वोच्च अदालतमा न्याय माग गर्ने अधिकार संविधानको धारा १३३ ले प्रदान गरेको छ।

सूचनाको हक लोकतान्त्रिक र गणतान्त्रिक संविधान कार्यान्वयनका लागि एउटा महत्वपूर्ण हकको रूपमा रहेकाले यसको कार्यान्वयन, पालना र सम्मान अत्यावश्यक भएको हो। सूचनाको हक, व्यक्तिगत स्वतन्त्रता र मानवअधिकारको गहिरो अन्तरसम्बन्ध रहेको छ। नेपालको संविधानले सुरक्षित गरेको सूचनाको हकलाई सरोकारवाला सबैले साँचो अर्थमा बुझ्न, सोच्न र कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

-o-

# नागरिकको कर्तव्य पालना गर्ने औजार बन्न सक्छ : सूचनाको हक



◆ पूर्णप्रसाद मिश्र

संविधानसभाबाट २०७२ असोज ३ गते जारी भएको नेपालको संविधानको धारा ४८ मा पहिलोपटक नागरिकका कर्तव्य उल्लेख गरिएको छ। चार बुँदामा उल्लेख गरिएको नागरिकका कर्तव्यको पहिलो बुँदामा 'राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु' उल्लेख छ।

नागरिकले यो कर्तव्य पूरा गर्न सूचनाको हक प्रयोग गरेर स्वतः स्फूर्तरूपमा काम गर्न सक्छन्। सूचनाको हकसम्बन्धी कानुन नागरिकले नै कार्यान्वयन गराउन सक्ने भएकाले राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामाथि आउने चुनौतीको सामना गर्न सूचनाको हक प्रभावकारी औजार बन्न सक्छ। राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतामाथि आउने खतराको सामना पनि सूचनाको हकले गर्न सक्छ।

संविधानमा उल्लेख भएअनुसार नागरिकको दोस्रो कर्तव्यमा संविधान र कानुनको पालना गर्नुलाई राखिएको छ। संविधान र कानुनको पालना नगरी राज्यका निकायले काम गर्दा समस्या हुने गरेको चर्चा पनि सुनिने गर्छ। यस्ता विषयमा सूचना मागी नागरिकले विभिन्न माध्यमबाट कानुनको पालना नगर्ने निकायको निगरानी र खबरदारी गर्न सक्छन्। सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली २०६५ अनुसार सूचना मागेर नागरिकले यो कानुनको पालनाका साथै कार्यान्वयनमा सहयोग गर्न सक्छन्।

नागरिकको सक्रियतामा संविधान र कानुनको पालना नभई गरिएका कामको सूचना मागका माध्यमबाट तथ्य बाहिर आउन थालेपछि सुशासन कायम गर्न सहयोग पुग्छ। कानुनको पालना गराउने नागरिक कर्तव्य पूरा हुन्छ। यसले अधिकारमा बसेकालाई संविधान र कानुनको पालना नगरे आलोचित हुनुपर्ने सन्देश प्रवाह भई अप्ठ्यारो हुन्छ।

नागरिक कर्तव्यको तेस्रो बुँदामा राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु भन्ने वाक्यको उल्लेख गरिएको छ। नागरिकले सूचनाको हक प्रयोग गरेर राज्यले नचाहेका वेला पनि सेवा गर्न सक्छन्। राज्यले चाहेका वेला भने राज्यले चाहेअनुसार नै सेवा गर्न सक्छन्।

नागरिक कर्तव्यको चौथो एवम् अन्तिम बुँदामा सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु भनी सचेत गराइएको छ। यसका लागि पनि सबैभन्दा उपयोगी औजार सूचनाको हक हुन

सक्छ । सार्वजनिक सम्पत्तिको दुरुपयोग भएका निकायमा सूचना माग गरेर ती तथ्यलाई बाहिर ल्याउँदा संरक्षणका पक्षमा जनमत तयार पार्न सकिन्छ। यो दबावले ती निकायलाई पनि सक्रिय हुन घचघच्याउँछ ।

## जनताको नजिकको सरकारमा छैनन् सूचना अधिकारी

नागरिकले निर्वाचित गरी पठाएको सबैभन्दा नजिकको सरकार भनेको वडा हो । जहाँ अध्यक्षसहित पाँचजनाको समिति हुन्छ । नागरिकले निर्वाचित गर्ने नजिकको यो सरकारी कार्यालयमा अझै सूचना अधिकारी तोकिएका छैनन् । काठमाडौँ महानगरपालिकाका केही वडामा सूचना अधिकारी भनेर वडा सचिवलाई तोकिएको छ । महानगरपालिकाका ३२ वटै वडामा सूचना अधिकारीको फ्लेक्स झुन्ड्याएको भेटिँदैन । महानगरपालिकाका सूचना अधिकारी वसन्त आचार्य भने सबै वडामा वडा सचिवलाई सूचना अधिकारी तोकिएको बताउनुहुन्छ । महानगरपालिकाको यो निर्णय सबै वडाले पालना गरेका छैनन् ।

सूचनाको हकका लागि राष्ट्रिय महासङ्घले मङ्सिर अन्तिम सातादेखि एकमहिने सूचना माग अभियान सञ्चालन गर्‍यो । त्यसक्रममा देशको राजधानी रहेको महानगरपालिकाका सबै वडामा सूचना माग गरियो। नगण्य वडाले मात्र सूचना दिए। महानगरपालिकालाई पनि बोधार्थ दिएर वडा कार्यालयका प्रमुखलाई सम्बोधन गरी उजुरी गरेपछि महानगरपालिकाका सूचना अधिकारी आचार्यले फोन गरी सबै वडामा सूचना माग गरेको हो भनी सोध्नुभयो । सबै वडामा सूचना माग गरेको जानकारी दिएपछि उहाँले कानुन अधिकृतलाई ३२ वटै वडा कार्यालयमा फोन गर्न लगाई सूचना दिन लगाउँदा पनि आधाभन्दा कमबाट मात्र सूचना पाउन सकियो ।

देशको राजधानी रहेको र पुरानो नगरपालिकाको यो हालत छ भने दूरदराजका वडाको अवस्था के होला ? सहजै अनुमान गर्न सकिन्छ । दूरदराजका गाउँमा वडा कार्यालय पुग्नसमेत दुईदेखि तीन दिनसम्म हिँड्नुपर्छ । त्यहाँ कर्मचारी पनि कम पुग्छन् । नागरिक पनि अशिक्षित हुन्छन् । त्यस्ता ठाउँमा सूचना माग गर्न कति अप्ठ्यारो होला ? यसैले देशका छ हजार ७४३ वटै वडामा सूचना अधिकारी तोक्न लगाउने गरी अभियान चलाउन जरुरी भएको छ । वडा कार्यालयमा वडा सचिवलाई नै सूचना अधिकारीको जिम्मेवारी दिन सकिन्छ। यसका लागि राष्ट्रिय सूचना आयोगले नै ठोस निर्णय गर्नु आवश्यक छ ।

महासङ्घको एकमहिने अभियानका क्रममा काठमाडौँ उपत्यकाकै अर्को पुरानो भक्तपुर नगरपालिकासँग पनि सूचना माग गरियो। त्यसको एक नम्बर बुँदामा सबै वडा कार्यालयको ठेगाना, इमेल, सम्पर्क नम्बरका साथै सूचना अधिकारीको नाम पनि माग गरिएको थियो । नगरपालिकाका सूचना अधिकारी दामोदर सुवालले वडा कार्यालयमा अहिलेसम्म इमेल

ठेगाना नभएको, सूचना अधिकारी नतोकिएको जानकारी दिनुभयो ।

काठमाडौँ उपत्यकाका तीन जिल्लामध्ये ललितपुरमा तीनवटा गाउँपालिका पनि छन् । तीनवटै गाउँपालिकामा पनि सबै वडा कार्यालयको ठेगाना, इमेल, सम्पर्क नम्बरका साथै सूचना अधिकारीको नाम पनि माग गरिएको थियो । त्यसमध्ये बाग्मती गाउँपालिकाका सूचना अधिकारी मिलन शर्मा घिमिरेले माग गरेको भोलिपल्टै इमेलबाट ती सूचना दिनुभयो । अरू दुई गाउँपालिकाले भने एक महिना बित्दा पनि ती सूचना दिएका छैनन् । दुर्गम गाउँपालिकाका सूचना अधिकारीले समयमै सूचना दिने तर महानगरपालिका र नगरपालिकाका सूचना अधिकारीले नदिनुको कारणलाई सूक्ष्मरूपमा विश्लेषण गर्नु जरुरी छ ।

सूचनाको हकका विषयमा सूचना अधिकारीको लगावका कारण पनि नागरिकले सूचना पाउने/नपाउनेमा प्रभाव पार्ने गरेको काठमाडौँ उपत्यकाका स्थानीय तह र वडा कार्यालयमा सूचना माग गर्दाको अनुभवबाट पुष्टि भएको छ । सूचनाको हक तल्लो तहसम्म स्थापित गर्नका लागि जनताको नजिकको सरकार रहेको वडा कार्यालयमा अनिवार्य रूपमा सूचना अधिकारी तोक्ने व्यवस्था गरिनुपर्छ । सरोकार भएका निकायको समन्वयमा आयोगले यसका लागि विशेष पहल गर्नु जरुरी छ ।

## सुशासनका लागि सूचनाको हक

भ्रष्टाचारको न्यूनीकरण गरी सुशासन कायम गर्न पनि सूचनाको हक प्रभावकारी माध्यम बन्ने गरेको छ । सूचना मागले लुकाउन खोजिएको विषय बाहिर आउँछ । यसबाट पारदर्शिता कायम हुन्छ । गलत काम गर्नेका विरुद्ध जनमत निर्माण गर्न पनि सूचनाको हकले सहयोग गर्छ ।

नेपालको संविधान २०७२ जारी भएपछि बनेका ७५३ वटै स्थानीय तहमा सिंहदरबारका अधिकार विकेन्द्रित भएको छ । सिंहदरबारको अधिकारसँगै स्थानीय तहमा भ्रष्टाचार पनि विकेन्द्रित भएको गुनासो बढेकाले वडा र स्थानीय तहमा सूचना माग गरेर अनियमितता एवम् भ्रष्टाचार न्यूनीकरणको अभियान चलाउन सकिन्छ ।

केही मानिसले सूचना माग्दा त स्थानीय सरकारलाई दबाव पुगेको छ भने अभियानका रूपमा सूचना माग गर्दा यसले ठूलो दबाव सिर्जना गर्न सक्छ । यसका लागि युवा, विद्यार्थीवर्गलाई सूचनाको हकको अभियानमा आकर्षित गर्नुपर्छ । यो काममा आयोग र महासङ्घलगायत सरोकार भएका निकाय लाग्नु जरुरी छ ।

यो अभियानमा गाउँटोलका चियापसलमा बसेर केही भएन भनी जनप्रतिनिधि, कर्मचारी

लगायतलाई सराप्ने वर्गलाई पनि आकर्षित गर्ने गरी कार्यक्रम अघि सारिनुपर्छ। चियापसलमा बसेर आदर्शका गफ छाँट्ने तर संविधानले दिएको नागरिकको कर्तव्य पूरा गर्न नलाग्ने यो वर्गलाई सचेत बनाउनु जरुरी छ। सूचना माग गरेर त्यसको प्रक्रियाका माध्यमबाट कसरी दबाव सिर्जना गर्न सकिन्छ भनी चियापसलमा बिहान, बेलुकीको समय बिताउनेलाई प्रशिक्षित गर्न सके भ्रष्टाचार न्यूनीकरणमा योगदान पुग्न सक्छ।

सूचनाको हक विश्वमै पहिलोपटक अभ्यास गर्ने स्वीडेन अहिले कम भ्रष्टाचार हुने मुलुकमा पर्छ। सन् १७६६ मा स्वीडेनबाट सूचनाको हक शुरु भएको थियो। यसअवधिमा त्यहाँ भएको सूचनाको हकको अभ्यासले पनि भ्रष्टाचार कम गराउन सहयोग पुगेको हो।

स्वीडेनमा सूचनाको हकको कानुन बनेको १८५ वर्षपछि फिनल्याण्डमा पनि सूचनाको हकको कानुन आयो। सूचनाको हकको कानुन तर्जुमा गर्ने दोस्रो देश फिनल्याण्ड पनि ट्रान्सपरेन्सी इन्टरनेशनलले हालै सार्वजनिक गरेको भ्रष्टाचार सूचकाङ्कअनुसार कम भ्रष्टाचार हुने देशको सूचीमा सूचीकृत भएको छ। फिनल्याण्ड पनि सूचनाको हकको लामो अभ्यास गरेको देश भएकाले सुशासन कायम हुन सकेको हो। नेपालमा पनि सूचनाको हकको वडा तहसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्ने नागरिकको समूह बनाउन सकियो भने संस्थागत स्वरूप ग्रहण गर्न लागेको भ्रष्टाचारलाई न्यूनीकरण गर्न सकिन्छ।

संयुक्त राष्ट्रसङ्घले सूचनाको हकलाई आधारभूत मानवअधिकारसहित अन्य स्वतन्त्रताको आधारतत्वका रूपमा व्याख्या गरेको छ। संयुक्त राष्ट्रसङ्घले सन् १९४६ मा पारित गरेको प्रस्ताव नं. ५९ (१) अनुसार सूचनाको हकलाई सबै स्वतन्त्रताको आधारतत्वका रूपमा स्थापित गरेको हो। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र १९४८ को धारा १९ अनुसार सूचनाको हकलाई मौलिक हकका रूपमा अघि बढाइएको छ।

विश्वजगत् र नेपालमै पनि सूचनाको हकको आधार बलियो छ। तर यसको कार्यान्वयनमा भने नागरिकको उदासीनता देखिन्छ। नागरिकले नै कार्यान्वयन गराउन सक्ने यो कानुनको कार्यान्वयनमा सरोकार भएका निकायले एकीकृत रूपमा पहल गर्न जरुरी भइसकेको छ। सरकारले पनि सूचनाको हक प्रवर्द्धनका लागि वडा तहसम्म काम गर्ने गरी कार्ययोजना बनाउनु जरुरी छ।

-o-

# सूचनाको हक : अन्तर्राष्ट्रिय प्रबन्ध र राष्ट्रिय अभ्यास



◆ डा. महेन्द्र विष्ट*

नेपालमा सूचनाको हकलाई संवैधानिकरुपमै प्रत्याभूत गरिएको छ । सबैभन्दा पहिले नेपाल अधिराज्यको संविधान २०४७ मा यसको व्यवस्था भयो । तर, नेपाल पत्रकार महासंघलगायत सरोकारवाला पक्षको निरन्तरको प्रयासको वाबजुद सूचनाको हकलाई प्रचलनमा ल्याउन ऐन निर्माणलगायतको थप कानुनी प्रबन्ध गरिएन । फलतः कतिपय महत्वपूर्ण विषयमा सूचनाको हकबमोजिम सूचना नपाउँदा सर्वोच्च अदालतमा रिट जाने अवस्था बन्यो । अदालतबाट टनकपुरलगायतका केही मुद्दामा महत्वपूर्ण फैसला पनि भए । त्यसमार्फत् नयाँ सिद्धान्तको प्रतिपादन पनि भयो । तर, त्यसैको आधारमा मात्र सूचनाको हक प्रचलनमा आउन सहज थिएन ।

लोकतन्त्रको स्थापनापछि जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ मा पनि सूचनाको हकलाई प्रत्याभूत गरियो । त्यसलाई कार्यान्वयन गर्न ऐन-नियमको अपरिहार्यता पुनः खड्कियो । त्यसपछि संविधानले प्रत्याभूत गरेको सूचनाको हकलाई प्रचलनमा ल्याउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ बन्यो । एक वर्षपछि सूचनाको हकसम्बन्धी नियमावली पनि बन्यो । ऐनको प्रमुख व्यवस्थाको रुपमा रहेको राष्ट्रिय सूचना आयोग पनि गठन भयो । संविधानसभाबाट २०७२ सालमा जारी भएको नेपालको संविधानको धारा २७ मा सूचनाको हकलाई प्रत्याभूत गरियो । २०६४ सालमा सूचनाको हकसम्बन्धी ऐन बनेको सत्र वर्षको यस दौरानमा तीन वटा आयोग बनिसकेका छन् । समग्रमा दोस्रो र नयाँ संविधान निर्माणपछि बनेको पहिलो आयोगले पनि आफ्नो कार्यकाल सम्पन्न गरी वर्तमान आयोगसमेत कार्यकालको उत्तरार्द्धतर्फ पुगिसकेको छ ।

सूचनाको हकको संवैधानिक प्रत्याभूति गरिए पनि यसका कतिपय व्यवस्था अन्तर्राष्ट्रिय मापदण्ड अनुसार अझै पनि पूर्ण नरहेको अवस्था छ । संविधानको धारा २७ मा सूचनाको हक प्रत्येक नागरिकलाई हुने व्यवस्था उल्लेख गरिएको छ । यो व्यवस्था प्रत्येक व्यक्तिलाई नभई प्रत्येक नागरिकलाई भनिँदा त्यसको अर्थ व्यापकतामा जति हुनुपर्ने हो, त्यति छैन । सूचना माग्ने र पाउने हकसँगै कुनै पनि माध्यमबाट बिनाकुनै बन्देज प्रसार गर्न पाउने व्यवस्था पनि यसमा समावेश छैन । यस्तै सूचनाको हक हुने उल्लेख भएसँगै प्रतिबन्धात्मक व्यवस्था पनि थपिएको छ । यो व्यवस्था शाब्दिक हिसावमा केही सङ्कुचित छ । आयोगको

** पूर्व अध्यक्ष, नेपाल पत्रकार महासंघ*

हैसियत संवैधानिक तहको छैन । समग्रमा यी व्यवस्था अन्तर्राष्ट्रिय मापदण्डविपरीत नभए पनि सोही तहको फराकिलो छैन ।

नेपालमा सूचनाको हकसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाको मूल चरित्र सूचनाको अधिक सार्वजनिकीकरण अर्थात् प्रोएक्टिभ डिस्क्लोजरको मान्यता अनुसारकै छ । यो सकारात्मक पक्ष हो । आयोगको क्रियाशीलता पनि आवश्यकता अनुसार भइरहेकै देखिन्छ । यद्यपि, सार्वजनिक निकायबाट सूचनाको हकको कार्यान्वय जुन ब्यापकतामा हुनुपर्ने हो, त्यो हुन सकेको छैन । सूचनाको हकको कार्यान्वयनलाई लिएर विगतमा उठेका गुनासाको सम्बोधन पनि सहीरूपमा हुन सकिरहेको छैन । बरु बेलाबेलामा यस क्षेत्रलाई विथोल्ने गरी नयाँ-नयाँ कार्यहरू भएका छन् । त्यसको फलस्वरुप थुप्रै थप प्रश्नहरु उठेका छन् । संविधानले प्रत्याभूत गरेको र सम्बन्धित ऐन-नियमले व्यवस्था गरेको सूचनाको हक कार्यान्वयनमा जटिलता उत्पन्न हुने गरेको छ ।

केही वर्ष अघिमात्र पनि ऐनको दफा २७ बमोजिम सूचनाको वर्गीकरण गर्न मुख्यसचिवको अध्यक्षतामा गठित समितिले गोप्य राख्नुपर्ने सूचनाको सूचीमा समावेश गरेका ८७ प्रकारका नीतिगत विषयले संविधान र ऐनले व्यवस्था गरेको सूचनाको हकलाई सङ्कुचित मात्र नभई नियन्त्रण नै गर्ने प्रयास गऱ्यो । सरोकारवालाको दवाव र प्रधानमन्त्रीको हस्तक्षेपका कारण त्यसको कार्यान्वयन त तत्काललाई रोकिएको छ, तर त्यसले थुप्रै प्रश्न भने उठाएको छ । यसले नेपाल सरकार र सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीको मनोविज्ञान झल्काएको छ । त्यसले लोकतन्त्रको अपरिहार्य शर्त मानिने खुला सरकारको अवधारणालाई अस्वीकार गरेको छ । सूचना समाजको निर्माण गर्ने प्रक्रियालाई अवरुद्ध गर्ने प्रयास गरेको छ । सूचनाको हकको कार्यान्वयन एवम् खुला सरकारको अवधारणाका सन्दर्भमा मात्र होइन, लोकतन्त्रको भविष्यकै निम्ति यो दुर्भाग्यपूर्ण अवस्था हो ।

रबर्ट ए. डाहलले 'प्रजातन्त्रका बारेमा' (On Democracy) नामक आफ्नो पुस्तकमा प्रजातन्त्रका लागि आवश्यक पर्ने ६ वटा कुराहरूमा निर्वाचित पदाधिकारीहरू, स्वतन्त्र, निश्पक्ष र नियमित चुनावहरू, अभिव्यक्ति स्वतन्त्रता, सूचना-जानकारीका लागि वैकल्पिक स्रोतहरू, संघ-संस्थाहरूको स्वायत्तता र सबैजनालाई सामेल गरिने नागरिकता भनी उल्लेख गरिएका छन् । अभिव्यक्ति स्वतन्त्रतालाई प्रजातन्त्रको आधारभूत सर्तका रूपमा व्याख्या गर्दै पुस्तकमा 'आफ्नो कुरा सुनाउने र अरूले भन्न खोजेको कुरा सुन्न पाउने अधिकार' हुने उल्लेख गरेका छन् । पछिल्लो समय सूचनामा पहुँचको नयाँ आयाम र सार्वजनिक सञ्चारमाध्यमको विस्तार मात्र भएको छैन, यसको प्रयोगमा समेत ब्यापकता आएको छ । सूचना प्रविधिको विकासले लोकतन्त्रको विश्वव्यापी सनातनी मान्यतालाई पुनः परिभाषित गरेको छ । अतिसंवेदनशील बाहेकका सम्पूर्ण सूचना सार्वजनिक डोमेनमा

उपलब्ध भइरहेका छन् । सूचनाहरु अब सरकारी अधिकारी वा सार्वजनिक निकायको नियन्त्रणभित्र छैनन् ।

नयाँ प्रविधिको विकासले प्रविधि लोकतन्त्र (Digital democracy) को नयाँ अवधारणा जन्माएको छ । यसले सूचना प्राप्ति र प्रवाहको अभ्यासलाई भौगोलिक क्षेत्र र भौतिक पूर्वाधारको दृष्टिले सीमाविहीन गराएको छ । यस्तो अवस्थामा सूचनाको अधिकाधिक प्रवाह र प्रेस स्वतन्त्रताको पूर्ण कार्यान्वयनबिनाको लोकतन्त्र आडम्बर मात्र हुन्छ भन्ने कुरालाई झल्काएको छ । यद्यपि, अहिले समाजमा रहेको आर्थिक विभाजन, प्रविधिको विभाजन, शिक्षाको विभाजन र सूचनाको विभाजनले सूचना संरचना (Information Order) मा समेत प्रतिकूल प्रभाव परिरहेको सन्दर्भ पनि उत्तिकै महत्वपूर्ण र संवेदनशील छ । नेपालजस्ता अतिकम विकसित र विकासोन्मुख मुलुकमा त यसको प्रभाव अझ बढी नै देखिन्छ ।

नेपालमा सूचनाको हकको संवैधानिक, नीतिगत तथा कानुनी प्रबन्ध एवम् संरचनागत अभ्यास हुन थालेको धेरै लामो समय नभए पनि विश्वव्यापीरुपमा यसको व्यवस्था र अभ्यास भएको धेरै भइसकेको छ । संयुक्त राष्ट्रसंघले स्थापनाकालदेखि नै सूचनाको स्वतन्त्रतालाई मानव अधिकारको रूपमा आत्मसात् गर्दै आएको छ । सन् १९४६ डिसेम्बर १४ मा सम्पन्न राष्ट्रसंघको पहिलो सत्रको साधारणसभाले पारित गरेको प्रस्ताव नं. ५९ (१) मा सूचनाको स्वतन्त्रता मानव अधिकार तथा अन्य सबै स्वतन्त्रताहरूको आधार हो, जुन कार्यमा संयुक्त राष्ट्रसंघ समर्पित छ भनी घोषणा गरिएको थियो ।

सन् १९४८ डिसेम्बर १० मा पारित मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ मा प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता हुनेछ, यो अधिकारअन्तर्गत प्रत्येक व्यक्तिलाई बिनाहस्तक्षेप विचार अभिव्यक्त गर्ने, आफूले चाहेको सूचना माग्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना एवम् विचार कुनै पनि माध्यमद्वारा बिनाबन्देज प्रसार गर्ने स्वतन्त्रता हुनेछ भनी स्पष्टसँग उल्लेख गरिएको छ । संयुक्त राष्ट्रसंघको साधारण सभाले सन् १९६६ डिसेम्बर १६ मा अनुमोदन गरेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धले यसलाई अझ फराकिलो र स्पष्टसँग संरक्षित गरेको छ ।

नेपालले सन् १९९१ मे १४ मा अनुमोदनसमेत गरिसकेको यस महासन्धिको धारा १९ मा 'प्रत्येक व्यक्तिलाई बिनाकुनै हस्तक्षेप आफ्नो विचार राख्न पाउने अधिकार हुनेछ' भनिएको छ । यसमा प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकारअन्तर्गत बिनाकुनै बन्देज वा सीमा आफूले चाहेको सूचना तथा विचार माग्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना वा विचार मौखिक, लिखित वा मुद्रितरूपमा वा कलात्मकरूपमा वा आफ्नो छनोटको अन्य कुनै माध्यमद्वारा प्रसार गर्न पाउने स्वतन्त्रता हुने उल्लेख छ । यस्तै मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको संरक्षणसम्बन्धी युरोपेली अभिसन्धि १९५० को धारा १० ले '

प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, जसअन्तर्गत प्रत्येक व्यक्तिलाई कुनै अधिकारीको कुनै हस्तक्षेपबिना तथा कुनै सीमानाको बन्देजबिना विचार राख्ने तथा आफ्नो धारणा वा आफूले चाहेको सूचना प्राप्त गर्ने र त्यसको प्रसार गर्ने स्वतन्त्रताको अधिकार हुनेछ' भनेको छ । यद्यपि, यसैको प्रतिबन्धात्मक वाक्यांशमा यी स्वतन्त्रताहरूको प्रयोग राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा वा प्रादेशिक अखण्डताको हित, अव्यवस्था वा अपराधको नियन्त्रण, नैतिकता वा स्वास्थ्यको संरक्षण, अरूको अधिकार वा सम्मानको संरक्षण, गोप्य राख्नुपर्ने सूचनाको प्रकाशनमा रोक वा न्यायपालिकाको निश्पक्षता वा अधिकारलाई अक्षुण्ण राख्नेजस्ता शर्तमा आधारित हुनुपर्ने उल्लेख गरिएको छ ।

विश्वव्यापी व्यवस्था, अभ्यास र प्रवृत्तिको अध्ययन गर्ने हो भने पछिल्लो समयमा सूचनाको हकलाई अझ फराकिलो बनाउँदै लगिएको पाइन्छ । मानवअधिकार तथा जनताका अधिकारसम्बन्धी अफ्रिकी आयोगबाट सन् २००२ मा अनुमोदन भएको अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी सिद्धान्तहरूको अफ्रिकी घोषणापत्रमा सार्वजनिक निकायहरूले आफ्ना लागि नभई जनताको हितको संरक्षकका रूपमा सूचना राख्ने भएकोले प्रत्येक व्यक्तिसँग कानुनद्वारा स्पष्टरूपमा लेखिएको सीमामा रहने गरी सूचनामा पहुँचको अधिकार हुन्छ भन्ने व्याख्या गरिएको छ । सूचनाको पहुँचलाई प्रेस स्वतन्त्रता र बहुलवादी मिडियाको प्रवर्द्धनको आधारका रुपमा अन्य थुप्रै अन्तर्राष्ट्रिय घोषणाहरुमा समेटिएको छ । युनेस्कोबाट पारित भई राष्ट्रसंघको साधारण सभाले अनुमोदन गरेको विन्डहोक घोषणापत्र १९९१, आल्माआता घोषणापत्र १९९२ का साथै विशिष्ट क्षेत्रहरूको सूचनासम्बन्धी घोषणाहरुले सूचनाको पहुँच, निर्णय प्रक्रियामा जनसहभागिता तथा न्यायको पहुँचसम्बन्धी व्यवस्थाका साथै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारसम्बन्धी प्रबन्धहरु गरेका छन् ।

त्यस्तै सन् १९९८ मा संयुक्त राष्ट्रसंघको साधारण सभाले जारी गरेको मानवअधिकार रक्षकसम्बन्धी घोषणाले सबै मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूलगायत यस्ता अधिकार एवम् स्वतन्त्रताहरू प्रजातान्त्रिक व्यवस्थापिका, न्यायिक वा प्रशासनिक पद्धतिहरूमा कार्यान्वयनसम्बन्धी सूचना थाहा पाउने, माग्ने, प्राप्त गर्ने र प्रकट गर्ने अधिकारको प्रत्याभूत गरेको छ । यससँगै घोषणामा मानवअधिकार तथा अन्य लागु हुने अन्तर्राष्ट्रिय दस्तावेजद्वारा प्रदत्त सबै मानवअधिकार तथा मौलिक स्वतन्त्रतासम्बन्धी धारणा, सूचना एवम् जानकारी स्वतन्त्ररूपमा प्रकाशन, व्यक्त वा प्रसार गर्ने अधिकारलाई समेत समेटिएको छ ।

नेपाल पक्ष राष्ट्र भएका वा पालनाको दायित्वमा पर्ने अन्तर्राष्ट्रिय घोषणा र अभ्यासमा रहेका यी सबै प्रबन्धबाट नेपाल अलग हुन सक्तैन । त्यसमाथि नेपालकै संवैधानिक र कानुनी व्यवस्थामा समेत यसको अक्षर र भावनालाई समेटिएको कारण त्यसको अनुशरण र प्रचलनका लागि उत्तरदायी हुनुपर्ने आवश्यकता र बाध्यता दुवै रहन्छ । नेपालको

संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ। सोही व्यवस्थाअन्तर्गत प्रतिबन्धात्मक खण्डमा 'तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन' भनिएको छ।

संविधानको यो प्रतिबन्धात्मक प्रावधानलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ मा सार्वजनिक निकायमा रहेका सूचना प्रवाह नगरिने भनी पाँच वटा विषयको उल्लेख गरिएको छ। जसको पहिलो बुँदामा नेपालको सार्वभौमिकता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पर्ने विषय उल्लेख छ। त्यस्तै दोस्रोमा अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पर्ने विषय छ। तेस्रोमा आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने र चौथोमा विभिन्न जातजाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्षरुपमा खलल पार्ने विषय छ। यसैगरी पाँचौंमा व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने विषय रहेको छ।

संविधान र ऐन नियमको प्रबन्धका साथै नेपालले अपनाएको राजनीतिक प्रणालीले पनि प्रत्येक नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने व्यवस्थाका साथै सार्वजनिक निकायबाट त्यसलाई स्वतः सार्वजनिक गर्न प्रेरित गर्दछ। त्यति मात्र होइन, यसलाई अनिवार्य शर्तको रुपमा पालना गर्न निर्देशित गर्दछ। यसर्थ पनि सूचनाको हकको कार्यान्वयनमा सम्बद्ध निकाय र पदाधिकारी जिम्मेवार हुन आवश्यक हुन्छ।

राष्ट्रिय सूचना आयोग यसमा अझ बढी चनाखो, सक्रिय र गम्भीर हुन जरुरी छ। उसले आफू मात्र सक्रिय भएर पुग्दैन, सार्वजनिक निकाय र त्यहाँ रहेका पदाधिकारीलाई समेत यसमा उत्प्रेरित र सक्रिय बनाउनु पर्दछ। सूचनाको हकको कार्यान्वयनमा 'प्रोएक्टिभ' भूमिका निभाउनेलाई पुरष्कृत र सूचना लुकाउने वा सूचना प्रवाहबाट पन्छिनेलाई दण्डित गर्न सक्नुपर्दछ। सूचनाको हकका माग पक्ष, अभियन्ता र आमसञ्चारजगत्सँगको सहकार्यलाई आयोगले अझ कसिलो बनाउनुपर्ने खाँचो छ।

सूचना संस्कृतिको विकास अझै हुन नसकेको अवस्थामा आयोगले प्रचलित कानुनबमोजिम पुनरावलोकनको दायित्व निर्वाह गरेर मात्र पुग्दैन। यसको प्रवर्द्धनका लागि अभियान पनि सञ्चालन गर्नुपर्दछ। त्यसको निम्ति सञ्चारका अनेक विधि, माध्यम र तरिकालाई आत्मसात् गरी अझ मौलिक र सिर्जनशील भूमिका खेल्नुपर्दछ। डिजिटल माध्यमको तीब्रतर विकास भइरहेको वर्तमान सन्दर्भमा आयोगले यो माध्यमलाई पनि आत्मसात् गर्न जरुरी हुन्छ।

नेपाल भाषिकरुपमा समेत विविधतायुक्त मुलुक हो । त्यो विविधता यहाँ पनि अभ्यास हुन आवश्यक छ । आयोगबाट वार्षिकरुपमा प्रस्तुत गर्ने प्रतिवेदनलाई आयोगका गतिविधिको सङ्गालोमा सीमित गरिनु हुँदैन । यसमा सूचनाको हकको कार्यान्वयन अवस्थाको विस्तृत विवरण समेट्नुपर्दछ । प्रवृत्तिगत विश्लेषण, सार्वजनिक निकायको दायित्व र आयोगको भावी रणनीति पनि त्यसमा समावेश गरिनुपर्दछ । त्यसो भएमा सूचनाको हकसम्बन्धी राष्ट्रिय कानुन कार्यान्वयन हुन सक्ने मात्र होइन, अन्तर्राष्ट्रिय दायित्वको पालनासमेत हुने स्थिति बन्नेछ । यसले अन्तर्राष्ट्रिय मञ्चमा नेपाल कमजोर देखिने अवस्थाको अन्त्य हुनेछ भने सूचना संस्कृतिको विकासमार्फत् खुला सरकारको अवधारणा प्रवर्द्धनमा समेत मद्दत पुग्नेछ । त्यसले लोकतन्त्रको संरक्षण र प्रणालीको विकासमा समेत ठोस योगदान हुनेछ। अन्यथा अन्तर्राष्ट्रिय प्रबन्ध फराकिलो हुँदै जाने तर राष्ट्रिय अभ्यास सङ्कुचित बन्दै जाने स्थिति बन्नेछ । त्यसले अन्ततः मुलुकमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नुको सट्टा झन् कमजोर बनाउने भएकोले सूचनाको हकको प्रचलनलाई सङ्कुचित होइन, अझ फराकिलो बनाउँदै लैजान जरुरी छ ।

-O-

# सूचनाको हक प्रयोग, उपलब्धी र सन्तुष्टि



◆ यदुनाथ बन्जारा*

नेपालमा सूचनाको हकसम्बन्धी ऐनले बयस्क रूप लिँदै छ । २०६४ साउन ५ गते प्रमाणीकरण भई भाद्र ३ गतेबाट कार्यान्वयनमा आएको सूचनाको हक १७ वर्षसम्म आइपुग्दा क्रमशः गति लिँदै गएको महसुस गराएको छ । सूचनाको हकसम्बन्धी कानुनको प्रयोग र प्रचलनमा पछिल्ला वर्षहरू नागरिक तहमा उल्लेख्य सक्रियता बढेको देखिनुले सकारात्मक सन्देश सञ्चार गराएको छ ।

सार्वजनिक निकायलाई पारदर्शी बनाउनु नै सुशासनमा टेवा पुऱ्याउनु हो । सूचनाको हकसम्बन्धी कानुनमा दिइएका प्रावधानहरूले नागरिकलाई अधिकारसम्पन्न तुल्याएको छ तर त्यसको प्रयोग गर्न नागरिक तहमा स्वतःस्फूर्त रूपमा चेतनाको अभिवृद्धिको उत्तिकै आवश्यकता रहन्छ । जुन देशका नागरिक सचेतनामा सक्रिय छन् त्यही देशमा सूचनाको हकले मूर्त रूप लिएको छ, पारदर्शिता र सुशासनको मापन बढेको देखाएको छ ।

सूचनाको हक आमनागरिकको लागि बनेको कानुन हो । आफ्नो र सार्वजनिक चासोका विषयमा खुलस्त रूपमा थाहा पाउने अधिकारको सुनिश्चितता गरेकाले सार्वजनिक निकायलाई गोपनीयताको बहानामा सूचना लुकाएर अनियमितता गर्ने छुट अब छैन । नेपालको संविधान २०७२ को धारा २७ ले समेत सूचनाको हकको सुनिश्चित गरेबाट पनि नागरिक बलिया भएका छन् । देशको मूल कानुनदेखि ऐन, नियमावली र कार्यविधिसम्म जारी भई आएकाले कानुन कार्यान्वयनमा नागरिकको सक्रिय चासो र सहभागिता बढ्दो छ ।

कति छ त सूचनाको हकले दिएको तागत ? यो एउटा असीम जिज्ञासा बनेको छ । खोज्ने, बुझ्ने र चासो राख्नेका लागि सागर समान अथाह रहेको यसको उपलब्धि असीमित रहेको छ । नागरिकले खोजेका प्रत्येक प्रश्नको समाधान दिने यो हकबाट हामी यसको प्रयोग कति गर्न सक्छौँ भन्ने मात्र हो । खोज तथा अनुसन्धानमूलक समाचार बनाउने पत्रकारका लागि कोसेढुङ्गा बन्न सफल भएको छ, सूचनाको हक । यसको प्रयोगबाट लुकेका, लुकाइएका अत्यन्तै महत्वपूर्ण स्रोतसामग्री सूचनाको हकको औजारको प्रयोगबाट बाहिर निकालेर आमपाठक र राज्यका नियामक निकायसम्म पुऱ्याउन सकिन्छ ।

* *अध्यक्ष, सूचनाको हकका लागि राष्ट्रिय महासंघ, गण्डकी प्रदेश*

पत्रकारहरूले समाचार छाप्न हतारिनु र तथ्य नपुगेको भन्दै कारबाहीको कसीमा दरिनु, खण्डन र भुल सुधारको नाममा नतमस्तक भएर होचिने अवस्थाबाट गुज्रनेहरूले सूचनाको हकलाई भरपूर प्रयोग गरेर विश्वसनीय र राष्ट्रकेन्द्रित समाचार दिनुलाई गौरव गर्न सकिन्छ । सूचनाको हक प्रयोग गर्दा सूचना पाउन केही दिन, हप्ता ढिला हुन सक्छ तर त्यसरी लेखिने समाचार तथ्यपरक हुन्छन् । यस्तो अवस्थामा पत्रकार सतिसाल भएर उभिन सक्छ । खोजमूलक खबरलाई उछिन्न्न र हतारिएर स्कुप मार्न कसैको तागत नहुने हुँदा जिम्मेवार पत्रकारले जवाफदेही काम गरेर आमपाठकलाई सही सत्य मार्ग देखाउन सक्छ ।

**सूचनाको हकको प्रयोग गरेर लेखिएका केही खोजखबर**

१. **विद्युतको बक्यौता :** वि.सं. २०७०-७१ मा ट्रङ्कलाइनको सुविधा लिएका नेपालका ठूला उद्योग प्रतिष्ठानले विद्युतको महसुस नतिरेको बारेमा व्यापक चर्चा चल्यो तर कसको कति बक्यौता थियो भन्ने बारेमा कुनै मिडियाले तथ्याङ्क छापेनन् । स्कुप मार्ने हतारोमा समाचार सार्वजनिक गरियो । समाचारका पाठकबीच बहस र धारणा बन्न थाल्यो । यसमा सत्य समाचार दिन हामीले सूचना माग गऱ्यौं । सहजरूपमा सूचना पाइएन । आयोगमा पुनरावेदन गरेपछि आयोगको आदेशपश्चात् सूचना पाइयो । प्राप्त लिखित सूचना विवरण अनुसार ७२ वटा उद्योग प्रतिष्ठानको गरी १७ अर्ब ९२ करोड बक्यौता रहेको खुल्यो । तथ्याङ्कसहित समाचार सार्वजनिक गरिएपछि पाठकवृत्तमा जारी भ्रम हट्न गयो ।

२. **हेल्मेट शिक्षक दुईतर्फ पूर्णकालीन नहुने :** तनहुँका सरकारी विद्यालयका शिक्षक दुईवटा स्कुलमा पूर्णकालीन जागिरे भएको गुनासो आएपछि त्यस्ता समस्या कहाँ-कहाँ छन् भनेर विद्यालय व्यवस्थापन समितिसँग सोबारेको निर्णयको सूचना माग गरियो । सूचना माग गरिएलगत्तै कानुनविपरीत दुईतिर जागिर खानेहरू एकातिर राजीनामा दिएर एउटा स्कुलमा मात्रै जागिर खान थालेपछि पढाइको गुणस्तर सुध्रन पुगेको प्रतिक्रिया आएको छ । सोसम्बन्धमा आयकरसमेत छलेको देखिएकोमा आन्तरिक राजस्व कार्यालयले लाखौं रुपैयाँ कर असुल गरेको पाइएको छ ।

३. **बोर्डिङलाई कारबाही :** पोखराका २० वटा संस्थागत विद्यालयसँग सूचना माग गरी विद्यालयको वर्ग, छात्रवृत्ति दिने आधार र विद्यार्थीबाट असुल गरिने शुल्कको जानकारी माग गरेकोमा प्यारामाउण्ट स्कुलले सूचना नदिएका कारण आयोगबाट कारबाही भएको छ । निजी लगानीको विद्यालयले सूचना दिनु नपर्ने भन्दै कानुनव्यवसायी मुकरर गरेर लिखित जवाफ पेश गरेका थिए तर आयोगको आदेशपछि ती विद्यालयले पनि सूचना दिएका छन् । सार्वजनिक निकायको दायरामा रहे/नरहेको समेत चाल नपाउने संस्थागत विद्यालयहरूले बल्ल सूचना दिनैपर्ने शिक्षा पाएका छन् ।

४. **पालिकाको बजेट पत्रकार महासंघलाई :** गण्डकी प्रदेशका कतिपय पालिकाले पत्रकारलाई खुसी पार्ने जिम्मासहित महासंघ जिल्ला शाखाको खातामा एकमुष्ठ रकम दिने गरेको तथ्य सूचना माग गरेपछि थाहा पाइयो । किन दिइएको भन्ने प्रश्नको जवाफ माग्दा टाउको कन्याउनुको विकल्प देखिएन । अहिले आएर त्यस्ता पालिकाले पत्रकार महासंघलाई बजेट नदिने बताएका छन् । मलेपले पनि बेरुजु लेखेका कारण समस्या आएको छ । खासगरी पर्वत जिल्लाका अधिकांश पालिकामा यो समस्या रहेको छ ।

५. **प्रहरीलाई गरिने कारबाही गोप्य नहुने :** प्रहरी कार्यालयले आफ्ना प्रहरी कर्मचारीलाई गरेको कारबाही गोप्य राख्ने गरेका कारण दण्ड र पुरस्कारको समाचार अपूरो र एकपक्षीय रहने गरेको थियो । सूचनाको हकको प्रयोग गरी सूचना माग गर्दा कास्की प्रहरीले कारबाहीको विषय गोप्य हुने बताएर सूचना नदिएपछि आयोगमा पुनरावेदन गरियो । आयोगले सूचना दिनू भन्ने आदेश दियो । आयोगको आदेशपश्चात् बल्ल सूचना पाइयो । यो आदेशले देशभरका प्रहरी कार्यालयलाई सूचना दिने बाटो खुलाएको छ भने पत्रकारहरूलाई समाचार सम्प्रेषणको आधार पुग्नुका साथै आमपाठकले नेपाल प्रहरीभित्र हुने दण्ड पुरस्कारको नीतिलाई बुझ्ने तथा असल र खराब पात्रलाई छुट्याउन पाउने भएका छन् ।

६. **किर्ते सूचना दिँदा अख्तियारमा :** पोखराको फेवासिटी अस्पतालले नर्सिङ कार्यक्रम चलाउने हुँदा अस्पतालको बिरामी अकुपेन्सी र बिरामीको उपचारमा छुट विवरणबारे सूचनाको हकको प्रयोग गरी लिखितरूपमा सूचना माग गरियो । माग गरेको विवरण झूटो दिएको आशङ्का भई नियामक निकाय, स्वास्थ्य कार्यालय कास्कीसँग सूचनाको हक प्रयोग गरी सूचना लिइयो । स्वास्थ्य कार्यालय र अस्पतालबाट प्राप्त सूचना भिडाउँदा फेवासिटी अस्पतालले किर्ते सूचना विवरण दिएको खुल्न आएपछि बलियो समाचार बन्यो । नर्सिङ कार्यक्रम नवीकरणका लागि अकुपेन्सी बढाएर झूटा सूचना दिइएको समाचार प्रकाशनपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन कार्य अघि बढाएको छ । संस्थागत स्वार्थका लागि झूटो सूचना दिँदा कानुनी फन्दामा परिने यो प्रकरणले सबक सिकाएको छ ।

७. **सहकारीको संघको बैठकभत्ता ३० हजार :** यतिखेर जताततै सहकारीको समस्याको बहस र चर्चा छ । सहकारीका सञ्चालक समितिले गर्ने खर्च, तिनले बैठक भत्ताबापत कति खर्च गर्छन् भन्ने विषयमा बचत तथा ऋण सहकारी केन्द्रीय संघसँग सूचनाको हकको प्रयोग गरी सूचना माग गरियो ।

प्राप्त सूचनाअनुसार एउटा बैठक बसेबापत सहकारी संघका सहभागीले ३० हजारसम्म

भत्ता लिने गरेको पाइयो । दूरीको आधारमा काठमाडौं उपत्यकाबासीलाई १० हजार, पोखराबाट जानेलाई २५ हजार, सुर्खेत र धनगढीबाट जानेलाई ३० हजार बैठकभत्ता दिने संस्थाको सुविधापछि सहकारीको समस्या पनि खोज्न आवश्यकता महसुस गराएको छ । सूचनाको हकको औजार प्रयोग गरेपछि नागरिकमा थप सचेतना बढाएको छ । आफै आबद्ध भएका सहकारीले पनि यस्तै मनमौजी भत्ता खाएका छन् कि सबैमा जिज्ञासा सञ्चार गरेको छ ।

यो पङ्क्तिकारबाट विगत एक वर्षमा मात्र सूचनाको हकको प्रयोग गरी ३१० वटा सूचना माग गरिएको थियो । तीमध्ये करिब दुईतिहाइले सूचना दिएका थिए । एकतिहाइ अर्थात् ११५ वटा सार्वजनिक निकायले सूचना नदिएका कारण आयोगसमक्ष पुनरावेदन गर्नुपरेको थियो । पुनरावेदनपछि आयोगबाट भएको आदेशपश्चात् तीमध्ये केहीबाहेक सबैले सूचना दिएका छन् । १० वटा जतिले आयोगको आदेश अटेर गरी सूचना दिन बाँकी नै छ । सूचना दिँदा अनियमितता छताछुल्ल हुने भएपछि विभिन्न बहाना गरेर सूचना नदिने निकायलाई ताकेता गर्ने काम भइरहेको छ ।

राष्ट्रिय सूचना आयोगले अभियन्ताले पाएको सास्ती र हैरानी अनि सुरक्षाको विषयमा पनि ध्यान दिन जरुरी महसुस गराएको छ । सूचना नदिन धम्की दिने, अनर्गल विषय जोडेर सूचना मागकर्तालाई दुःख दिने तथा नगरेको विषयमा समेत आरोप लगाउने कार्य कतिपय सार्वजनिक निकायले गर्दै आएका छन् । सार्वजनिक निकायका सेवकहरूले मागबमोजिमको सूचना दिनु कानुनतः अनिवार्य छ । कानुनले दिनु भनेको विषयको सूचनासमेत नदिई विषयान्तर गरेर सूचना मागकर्तालाई निरुत्साहित तुल्याउने कार्य नगर्नु नै उनीहरूका लागि श्रेयष्कर हुन्छ । घरको आटो, रोटी, पिठो खाएर चलाएको अभियान र त्यसबाट प्राप्त उपलब्धिलाई सार्वजनिक सम्पत्तिको रूपमा लिइनु पर्छ । तब मात्र मुलुकले सुशासनको प्रतिफल पाउँछ । त्यसरी प्राप्त उपलब्धि नै अभियन्ताको सन्तुष्टि बन्न सक्छ ।

-o-

# सुशासन : सैद्धान्तिक अवधारणा र नेपालमा व्यावहारिक अभ्यास



◆ रमेश पाण्डेय*

## लेखसार

सुशासन असल शासन पद्धति हो । "असल" भन्ने बिषय तुलनात्मक रूपमा अनुभूति योग्य हुन्छ । नागरिकले सुशासनको अनुभूति सार्वजनिक सरोकारका विषयमा सरकार जतनाप्रति पारदर्शी, जवाफदेही र उत्तरदायी भएमा मात्र गर्ने गर्दछन् । यो अवधारणा शासन (Governance) को शुरुवातसँगै राज्य प्रणालीमा भित्रिएको हो । विस्तारै कानुनी राज्यको अवधारणा, विकास तथा सेवा प्रवाहको प्रारूप तयारदेखि लाभ वितरणसम्म नागरिकको सक्रिय र सार्थक सहभागिता जस्ता विषयले विश्व समुदायमा प्राथमिकता पाएसँगै यसको विकास एवम् विस्तार हुँदै आएको छ । यो बिषय सधैँ स्थिर रहिरहँदैन । यसको व्यावहारिक अभ्यास, मापन गर्ने तरिका र शैली मुलुकले तय गरेको व्यवस्था र कार्यान्वयनको अवस्थाअनुसार फरक हुनसक्छ । यस आलेखमा सुशासनको सैद्धान्तिक अवधारणा र नेपालमा यसको व्यावहारिक अभ्यासको चर्चा गरिएको छ ।

## विषय प्रवेश

सुशासन राज्यको राम्रो, असल र प्रतिष्ठित शासनको अनुभूति हो । यस्तो अनुभूति शासन प्रणाली, विकास र सेवा प्रवाहसँग प्रत्यक्ष सम्बन्धित हुन्छ । यसको अर्थ राज्यका सम्पूर्ण गतिविधि र क्रियाकलापमा सुशासनको विषय प्रत्यक्ष सम्बन्धित हुन्छ भन्न सकिन्छ । अर्को शव्दमा, प्रभावकारी सार्वजनिक सेवा, कानुनी राज्य, आर्थिक तथा भौतिक समृद्धि, जवाफदेहिता, पारदर्शिता, नागरिक अधिकारको प्रत्याभूति, शान्ति सुव्यवस्था, सामाजिक प्रगति, सामाजिक एकीकरण, इच्छाइएको र जनमुखी शासन नै सुशासन हो ।

सुशासनको बहसलाई राजनीतिक र आर्थिक पक्षको साँघुरो घेराभित्र मात्र खुम्च्याउनु राम्रो हुँदैन । जनताले अनुभूति गर्न सक्ने शासकीय व्यवहारका जुनकुनै पक्ष सुशासनसँग सम्बन्धित हुन्छन् । त्यसैले सुशासनलाई प्राज्ञिक विषय मात्र नभनी जनताले प्राप्त वा महसुस गर्न सक्ने र शासकीय शक्तिको विवेक सम्मत प्रयोग हुने एउटा आदर्श शासकीय अवस्था भन्न सकिन्छ ।

---

*उपसचिव, नेपाल सरकार संञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सुशासन नागरिकहरूको सबलताको आधारमा निर्धारण हुने गर्छ । नागरिकहरू सामाजिक, आर्थिक, राजनीतिक रूपमा सबल र सन्तुष्ट भएको अवस्थामा सुशासनको अनुभूति गर्न सकिन्छ । यसले राज्य वा सरकारको सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक उद्देश्यहरू, उत्तरदायित्व तथा पारदर्शिता प्रवर्द्धनका उपायहरू समाजका हरेक तह र तप्काका आशा र चाहनाको सम्बोधन, सार्वजनिक सेवा तथा कानुनमाथि जनताको विश्वास लगायतका विषयहरूलाई समेट्छ ।

कम स्रोत साधन, समय, जनशक्ति, सांगठनिक सक्षमताका बाबजुद सुदृढ शासनको खोजी गर्ने सन्दर्भमा हाल Good enough governance को प्रयोग बढ्दै गएको पाइन्छ । यो अवधारणालाई प्रयोगमा ल्याउने Merille S. Grindle हुन् ।

## सुशासनको अवधारणा

भ्रष्टाचार, अनुत्तरदायी सरकार र मानवअधिकारको सम्मानको कमी जस्ता चरित्र भएको खराब शासन प्रणालीले गर्दा विकास र प्रगति ठप्प भई भयावह स्थिति सृजना भएकाले सन् १९९० को दशकदेखि नै दिगो विकास र गरिबी न्यूनीकरणका लागि अनिवार्य आवश्यकता वा पूर्वसर्तका रूपमा सुशासनको अवधारणालाई अगाडि सारेको पाइन्छ । यो अवधारणा वैदेशिक सहायता प्रदान गर्ने संस्थाहरूद्वारा विकासशील देशहरूको शासन व्यवस्थामा सुधार ल्याई विकास निर्माणको प्रक्रियामा गतिशीलता प्रदान गर्ने प्रयोजनका लागि विकास गरिएको हो ।

सन् १९९५ को सामाजिक विकास सम्बन्धी विश्व सम्मेलनले समाजका सबै क्षेत्रमा प्रजातान्त्रिक, पारदर्शी, उत्तरदायीपूर्ण शासन प्रणाली सामाजिक र मानव केन्द्रित दिगो विकासका अभिन्न आधारशिला हुन् भनेर उद्घोष गरेपछि सुशासनतर्फ विश्वकै ध्यानाकर्षण भएको हो । यसको मुख्य उद्देश्य जनतालाई उपलब्ध गराउने सेवा प्रवाहमा गुणस्तरीयता र प्रभावकारिता बढाउनु हो । नागरिकको क्षमता तथा सबलताका मार्गप्रशस्त गर्नेतर्फ शासकीय अधिकारको प्रयोग गर्नुपर्ने कुरामा सुशासनले जोड दिन्छ ।

जनसहभागिता पूर्वानुमानयोग्यता, जवाफदेहिता र पारदर्शिता सुशासनका मुख्य चार आधार स्तम्भ हुन् । यसको प्रमुख पूर्वाधारका रूपमा जनसहभागितालाई लिइन्छ । वास्तवमा सुशासन जनताका लागि नै भएको हुँदा शासन व्यवस्थामा जनताको व्यापक सहभागिता हुनपर्छ जसबाट जनआकांक्षा अनुरूप सरकारी क्रियाकलाप अघि बढ्न सकून् र प्रत्येक नागरिक एवम् सर्वसाधारण जनता सबैले आफ्नो योग्यता र प्रतिभाअनुरूप राष्ट्र निर्माणमा सहभागी भई योगदान दिन सकून् भन्ने यसको मूल मान्यता हो । यसबाट शासन व्यवस्थामा जनताको अपनत्व कायम हुन्छ ।

सुशासन लोकतान्त्रिक सरकारको एउटा आधारस्तम्भ हो । यसले सार्वजनिक पदमा बस्ने व्यक्तिलाई आफ्नो कामप्रति जवाफदेही बनाउँछ। त्यसैगरी पारदर्शिता र पूर्वानुमानयोग्यतालाई पनि सुशासन कायम गर्ने आधारभूत पक्ष मानिन्छ। पारदर्शिता र जवाफदेहिताले सरकारमा हुने खुलापन र मूल्यको त्यस्तो प्रणालीलाई बुझाउँछ जसले सरोकारवालाहरूको बीच सूचना र दायित्वको बाँडफाँडलाई प्रवर्द्धन गर्दछ ।

## सुशासनका विशेषता

ठाउँ, परिस्थिति र समयअनुसार सुशासनलाई हेर्ने र मापन गर्ने आयाम फरक हुनसक्छ। संयुक्त राष्ट्रसंघले सुशासनलाई असल सुशासन प्रणालीका रूपमा परिभाषित गर्दै त्यस्तो शासन प्रणालीका निम्न बमोजिम विशेषताहरू हुनुपर्ने कुरा अघि सारेको छ :

- सहभागिता : कुनै पनि कार्य गर्दा सम्बन्धित सरोकारवालाको सहभागिता नभएमा सुशासन कायम गर्न सकिदैन । निर्णय प्रक्रियामा बृहत् नागरिक सहभागितालाई प्रोत्साहन गर्ने,
- सहमतिमुखी : व्यापक सहमतिमा आधारित भएर निर्णयमा पुग्न प्रयत्न गर्ने,
- पारदर्शी : अधिकार, शक्ति र स्रोत जनतामाझ छर्लंग हुनेगरी प्रयोग गरिनु पर्छ, निर्णय प्रक्रियामा सबै खाले जाँचबुझका लागि खुला रहनुपर्ने,
- जवाफदेही : नागरिकले दिएको शक्ति र स्रोत कहाँ कसरी प्रयोग भयो र त्यसको असर प्रभाव के रह्यो भनेर जवाफ दिने दायित्व बोकेको जवाफदेही सरकार हुनुपर्ने,
- प्रभावकारी एवम् कुशल : सरल, सहज र सुलभ ढंगले आधारभूत वस्तु तथा सेवा प्रवाह गर्ने,
- समतामूलक एवम् समावेशीः समावेशीमूलक चरित्र हुने,
- सबैलाई समेट्ने : खासगरी जनसंख्याको कुनै पनि कमजोर तथा सीमान्तकृत क्षेत्रलाई वञ्चित नगर्ने र सबैलाई समेट्ने,
- पूर्वानुमान योग्यः के काम गर्दा कस्तो परिणाम आउन सक्छ भन्ने पूर्वानुमान हुनुपर्ने,
- कानुनी शासन : कानुनी शासनको प्रत्याभूति दिलाई कानुनमाथि जनताको

विश्वास बढाउनुपर्ने,

- समावेशी विकास र विकेन्द्रीकरण : सुशासनका लागि समावेशी एवम् न्यायोचित विकास हुन जरुरी छ । यसका लागि विकेन्द्रीकरणमा जोड दिनुपर्ने,
- प्रभावकारिता र मितव्ययिता : प्रभावकारी र मीतव्ययी ढङ्गबाट शासन सञ्चालन गर्नुपर्ने आदि,

समग्रमा मानवअधिकार, नागरिक स्वामित्व, भ्रष्टाचार नियन्त्रण जस्ता विषयमा वकालत गर्नु पनि यसको विशेषतामै पर्दछ । यी विशेषताहरूलाई कार्यान्वयन गर्न सके देशमा पक्कै पनि सुशासनको बोध हुन्छ ।

सुशासनको उपर्युक्त विशेताका आधारमा हेर्दा सार्वजनिक पदाधिकारीहरूले आफूले गरेको क्रियाकलापको पारदर्शिता, जवाफदेहिता, नागरिक मैत्री व्यवहार र निजहरूको सहभागिता, सेवामा नागरिकहरूको सरल र सहज पहुँच, न्यायपूर्ण वितरण व्यवस्थाको समष्टिगत रूप नै सुशासन हो ।

### सुशासन किन आवश्यक पर्छ ?

आजको विश्वमा सुशासनको महत्व र उपादेयतालाई सामाजिक, आर्थिक, राजनीतिक, नैतिक र व्यवस्थापकीय दृष्टिकोणले मूल्याङ्कन गर्न सकिन्छ । यसमा मुख्यतया देहायका उपादेयता छन् :

- कानुनी राज्यको पालना र विधिको शासनको स्थापना गर्न,
- पारदार्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रणलाई प्रभावकारी तुल्याउन,
- मानवअधिकारको प्रत्याभूति सुनिश्चित गर्न,
- सार्वजनिक सेवामाथि नागरिक अधिकारको सुनिश्चितता हासिल गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्रको स्थापना गर्न,
- नागरिक समाजको विकास र सहकार्य परिचालन गर्न आदि ।

### सुशासन नभए के हुन्छ ?

सुशासन नभएमा कुनै पनि मुलुकको सकारात्मक परिवर्तन गर्न प्रायः असम्भव नै हुन्छ

किनकि सुशासन नभएमा मुलुकमा सामाजिक द्वन्द्व र अराजकता बढ्न सक्छ । त्यसैगरी सुशासन नहुँदा सामाजिक तथा आर्थिक न्यायको उपहास हुन्छ । असन्तुलित विकासले प्रश्रय पाउँछ भने विकासमा साझेदारीको समस्या देखापर्छ । कानुनको उल्लंघन भई सत्ताको लुछाचुँडी हुनसक्छ । त्यसैले राज्यको सर्वांगीण विकासका लागि आजको युगमा सुशासनको निकै महत्व भएको पाइन्छ ।

## सुशासनका लागि प्रयोग गरिने औजार

सुशासनका लागि धेरै किसिमका औजारहरू प्रयोग गर्न सकिन्छ। अहिले नेपालको सन्दर्भमा देखापरेका केही मुख्य औजारहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :

### १. नागरिक बडापत्र

नागरिकलाई छिटो छरितो सेवा प्रवाह गर्न, गुनासो सुनुवाइको व्यवस्था गर्न, सेवामा शिष्टाचार ल्याउन, सार्वजनिक पदाधिकारीमा पारदर्शिता र जवाफदेहिताको बोध गराउन, सेवाको गुणस्तर वृद्धि गर्न बेलायतमा जोन मेजरले शुरु गरेको यो अवधारणा हाल आएर नेपालको सन्दर्भमा पनि लोकप्रिय हुँदै आएको छ । यसले गर्दा जनताले सुशासनको प्रत्याभूति प्रत्यक्ष रूपमा गरेका छन् । शासन व्यवस्था र सेवा प्रवाहमा सकारात्मक परिवर्तनको अनुभूति गर्न पाएका छन् । सामान्यतया नागरिक बडापत्रमा यी विषयहरू समावेश गरिएका हुन्छन् :

- सेवा सुविधाको नाम र विवरण,
- सेवा सुविधाको गुणस्तर,
- सेवा सुविधाको समयावधि,
- सेवा सुविधाका लागि जिम्मेवार कर्मचारी,
- सेवा सुविधाका प्रक्रिया,
- सेवा सुविधाको मूल्य र दस्तुर,
- सेवा सुविधामा कमीकमजोरी भएमा उजुरी सुन्ने अधिकारी,
- सेवा सुविधाको उपचार विधि आदि ।

### २. सार्वजनिक तथा सामाजिक परीक्षण

सार्वजनिक परीक्षण भन्नाले विकास कार्यक्रम वा सेवा प्रवाहमा भएको लगानीको लेखाजोखालाई बुझिन्छ । यसमा सम्पादन भए गरेका विकासका क्रियाकलापहरू के कस्तो

रूपले सञ्चालन वा सम्पन्न भए ? त्यसमा के कति र कसबाट लगानी भयो ? केमा कति खर्च भयो ? कामको गुणस्तर कस्तो छ ? खर्च प्रक्रिया वा विवरण ठिक छ वा छैन ? भएका काम पारदर्शीपूर्ण तरिकाबाट भए वा भएनन् जस्ता विषयमा लेखाजोखा गरी सुझाव दिने अधिकार उपभोक्ता तथा सरोकारवालालाई हुन्छ । यसैको व्यवस्थित रूपलाई सार्वजनिक परीक्षण भनिन्छ ।

सामाजिक परीक्षण भन्नाले संस्थाका सामाजिक जिम्मेवारीको लेखाजोखालाई बुझिन्छ । यसमा सार्वजनिक निकायबाट भएका वित्तीय तथा गैरवित्तीय लगानीको विस्तृत विवरण सरोकारवाला समक्ष प्रस्तुत गरिन्छ र सञ्चालित विकास कार्यक्रमहरूको लेखाजोखा गरी सुझाव दिने अधिकार सरोकारवालाहरूलाई हुन्छ । यसले सार्वजनिक निकायहरूको लगानी सामाजिक जिम्मेवारी पूरा गर्नेतर्फ केन्द्रित छ वा छैन भन्ने विषयमा जनधारणा बुझी सुधारको अवसर प्रदान गर्दछ ।

### ३. नागरिक प्रतिवेदन कार्ड

नागरिक प्रतिवेदन कार्ड सुशासनमा आवश्यक सुधारका लागि नागरिकहरूलाई सहभागी गराई सुशासनतर्फ अग्रसर गराउने एउटा सशक्त माध्यम हो । सर्वप्रथम सार्वजनिक सेवाको गुणस्तरबारे जानकारी प्राप्त गर्न सन् १९९३ मा भारतको बैंगलोरमा नागरिक समाजबाट यो कार्ड तयार गरी परीक्षणको रूपमा प्रयोगमा ल्याइएको थियो । यो औजारले लक्षित समूहको शासन व्यवस्थामा चासो बढाएको देखिन्छ । हाल आएर यो पद्धतिको शुरु युक्रेन, फिलिपिन्स, भियतनाम, डेनमार्क, घाना, स्वीडेन, बेलायत र अमेरिकामा पनि भएको छ ।

### ४. सार्वजनिक सुनुवाइ

सार्वजनिक रूपमा सरोकारवालाले कुनै पनि तोकिएको विषयमा जनताको विचार तथा प्रश्न सुनेर उनीहरूको जिज्ञासालाई सम्बोधन गर्नका निम्ति गठित व्यवस्थित भेला नै सार्वजनिक सुनुवाइ हो । यसमा मुख्यरूपले नागरिकहरू र सम्बन्धित सरोकारवाला पक्षको सहभागिता हुन्छ र सहजीकरणका लागि तेस्रो पक्षले भूमिका निर्वाह गर्न सक्छ ।

### सुशासनका सुचक

विश्व बैंकले सुशासनका निम्नानुसार सूचकहरू पहिचान गरेको छ । जसअनुसार :

- आवाज र उत्तरदायित्व
- राजनीतिक स्थायित्व र अहिंसा, सरकारको प्रभावकारिता

- व्यवस्थापकीय गुणस्तर,
- विधिको शासन,
- भ्रष्टाचार नियन्त्रण आदि ।

यी पक्षहरूको विश्लेषणबाट कुनै पनि मुलुकमा सुशासनको स्तर कस्तो छ भनी मापन गर्न सकिन्छ । यी बाहेक अन्य सूचकांकहरूमा छरितो सरकारी संरचना, स्रोतको उच्चतम प्रयोग, सन्तुलित विकास, निरन्तर जनसहयोग, नैतिक शिक्षा, नयाँ प्रविधिको उपयोग, स्तरीय सेवा, सेवाको ग्यारेन्टी जस्ता विषयहरू समेत पर्दछन् ।

## सुशासनका आधारभूत तत्व

सुशासन विभिन्न पक्षहरूको मिश्रणात्मक व्यवस्था हो । कुनै एक पक्ष वा बिषयको सवलताले सुशासनलाई इङ्गित गर्दैन । सुशासनको निमित्त विभिन्न तत्वहरूको अनिवार्य मानिन्छ । सार्वजनिक, निजी वा व्यापारिक संगठनद्वारा सेवाहरूको प्रभावकारी तथा कुशल प्रभाव गर्ने असल शासनका आधारभूत तत्वहरूमा निम्न पक्षहरूलाई समावेश गर्न सकिन्छ :

(क) राजनीतिक आयाम

- संविधानवाद,
- बहुलवादी समाज,
- विधिको शासन,
- न्यायपूर्ण एवम् प्रभावकारी न्यायप्रणाली,
- व्यक्ति र सम्पत्तिको सुरक्षा,
- विकेन्द्रीकरण,
- राजनीतिक दृष्टिकोण आदि ।

(ख) व्यवस्थापकीय आयाम

- सहभागिता,
- कार्यकुशलता/प्रभावकारिता,
- सशक्तीकरण,
- साझेदारी,
- समुदाय केन्द्रित आदि ।

(ग) नैतिक आयाम

- पारदर्शिता,

- जवाफदेहिता तथा उत्तरदायित्व,
- नैतिकता, सत्यनिष्ठा तथा सदाचारिता,
- आचरण र अनुशासन आदि ।

### नेपालको सन्दर्भमा सुशासनको व्यावहारिक अभ्यास

नेपालको सन्दर्भमा सर्वप्रथम नेपाल अधिराज्यको संविधान, २०४७ मार्फत सुशासनको आधारशिला कायम गरिएको पाइन्छ । उक्त संविधानको प्रस्तावना, मौलिक हकहरू, राज्यका निर्देशक सिद्धान्तहरूमा सुशासनका धेरै अन्तरवस्तु भेटाउन सकिन्छ ।

नेपालको प्रशासनयन्त्रलाई चुस्त, दुरुस्त, पारदर्शी, जवाफदेही एवम् भ्रष्टाचारमुक्त बनाउने प्रयास स्वरूप २०४८ सालमा गठित उच्चस्तरीय प्रशासन सुधार आयोगले दिएका विभिन्न सुझावहरूमध्ये सुशासनका पक्षलाई समेट्ने विकेन्द्रीकरण, प्रशासकीय संगठन, सरकारको कार्य क्षेत्रको निर्धारण, बजेट तथा लेखा व्यवस्थामा गर्नुपर्ने सुधार, भ्रष्टाचार नियन्त्रण तथा पारदर्शिता अभिवृद्धि जस्ता सुझावहरू पनि उक्त प्रतिवेदनमा समावेश भएको पाइन्छ ।

यसैगरी आठौँ योजनादेखि हालसम्मका योजनाले पनि सुशासनको पक्षलाई विशेषगरी जोड दिएका छन् । प्रशासकीय सुधार कमिटीले प्रस्तुत गरेको सुझावलाई कार्यान्वयन पक्षमा जोड दिँदै आठौँ योजनाले सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याएको पाइन्छ । त्यसैगरी अन्य योजनाले पनि सारभूत रूपमा सुशासनका सम्बन्धमा सार्वजनिक प्रशासनलाई प्रतिस्पर्धी, मीतव्ययी, पारदर्शी, सेवामुखी, परिणाममुखी, उत्तरदायी बनाउँदै लैंगिक समता अभिवृद्धि गरी सार्वजनिक प्रशासन क्षेत्रमा सुधार गरी जनतामा सुशासनको अभिवृद्धि गर्ने उद्देश्य राखेका छन् ।

तत्कालीन सामान्य प्रशासन मन्त्रालयबाट प्रशासन सुधारका लागि बनाइएको २५ वर्षे गुरु योजनाले पनि सुशासनका लागि सरकारको वैधता र वैधानिकता दुवै अपरिहार्य हुने कुरा उल्लेख गरेको छ ।

### नेपालमा सुशासन प्रवर्द्धन गर्न भएका प्रयास

नेपालमा सुशासनलाई प्रवर्द्धन गर्न देहाय बमोजिमका नीतिगत, संस्थागत तथा कार्यक्रमगत प्रयासहरू भएका छन् :

- नेपालको वर्तमान संविधानमा सुशासनलाई राज्यको ध्येयका रूपमा स्वीकार गरिएको,
- विधिको पूर्ण अनुसरण (कानुनी सर्वोच्चता कायम),

- विकास प्रक्रिया र शासकीय प्रणालीमा सरोकारवालाको सहभागिता सुनिश्चित (योजना चक्र, सार्वजनिक सेवा वितरण प्रणाली, सार्वजनिक सुनुवाइ आदि)
- संघीयताको अवधारणालाई पूर्ण कार्यान्वयन,
- लक्षित वर्ग (महिला, दलित, उपेक्षित, उत्पीडित आदि) को सार्वजनिक सेवा सुविधामाथिको सरल पहुँच वृद्धि,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय सूचना आयोग, राष्ट्रिय सतकर्ता केन्द्र, सम्पत्ति शुद्धिकरण विभाग, हेलो सरकार जस्ता निकायहरूको व्यवस्था,
- नागरिक बडापत्र, विभिन्न आर्थिक कार्यविधिहरू लगायतका दस्तावेजबाट पारदर्शिता प्रवर्द्धन,
- निजी क्षेत्र, नागरिक समाजसँगको सहकार्य र सहमतीमा क्रियाकलाप/कार्यक्रम सञ्चालन,
- व्यावसायिकतातर्फ उन्मुख प्रशासनिक पद्धति र पात्र,
- क्षतिपूर्ति सहितको नागरिक बडापत्र लागू,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सोको नियमावली, सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सोको नियमावली, भ्रष्टाचार निवारण ऐन, २०६४ लगायतका कानुनी आधार,
- जवाफदेहिता बहन गराउने संयन्त्रको विकास आदि ।

चालू योजनाले पनि सुशासनलाई महत्वपूर्ण रणनीतिको रूपमा स्वीकार गरेको छ । उक्त रणनीतिमा उल्लेख भएअनुसार सुशासनको प्राप्तिका निमित्त देहायका क्रियाकलाप सञ्चालन भएका छन् :

- सेवा प्रवाह प्रणालीमा सुधार,
- सहभागितात्मक आर्थिक विकासमा जोड दिई अनुगमन तथा मूल्यांकन पद्धतिलाई सुदृढ गर्ने,
- निर्णय प्रक्रिया र सार्वजनिक खर्चलाई बढी उत्तरदायी र पारदर्शी बनाउने,
- प्रशासन संयन्त्रलाई चुस्त, सक्षम, जवाफदेही र प्रभावकारी बनाउने ।

सुशासन अन्तर्राष्ट्रिय बिषय र शासनको प्रभावकारिताको मापन गर्ने आधार भइसकेको सन्दर्भमा नेपालको शासकीय पद्धतिमा यसको प्रयोगका निम्ति विभिन्न प्रयास भएका छन् । तथापि सुशासन मूलतः तुलनात्मक बिषय भएकाले यो पक्ष अनुभूतियोग्य सँगै सामाजिक, आर्थिक संरचनाका आधारमा पृथक् पनि हुने गर्दछ ।

## सुशासनका चुनौती, महत्व र आवश्यकता

कुनै पनि राज्यका लागि सुशासनलाई प्रभावकारी ढंगमा जनतासामु प्रत्याभूत दिलाउन कठिन हुन्छ किनकि सुशासनको अनुभूति दिलाउनु आफैँमा चुनौतीको विषय हो । राज्यका सबै अंगबीच सन्तुलन कायम गर्न जति कठिन पर्छ सुशासनका लागि लोकतान्त्रिक संस्कारको विकास गर्न उत्तिकै चुनौती छ । निजी क्षेत्र, गैरसरकारी संस्थादेखि नागरिक समाजसँग साझेदारी कायम गर्नु सुशासनका लागि अर्को चुनौतीको विषय हो भने प्रशासनिक क्षेत्रको सुधार गर्नु थप चुनौती छ ।

त्यसैगरी विकासका लागि अनुकूल वातावरण सृजना गर्नु, मानवअधिकारको संरक्षण गर्नु, भ्रष्टाचार नियन्त्रण गर्नु जस्ता विषयहरू सुशासनका लागि चुनौतीका विषयहरू हुन् ।

## सुशासनको महत्व

राज्य सञ्चालनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सिंहदरवारदेखि स्थानीय तहसम्म सुशासनको महत्व छ । चाहे त्यो प्रशासनिक क्षेत्र होस् या विकास सम्बद्ध क्षेत्र किन नहोस्, सबै क्षेत्रमा सुशासन जरुरी तत्व हो । सुशासनका कारण देहायबमोजिमका पक्षमा सुधार गर्न सकिन्छ :

- कानुनको शासन सम्भव हुन्छ,
- शासन व्यवस्था उत्तरदायी, प्रभावकारी र पारदर्शी हुन्छ,
- भ्रष्टाचार नियन्त्रण गर्न सम्भव हुन्छ,
- मानवअधिकारको स्थिति अनुकूल हुन्छ,
- विकास र निर्णयमा जनसहभागिता वृद्धि हुन्छ,
- समाजमा नैतिकता र अनुशासन कायम हुन्छ,
- सामाजिक सुरक्षा र न्यायको प्रत्याभूति हुन्छ,
- दिगो विकासको गति उच्च हुन्छ,
- स्रोतको मीतव्ययी र प्रभावकारी उपयोग हुन्छ आदि ।

## सुशासनको आवश्यकता

कानुनी राज्यको पालना र विधिको शासनको स्थापना गर्न, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सुशासन आवश्यक छ । यसका साथै सुशासनको आवश्यकतालाई देहाय बमोजिम उल्लेख गरिएको छ :

- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रणलाई प्रभावकारी तुल्याउन,
- मानवअधिकारको प्रत्याभूति सुनिश्चित गर्न,
- सार्वजनिक सेवामाथि नागरिक अधिकारको सुनिश्चितता हासिल गर्न,
- विकेन्द्रित शासन प्रणाली र जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्रको स्थापना गर्न,
- नागरिक समाजको विकास र सहकार्य परिचालन गर्न,
- सरकारले वैधता स्थापित गर्न एवम् सामाजिक न्याय कायम गर्न,
- तीव्रतर रूपमा प्रभावकारी ढंगले राष्ट्रको सर्वतोमुखी विकास गर्न आदि ।

**निष्कर्ष**

राजनीतिक वृत्तमा लोकतान्त्रीकरण, औद्योगिक र सञ्चारको क्षेत्रमा विश्वव्यापीकरण, आर्थिक क्षेत्रमा उदारीकरण, सरकारको भूमिकामा न्यूनीकरण, सार्वजनिक प्रतिष्ठानको निजीकरण, नागरिक समाज तथा निजीक्षेत्रको सुदृढीकरण जस्तै सार्वजनिक व्यवस्थापनको पक्षमा सुशासनले विशेष महत्व पाएको छ ।

सार्वजनिक पदाधिकारीहरूले आफूले गरेको क्रियाकलापमा पारदर्शिता, जवाफदेहिता, नागरिकमैत्री व्यवहार, सार्वजनिक सेवामा नागरिकहरूको सरल र सहज पहुँच, न्यायपूर्ण वितरणको व्यवस्था कायम गरेमा मात्र राज्यका सबै नागरिकले वास्तविक अर्थमा सुशासनको अनुभूति गर्न सक्नेछन् । यसका लागि राजनीतिक र प्रशासनिक उत्तरदायित्व र जिम्मेवारी, बहुलवादमा आधारित लोकतान्त्रिक शासन व्यवस्था, सार्वजनिक क्रियाकलाप सम्बद्ध जनसमुदायको सक्रिय सहभागिता र इमान्दारी, कानुनको शासन, नागरिक समाजसँग सहकार्य मानवअधिकारको प्रत्याभूति जस्ता विषयलाई प्राथमिकतामा राखेर अगाडि बढ्न जरुरी छ ।

**सन्दर्भ सामग्री**

उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिको प्रतिवेदन, २०७६
नेपालको संविधान, २०७२
प्रशासन सुधार आयोग, २०४८
शासकीय सुधारको मार्गचित्र, २०६१
Good Enough Governance Revisited, Merilee S. Grindle
OHCHR and Good Governance, 2024
Worldwide Governance Indicators, 2023

# सूचना सार्वजनिकीकरणमा स्थानीय सरकारको हेलचेक्र्याइँ

◆ राकेशप्रसाद चौधरी

सूचना सार्वजनिक गर्नसक्ने माध्यमहरू बढ्दै जाँदा समेत स्थानीय सरकार नागरिक तथा सेवाग्राहीप्रति बेपर्वाह हुने गरेको आरोप लाग्न थालेको छ । मानवअधिकार सूचीले सूचनाको अधिकारका साथै अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई मानव अधिकारको सूचीमा समावेश गरेको छ । सूचनाको हक र अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई हरेक नागरिकले सदुपयोग गर्न सक्नुपर्छ । लोकतान्त्रिक समाजमा सूचनाको हक उपभोग गर्न पाउने कानुनको उद्देश्य नै नागरिकलाई सार्वजनिक सरोकार तथा सान्दर्भिक सामाजिक विषयमा अवगत र सचेत गराउनु हो । यसका साथै नागरिकप्रति जवाफदेही, उत्तरदायी र पारदर्शी व्यवस्थाको अनुभूति दिलाउनु हो ।

पालिकाहरूको कार्यालयमा कम्प्युटर चलाउन सक्ने दक्ष जनशक्ति हुँदासमेत वेबसाइट र त्यहीँबाट सञ्चालित सामाजिक सञ्जालका पानाहरूमा सूचनाको अकाल देखिन्छ । जलेश्वरस्थित लचमु माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा १२ की छात्राले आफ्नो पालिकाबाट विद्यार्थीलाई लाभ हुने सूचना सार्वजनिक भएकोबारे अनभिज्ञ रहेको बताउँदा पालिकाको सूचना सार्वजनिकीकरणप्रतिको संवेदनशीलता आँकलन गर्न सकिन्छ । आफूले परीक्षा दिएको उत्तरपुस्तिका हेर्नसक्ने अधिकारबारे त उनीहरूलाई जानकारी नभएको पाइयो । त्यहीँ निजी विद्यालयमा विद्यार्थीले चाहेको खण्डमा उत्तरपुस्तिका देखाउन थालेका छन् । उत्तरपुस्तिका नदेखाउँदा अभिभावकले आफ्ना सन्ततिका लागि अरू कुनै विद्यालय पो रोज्ने हुन् कि भन्ने डर निजी विद्यालयका सञ्चालकमा देखिन्छ ।

अधिकांश पालिकाले सेवाग्राही तथा नागरिक सरोकारसँग सम्बन्धित सूचना सार्वजनिकीकरणमा अनिच्छुक देखिएका कारण सूचनाको हकसम्बन्धी कानुनको प्रचारप्रसारमा बजेट राखेका हुँदैनन् । पालिकाहरू विभिन्न पत्रिकालगायतका सञ्चारमाध्यममा प्रकाशन गरेको सूचना आफ्ना वेबसाइट वा सामाजिक सञ्जालमा राख्दा प्रकाशन हुने पत्रिका वा त्यसको लिङ्क सार्वजनिक गर्दैनन् । स्थानीयस्तरमा उपलब्ध नहुने ठाउँमा सूचना प्रकाशन गर्ने गरेका कारण प्रकाशित पत्रिकाको नाम राख्ने नगरेको आरोप सेवाग्राही तथा सरोकार राख्ने नागरिकको हुने गर्छ ।

पालिकाहरूमा वडाध्यक्ष तथा कार्यपालिका सदस्यले बजेट पुस्तिका प्राप्त गर्न निवेदन

दिँदासमेत सूचना नपाउने अवस्था एकातर्फ छ भने त्यही निवेदनको डरले पालिकाका पदाधिकारीले वडामा थप बजेट पठाउने गरेको उदाहरणसमेत भेटिन्छन् । वडाध्यक्ष र कार्यपालिका सदस्यले नागरिकलाई सूचना दिनका लागिभन्दा आफ्नो स्वार्थ पूर्ति गर्नका लागि यो कानुन प्रयोग गर्ने गरेका छन् । त्यही नागरिकलाई आफूले गर्ने निर्णयको सूचना दिनु हुँदैन भन्ने मान्यता पालिकाको पदाधिकारीमा पाइएको छ । केही पालिकामा सूचना अधिकारी वाध्यतावश तोकिए पनि पालिका प्रमुख वा अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको डरले सूचना अधिकारीसँग भएको सूचनासमेत नागरिकलाई नदिने वातावरण बनाइएको छ । हुनत सूचना अधिकारीलाई पालिकाका पदाधिकारी तथा कार्यालय प्रमुखले नै सूचनाबाट वञ्चित गराएको आरोप पनि लाग्ने गर्छ ।

सूचना माग्नेको राजनीतिक र सामाजिक शक्तिको आधारमा स्थानीय सरकारले व्यवहार गर्ने गरेको समेत पाइन्छ । नागरिक वा भनौं मतदाताप्रति जवाफदेही नहुने स्थानीय सरकार मातहतका कर्मचारीले पनि पदाधिकारीकै पदचिह्न पछ्याउने गरेका छन् । सार्वजनिक निकाय मात्र नभई विभिन्न समूहले चन्दा उठाएर गर्ने विभिन्न सामाजिक क्रियाकलापको आयव्यय सार्वजनिक गर्न आग्रह गर्दा स्थानीयस्तरमा मारपिटसम्म हुने गर्दछ । यी सबै कुशासनका लक्षण हुन् ।

कानुनबमोजिम सूचना मागकर्ताले पाउनुपर्ने निःशुल्क दश पाना त के एक पानाको सूचना दिन पनि सार्वजनिक निकायका कार्यालय प्रमुख र सूचना अधिकारी आनाकानी गर्छन् । कागज सकिएको, प्रिन्टर खराब भएको लगायतका बहानाबाजी नियमितजस्तै हुने गरेको अनुभव सूचनाको हकका क्षेत्रमा क्रियाशील अभियन्ता सुनाउँछन् । स्थानीय निर्वाचनमा हार्नेहरू वा चुनाव लड्न इच्छुकहरू सूचनाको हकसम्बन्धी अभियन्ता हुने र चुनाव जितेर पदाधिकारी बनेपछि सबैभन्दा ठूला सूचना 'चोर' हुने गरेको कटु अनुभव सञ्चारकर्मी बताउँछन् ।

आफ्नो पालिकामा सार्वजनिक सरोकारका सूचना सार्वजनिक नगर्दा सम्बन्धित मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र वा राष्ट्रिय सूचना आयोगले पत्र पठाएर जानकारी/स्पष्टीकरण सोध्ला भन्ने डर पालिकामा कसैलाई छैन । आर्थिक गतिविधि, कर्मचारी भर्ना, सामान वा सेवा खरीद, अनुदान वितरणलगायतका विषयसँग सम्बन्धित सूचना सार्वजनिक नगर्दासमेत सरोकारवाला नागरिक सूचनाको हकको प्रयोग गरी निवेदनको एउटा पाना लिएर पालिकामा जाने जाँगर देखाउँदैनन् । यदाकदा सूचनाको हकसम्बन्धी निवेदन लिएर कुनै नागरिक जाँदा प्रलोभनमा पारेर राष्ट्रिय सूचना आयोगसम्म उजुरी गर्ने वातावरणको अन्त्य गरिदिने गरेको देखिन्छ । केही राजनीतिक पहुँच भएका व्यक्तिले सूचनाको हकसम्बन्धी निवेदन लिएर जाँदा लाभ लिएको भन्ने चर्चासमेत हुने गर्छ

तर त्यही समान्य नागरिकलाई सूचनाबाट बञ्चित गरिन्छ ।

पालिकाको आफ्नै वा अन्य अनुदान एवम् बजेटबाट हुने विकास निर्माण भइरहेको वा हुने कार्यस्थलमा सूचना राख्ने गरेको कम देख्न सकिन्छ । व्यापक जनदबावपछि मात्र योजनासम्बन्धी कुनै किसिमको सूचना फ्लेक्समा राख्ने गरिएका कैयौं घटना छन् । त्यही दिन वा एकदुई दिनभित्र त्यहाँबाट त्यो सूचना हराइसकेको हुन्छ । पालिकाभित्र हुने करार कर्मचारी नियुक्तिको विषयमा बेरोजगार युवाहरूले सूचना माग गर्दा जनप्रतिनिधि र कर्मचारीबाट असुरक्षा महसुस गर्ने गरेको विषय विभिन्न माध्यमबाट सार्वजनिक हुँदै आएका छन् ।

सूचना मागकर्तालाई विशेषतः आर्थिक गतिविधिको सूचनाबाट वञ्चित गर्न विभाग, मन्त्रालयलगायतको ठाउँमा सम्बन्धित कार्यालयले सूचना दिन मिल्ने वा नमिल्ने भनेर पत्र पठाउने गरेको पाइन्छ । यस्ता पत्रको जवाफ माथिल्लो निकायबाट नआउँदासम्म सूचना दिन नमिल्ने भनेर पन्छाउने गरेको गुनासोसमेत सुनिन्छ । सूचना माग गरिएको कार्यालयबाट माथिल्लो निकायमा पुग्ने यस्ता पत्रको जवाफ आउने सम्भावना पनि एकदम कम देखिएको छ ।

सार्वजनिक निकायले सूचना प्रवाहलाई नागरिकमैत्री सरल र सहज बनाउन नसक्दा हैरानी खेप्न नसकेर सूचना मागकर्ता निराश भई यो सूचनाको हकसम्बन्धी कानुन पनि काम नलाग्ने रहेछ भन्ने भाष्य बनाउन थाल्छन् । सूचना अधिकारीकहाँ निवेदन लिएर पुग्दा हाकिमको तोक लगाउनुपर्ने, हाकिमले पालिकाको प्रमुख वा अध्यक्षलाई सोधेपछि तोक लगाउनेजस्ता समस्या पनि देखिएका छन् । थुप्रै चुनौतीका बाबजुद सूचना मागकर्ताले समान्य प्रकृतिका जानकारी पाउँदा खुसी हुने अवस्था छ ।

केही स्थानीय पालिकाले कानुनी व्यवस्था भए पनि सार्वजनिक सुनुवाइ नगर्दासमेत कुनै निकायले प्रश्न गर्ने अवस्था छैन । पालिकालाई स्थानीय सरकार भन्ने गरिएकाले आफ्ना पालिकावासीलाई सुसूचित नगरिए पनि कुनै निकायले केही गर्न नसक्ने आत्मबल बढेको पाइन्छ । पत्रकारले जानकारी माग्दासमेत पालिकाले नदिएकोमा आम नागरिकलाई के सूचना देला भन्ने प्रश्न पनि उठेको छ। सूचना लुकाउन उच्च आत्मबल भएका पदाधिकारी र कर्मचारीसमक्ष सूचना मागकर्ता व्यक्ति निरीह हुन बाध्य छन् । श्रमजीवी पत्रकार, सञ्चारकर्मी र सूचनाको हकका अभियन्ताले सार्वजनिक निकायविरुद्ध उजुरी गर्ने गरे पनि राजनीतिक पहुँच भएकाले अनुदान सुविधा तथा सञ्चारमाध्यमका मालिकहरूले विज्ञापन सुविधा पाउने गरेको आरोपबारे सत्यतथ्य जाँच हुन सकेको छैन ।

नागरिकले सूचना माग्नुपर्ने अवस्थाभन्दा सार्वजनिक निकायले सूचना सार्वजनिक गर्नैपर्ने

बाध्यात्मक अवस्था सिर्जना गर्न आवश्यक छ । सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायले हरेक तीनमहिनामा स्वतस्फूर्त सूचना सार्वजनिक गर्नुपर्ने तोकेको छ । पालिका तथा त्यसको वडास्तरमा रहेका सार्वजनिक निकायमा कानुनको पालना भए/नभएको, सूचना माग र वितरण भएको सम्बन्धमा छुट्टै रजिष्टर प्रयोग भए/नभएको, वेबसाइटलगायत अन्य सामाजिक सञ्जालमा सार्वजनिक सरोकारका सूचना अद्यावधिक गरे/नगरेको विषय गम्भीरताका साथ परीक्षण भए नागरिकले भोग्ने दुःख अवश्य केही कम हुन सक्छ ।

स्थानीय सरकारले असार १० गते बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक व्यवस्था हुँदाहुँदै अझैसम्म केहीले नटेरेको तथ्य कसैसँग लुकेको छैन । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आफ्नो वेबसाइटमा त्यस दिन बजेट पेश भएका र नभएका पालिकाहरूको नाम सार्वजनिक गर्नुका साथै विस्तृत बजेट पुस्तिका राख्न आवश्यक छ । मन्त्रालयले बजेट पुस्तिका बाध्यात्मक नबनाउँदा त्यस दिन एकदुई पानाको आयव्यय सार्वजनिक गर्ने परिपाटी बढेको छ । केही स्थानीय तहले आफ्नो वेबसाइटमा मन्त्रालयलाई पठाइएको चिठी मात्रै सार्वजनिक गरेर एकदुई पानाको बजेट सारांश पनि लुकाउने गर्छन् । स्थानीय सरकारले सूचनाको हक कार्यान्वयन नगर्नुमा मन्त्रालयको पनि बेवास्ता हो । पुस महिनामा संशोधन गरेर बनाइएको बजेट पुस्तिका त झन् सार्वजनिक गर्न चाहेका हुँदैनन् । यस विषयमा मन्त्रालयको पनि मौनता देखिन्छ ।

जिल्ला प्रशासन कार्यालयले सूचना अधिकारीहरूसँग नियमित बैठक गरिरहेको विश्वास गर्ने नै हो भने समग्रमा जिल्लाका सार्वजनिक निकायमा कति वटा निवेदन दर्ता भए र कतिवटा निवेदनअनुसार सूचना उपलब्ध गराइएको तथ्याङ्क नागरिकले सार्वजनिक रूपमा खोज्नु गलत छैन । सूचनाको हकसम्बन्धी निवेदन नपरेको कि निवेदन नै लिन नमानेको, सूचना उपलब्ध गराउन आनाकानी गरेको वा कार्यालय प्रमुखबाट नागरिकले माग गरेको सूचना नदिन आदेश दिएको विषयमा छलफल पनि भएको हुन सक्छ । तर त्यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालयबाट जिल्लाभरको एकीकृत जानकारी र तथ्याङ्क नआउनु दुःखद हो ।

राष्ट्रिय सूचना आयोगबाट प्रमुख जिल्ला अधिकारीलाई सूचनाको हक कार्यान्वयन गराउने जिम्मेवारी दिनु त्यति सुखद देखिएको छैन । स्थानीय तहले एसी, फर्निचरलगायतका उपहार वा अन्य बजेट दिएका कारणसमेत जिल्ला प्रशासन कार्यालय सूचनाको हक कार्यान्वयनमा गम्भीर नरहेको आरोप लाग्ने गरेको छ । जिल्ला प्रशासन कार्यालयभन्दा हुलाक कार्यालयलाई सूचनाको हक कार्यान्वयन गराउने, परीक्षण (आरटीआई अडिट) गर्ने जिम्मेवारी दिनु उचित छ । त्यसको संयोजन गर्ने जिम्मेवारी राष्ट्रिय सूचना आयोगले एकजना सूचनाको हकका अभियन्तालाई दिँदा न्यायसंगत हुनेमा शंका छैन । भारतमा

समेत डाक कार्यालयमा गएर जुनसुकै सार्वजनिक निकायमा सूचनाको हकसम्बन्धी निवेदन पठाउन सक्ने अभ्यास छ । सम्बन्धित सार्वजनिक निकायमा स्वयम् उपस्थित हुन नसके हुलाक कार्यालयमार्फत कानुनमा तोकिएको जुनसुकै ठाउँबाट माग गर्नसक्ने वातावरण निर्माण हुन आवश्यक छ । तर हामीकहाँ इमेलबाट सूचना माग गर्दा सूचना उपलब्ध गराउन बेवास्ता र आनाकानी हुने गरेको छ ।

सूचनाको हक कार्यान्वयन गर्नुपर्ने अवस्थालाई बाध्यात्मक बनाउन स्थानीय सरकार वा अन्य सार्वजनिक निकायलाई अनुदानमूलक आर्थिक प्रोत्साहनसँग जोड्न आवश्यक छ । सूचनाको हकसम्बन्धी नागरिकको अधिकारलाई बेवास्ता गर्ने सार्वजनिक निकायलाई दण्डस्वरूप बजेट कटौतीको कडा प्रावधान राख्नुपर्छ । कानुन नमान्ने सूचना अधिकारी र कार्यालय प्रमुखलाई जरिवानालगायतको दण्डसँगै कार्यालयको बजेट कटौतीसमेत थप गर्न आवश्यक छ । नागरिकलाई सूचनाको भीख माग्नेभन्दा सार्वजनिक निकायले स्वतस्फूर्त सार्वजनिक गर्नुपर्ने सूचना सार्वजनिक गरे वा नगरेको हेर्ने राष्ट्रियस्तरको एउटा वेबसाइट आवश्यक छ । राष्ट्रिय सूचना आयोगबाट स्वतः प्रकाशन व्यवस्थापन प्रणालीको शुरुवात भइसके पनि नागरिकमा प्रभाव पार्न सरोकारवाले यस विषयमा बढीभन्दा बढी ताकेता गर्नुपर्ने अवस्था छ ।

सबैभन्दा महत्वपूर्ण कुरा के हो भने सूचनाको हकसम्बन्धी आधारभूत तालिम नलिएका कर्मचारीलाई कार्यालय प्रमुखले सूचना अधिकारीको जिम्मेवारी दिनु नै गलत अभ्यास हो । सेवाकालीन तालिममा सामान्य रूपमा चर्चा गरिने सूचनाको हकबारे कम्तिमा ४० घण्टाको प्रशिक्षण लिएको हुनुपर्ने बाध्यात्मक व्यवस्था गर्न आवश्यक छ । सूचनाको हकसम्बन्धी आधारभूत प्रमाणपत्र नभएकालाई सूचना अधिकारीको जिम्मेवारी नदिनु नै उचित हो । राष्ट्रिय सूचना आयोगले समेत जिल्ला वा पालिकास्तरमा गर्ने एकदुई दिने प्रशिक्षणमा प्रमाणपत्र वितरण गर्न बन्द गर्नुपर्छ । सूचनाको हकसम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रममा भाग लिने कर्मचारीले समेत आफूलाई जानकार भन्दै नागरिकसमक्ष धाक लगाउनु उचित नहोला ।

सूचनाको हक प्रत्येक नागरिकले उपभोग गर्न पाउनुपर्छ । राज्यका कामकारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ बनाएको प्रस्तावनामै लेखिएको छ । २०६२।६३ को ऐतिहासिक जनआन्दोलनबाट सत्तामा पुगेको राजनीतिक शक्तिले सूचनाको हक सम्बन्धमा बनाएको ऐनलाई सशक्त बनाउन नसकेको आरोपबाट छुटकारा पाउन नसकेको अवस्था छ । स्थानीय सरकारमा अधिकांश राजनीति दलकै प्रतिनिधि भई चुनाव जितेका कारण उनीहरूलाई सूचनाको हकसम्बन्धी कानुनप्रति जिम्मेवार र नागरिकप्रति जवाफदेही

बनाउने जिम्मेवारी राजनीतिक दल र संघीय सरकारले लिनुपर्छ ।

नागरिकको बलबाट बनेको सरकार, जनप्रतिनिधि वा सार्वजनिक निकायले अधिकारबाट वञ्चित गरेको लागेमा आफ्नो संवैधानिक अधिकारको उपयोग गर्नुपर्छ । सूचनाको हकसम्बन्धी निवेदन दर्ता नगरेमा, सूचना नदिएमा वा आंशिक सूचना दिएमा उजुरी गर्ने निकायहरूबारे जानकारी राख्न आवश्यक छ ।

राष्ट्रिय सूचना आयोगलगायतका निकायले सार्वजनिक निकायलाई जिम्मेवार बनाउन अहिलेभन्दा सशक्त भूमिका खेल्न आवश्यक छ। त्यही नागरिकलाई संवैधानिक अधिकारबारे सचेत गराउने जिम्मेवारी सरकारी र गैरसरकारी दुबै पक्षको छ । नागरिकको पहुँच सार्वजनिक सूचनामा भएको खण्डमा मात्र स्थानीय सरकार सुशासनप्रति संवेदनशील रहेको बुझिन्छ। तसर्थ स्थानीय सरकार सूचनाको उत्पादक र रक्षक भएकाले नागरिकलाई बिनालोभलालच संवैधानिक अधिकार उपभोग गराउने वातावरण निर्माण गरिनुपर्छ । कुनै पनि व्यक्ति सधैं सूचना अधिकारी, कार्यालय प्रमुख वा स्थानीय सरकारको प्रतिनिधि रहिरहने ग्यारेन्टी नभए पनि नागरिक रहिरहन्छ । कुनै दिन नागरिकको रूपमा सूचनाको हकसम्बन्धी निवेदन लिएर जाँदा अहिले नागरिकसँग हुने व्यवहार भोलिका दिनमा तपाईंसँग पनि नहोला भन्न सकिन्न ।

-o-

# कर्णालीमा सूचनाको हकको प्रयोगको अनुभव



◆ लक्ष्मीप्रसाद पौड्याल

कर्णाली प्रदेशमा ७९ वटा स्थानीय तह छन् । गाउँ-गाउँमा सिंहदरबारको विभिन्न अधिकारसहितका स्थानीय तहका पहिलो कार्यकालका जनप्रतिनिधिको कार्यावधि भर्खरै सकियो । दोस्रो कार्यकालका लागि जनप्रतिनिधि निर्वाचित भइसकेको पनि एक वर्ष पुगिसक्यो । यसका साथै 'स्थायी शासक'को रूपमा परिचित कर्मचारीहरू पनि स्थानीय तहमा काम गरिरहेका छन् ।

वेलाबखत उनीहरूको सरुवा/बढुवा भइरहन्छ । नेपालको संविधान २०७२ को मौलिक हकअन्तर्गत धारा २७ ले हरेक सार्वजनिक सरोकारका विषयमा नागरिकलाई जान्न पाउने अधिकार प्रदान गरेको छ । सार्वजनिक सरोकारका सूचना एवम् जानकारी पाउनका लागि सूचनाको हकसम्बन्धी ऐन २०६४ एउटा औजारको रूपमा नागरिकसामु प्रदान गरिएको छ ।

पछिल्लो पाँच वर्षमा कर्णाली प्रदेशका स्थानीय तहहरूमा सोही सूचनाको हकसम्बन्धी ऐनको प्रयोग गर्दैगर्दाका मेरा विभिन्न अनुभूति छन् । खासगरी स्थानीय तहमा सूचना माग गर्दाका अनुभूति यस आलेखमा समेट्नेछु ।

कर्णाली प्रदेशको राजधानी सुर्खेतमा बसेर काम गरे पनि मेरो नामबाट 'सूचना माग गरिएको पत्र' नपुगेको स्थानीय तह कर्णालीमा बिरलै होलान् । यो पाँच वर्षमा कर्णाली प्रदेशका ७९ वटा स्थानीय तहमा सूचनाको हकको प्रयोग गरी करिब पाँच सयभन्दा बढी सूचना माग गरिएको थियो । तीमध्ये दुई सय जति निवेदनको मात्रै जवाफ र सूचना पाइयो ।

तीमध्ये कति सूचना महिनौंपछि प्राप्त भएका छन् । कतिपय अधुरा पनि छन् । स्थानीय तहलाई ती सूचना प्रदान गर्नका लागि समय लाग्ने खालका जटिल पनि हुँदैनथे । माग गरिएका सूचनामा उक्त स्थानीय तहको बजेटको विषय पनि पर्थ्यो । ती निकायहरूले बजेट वेबसाइटमा नराख्दा सूचनाको हक प्रयोग गरी त्यसबारे सूचना माग्नुपर्ने भयो । जुन सूचनाको हकसम्बन्धी ऐनबमोजिम स्वतः प्रकाशन गर्नुपर्ने सूचना पर्छन् ।

यो भन्दै गर्दा कतिपय स्थानीय तहबाट सहजै रूपमा सूचना आउँथ्यो । त्यो सङ्ख्या ज्यादै

** कर्णाली प्रदेशमा अर्थ-राजनीतिक विषयका अनुसन्धानकर्ता*

न्यून थियो । सूचना आउने र वेबसाइटमै आवश्यक सूचना पाइने स्थानीय तहहरू सुगमका थिएनन् । हुम्ला, जुम्ला, मुगुलगायत दुर्गम जिल्लाका थिए ।

म आबद्ध संस्थाहरूमा मेरो काम प्राय: सूचना संकलनसँग जोडिने हुनाले पनि मैले यो अनुभव लिन पाएँ । स्थानीय तहबाट आउने सूचना प्राप्त गर्न ढिला भएकाले मैले कार्यसम्पादनमा ढिलाइ भएबापत संस्थामा 'कमजोर कार्यसम्पादन'को जिम्मेवारी सामना गर्नुसम्म पर्‍यो ।

सूचना माग गरी पठाइएको पत्रबारे जानकारी दिन र सूचनाको फलोअपका लागि फोन गर्दा 'किन चाहियो ? के हो तपाईंको संस्था ? म बिदामा छु, मलाई थाहा छैन, फलानो शाखाका कर्मचारी बिदामा छन्, तपाईं पत्रकार हो ?' लगायतका प्रश्न गरिन्थ्यो । धन्न मैले सूचना माग्नुको आधार र कारणसहित खुलाएको हुनाले होला सूचना दिन्नँ वा दिन मिल्दैन चाहिँ कसैले भनेनन् । सबैले 'हुन्छ सर' भनिरहे तर अधिकांशले सूचना उपलब्ध गराएनन् ।

पछि-पछि त फोन उठाउन पनि छाडे । म सुर्खेतबाट मासिक रूपमा प्रकाशित हुने 'तन्नेरी भ्वाइस' र त्यसको अनलाइमा आबद्ध भएकाले कतिपय ठाउँमा त 'म फलानो पत्रिकाबाट बोलेको' भन्नुपर्‍यो । मेरो अनुभवमा सूचना सहजै दिने भनेको पत्रिकालाई वा समाचार माध्यमलाई मात्रै रहेछ । सूचना दिन ढिला गरेपछि कतिपय ठाउँमा त हामीले पत्रिकामार्फत पनि सूचना मागेका थियौँ ।

सूचना प्राप्त गर्न सबैभन्दा ढिला र असहज हुन्थ्यो, सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाबाट । सामान्य सूचना पनि वेबसाइटमा राखिदैनथ्यो । बीचको केही समय सूचना सहज रूपमा पाइए पनि पछिल्लो समय वीरेन्द्रनगरबाट सार्वजनिक सरोकारका सूचना प्राप्त गर्न निकै कठिन भयो । अहिले पनि निकै कठिन छ । जब कि वीरेन्द्रनगरका अधिकांश नागरिक इन्टरनेटको पहुँचमा छन् । वेबसाइटमा राखिएका सूचना हेर्न सक्छन् तर नगरपालिकाले वेबसाइटमा राख्दैन ।

वीरेन्द्रनगरमात्रै होइन, सुगम मानिने सुर्खेत र दैलेखलगायत जिल्लाका स्थानीय तहबाट सूचना पाउन निकै नै कठिन भयो । जब कि फोन सम्पर्क नहुने कालिकोट र जाजरकोटका स्थानीय तहहरूले इमेलमै सूचना मागेका आधारमा उपलब्ध गराउँथे ।

केही समयअघि हामीले कर्णाली प्रदेशका १६ वटा स्थानीय तहहरूको पाँच आर्थिक वर्षको बजेटको अध्ययन गर्‍यौं । जुन समयमा अधिकांश स्थानीय तहहरूको पाँच आर्थिक वर्षको बजेट वेबसाइटमा राखिएको थिएन । सूचनाको हक प्रयोग गरी हामीले बजेट माग्यौँ । केही स्थानीय तहहरूले इमेल गरेकै आधारमा बजेट पठाइदिए । केही स्थानीय तहले संस्थाको

आधिकारिक लेटरप्याड र चिठी मागे । हामीले त्यो पनि पुऱ्यायौँ ।

त्यति गर्दा केही स्थानीय तहले बजेटसँग सम्बन्धित विषयको सूचना पठाएनन् । मैले दैनिकजसो फोन गर्थें । उनीहरू 'हुन्छ' त भन्थे तर पठाउँदैनथे । कतिपयले आफू बाहिर भएको, बिदामा भएको भन्थे । कतिपय स्थानीय तहमा त एकले अर्कासँग माग्नुस् भनेर फोन नम्बर दिन्थे । अर्काले अर्कोसँग गरी कम्तिमा ५-७ जनासम्मको फोन नम्बरमा कुरा गर्नुपर्ने ।

जुम्लाको एउटा स्थानीय तहले आर्थिक वर्ष २०७८।०७९ को बजेट करिब एक महिनासम्म उपलब्ध गराएन । मैले बजेट असोज मसान्ततिर मागेको थिएँ । कहिले के भन्ने, कहिले के बहाना बनाउने । कहिले 'बिदामा छु' भन्ने, कहिले फोन नउठाउने र कहिले फोन नलाग्ने । त्यो प्रक्रिया करिब १५ दिन चलेपछि मैले गाउँपालिका अध्यक्षलाई फोन गरेँ ।

आफूले बजेट नपाएकोबारे जानकारी दिएँ । गुनासो गरेँ । त्यसको भोलिपल्ट गाउँपालिकाका कर्मचारीले मलाई फोन गरे र उक्त सूचना छिट्टै पठाइदिने बताए । १-२ दिनमा गाउँपालिकाको बजेट इमेलमार्फत मैले प्राप्त गरेँ । स्थानीय तहमा जनप्रतिनिधि हुनुको नदेखिएको फाइदा मैले त्यति वेला महसुस गरेँ । स्थानीय तहमा कर्मचारीबाट सेवाग्राहीलाई सेवाप्रवाहमा लापरबाही भएमा गुनासो गर्ने एउटा महत्वपूर्ण संयन्त्र जनप्रतिनिधि हुनसक्छन् भन्ने कुरा मैले महसुस गरेँ ।

प्रायः स्थानीय तहमा सूचना अधिकारी र सूचना प्रविधि अधिकृत एउटै व्यक्ति हुँदैनन् । यसले 'कम्युनिकेशन ग्याप' गरेको छ । हामीले इमेलमार्फत सूचना माग गर्नका लागि पठाएको पत्र सूचना प्रविधि अधिकृत (आइटी अफिसर)कहाँ पुग्ने रहेछ । स्थानीय तहको इमेल/इन्टरनेट तथा वेबसाइट हेर्नका लागि सूचना प्रविधि अधिकृतले काम गर्ने रहेछन् । सूचना प्रविधि अधिकृतहरूले इमेलमा आएको पत्र सूचना अधिकारी वा कार्यालय प्रमुखकहाँ नपुऱ्याइदिनुले समस्या सिर्जना गरेको रहेछ ।

यसरी सूचना उपलब्ध गराउन नमान्दा मैले राष्ट्रिय सूचना आयोगमा उजुरी नगरेको पनि होइन तर राष्ट्रिय सूचना आयोगमा उजुरीको प्रक्रिया पुग्ने वेलासम्म धेरै समय लाग्थ्यो । छोटो समयमै प्राप्त गर्न सकिने सामान्य सूचनाका लागि धेरै समय कुर्नुपर्ने ।

केही समयअघि राष्ट्रिय सूचना आयोगका सूचना अधिकारीसँग मैले मेरा गुनासा पोखेँ । सूचना प्राप्त गर्दाका कठिनाइ सुनाएँ । सूचना प्राप्त गर्न नसकेमा राष्ट्रिय सूचना आयोगमा उजुरी गर्ने कुरा त मलाई थाहा नै थियो तर उहाँले मलाई एउटा अर्को सजिलो 'उपाय' सिकाइदिनु भयो । त्यसपछि मैले सूचना माग गरिएको पत्र इमेलमार्फत स्थानीय तहहरूमा पठाउँथेँ । स्थानीय तहबाट फोन आउँथ्यो 'तपाईंले सूचना माग गर्नुभएको रहेछ । सूचना

तयार हुँदै छ हामी पठाउँछौं ।' सबैजसो त होइन तर धेरैजसो स्थानीय तहहरूबाट सूचना आउन थाल्यो ।

त्यसमा त्यति ठूलो कुनै विषय पनि थिएन । पहिले सूचना माग गर्दा पठाउने चिठीकै ढाँचामा मैले सूचना माग गरिएको पत्र इमेलमार्फत् पठाउँथैं । सूचनामा माग गर्ने विषयहरू पनि स्थानीय तहको बजेट तथा सार्वजनिक सरोकारकै विषयमा हुन्थे तर मैले चिठीको अन्तिममा एउटा वाक्य थपेको थिएँ, 'बोधार्थः राष्ट्रिय सूचना आयोग नेपाल, काठमाडौं ।' यसै वाक्यले यति धेरै अर्थ राख्यो । कहिलेकाहीँ सामान्य कुराले पनि यति धेरै अर्थ राख्ने रहेछ ।

मैले यस अवधिमा स्थानीय तहका सूचना अधिकारीहरूबाट धेरै कुरा सिकेँ । स्थानीय तहहरूले सामान्य सूचनाहरू समेत वेबसाइटमा नराख्नुले सामान्य सार्वजनिक सूचना पाउनबाट समेत नागरिक वञ्चित भएका छन् । स्थानीय तहमा सूचना प्रविधि अधिकृत वेबसाइट अपडेटकै लागि राखिएको हुन्छ । यसो हुनुमा उनीहरूलाई आफ्नो कामका बारेमा जिम्मेवारीबोध गराउन सकिएको छैन । उनीहरूलाई यस विषयमा सक्रिय बनाउन मेहनत गर्नुपर्ने देखिन्छ । हामीजस्ता संघ/संस्थामा कार्यरत र सूचनाको हक प्रयोग गरी सूचना माग्नेलाई त सूचना पाउन यति गाह्रो छ भने सामान्य सर्वसाधारण नागरिकलाई सहज होला त ? भन्ने प्रश्न पेचिलो बनेको छ ।

नागरिकलाई सूचना पाउनबाट स्थानीय तहहरूले वञ्चित गर्नु हुँदैन । स्थानीय तहका वेबसाइटलाई सूचना प्रवाहको माध्यम बनाउन सकिन्छ । कर्णाली प्रदेशमा सुगमका भन्दा दुर्गममा स्थानीय तहका वेबसाइट धेरै अद्यावधिक गरिएको पाइन्छ । त्यसैले स्थानीय तहको सक्रियतामा यो कुरा भर पर्छ । सामान्य नागरिकले मागेको सूचना पनि दिनुपर्छ भनेर सूचना अधिकारीलाई सिकाउन जरुरी छ ।

-०-

# खोज पत्रकारिता र सूचनाको हक



◆ विद्या राई*

संविधानतः आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने मौलिक हक आम नागरिकलाई छ । यसरी नागरिकको हैसियतले प्राप्त गरिने सूचनाबाट व्यक्ति स्वयम् सुसूचित हुने त छँदै छ, पत्रकार तथा सञ्चारकर्मीहरूलाई भने सार्वजनिक महत्वका यस्ता सूचनालाई प्रकाशन/प्रसारण गरेर सरोकारवालालाई खबरदारी गर्ने, नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने अवसरसमेत छ । खासगरी महिनौं वा बर्षौं लगाएर गरिने खोजमूलक रिपोर्टिङ अर्थात् खोज पत्रकारिताको अभ्यासमा सूचनाको हक बलियो, विश्वसनीय र आधिकारिक हतियार नै हो ।

दिनहुँका समाचार रिपोर्टिङहरू बढीजसो घटनाकेन्द्रित हुने गर्छन् । अपवादबाहेक जानकारीका खुराक मात्रै हुन्छन् । सहजै पाइने सूचनाले ठूलै अनियमिततालाई ढाकछोप गरिरहेको पनि हुनसक्छ । दिनदिनै खोज पत्रकारिताको आवश्यकता खड्किंदो छ । यस्तो पत्रकारितामा पत्रकारले एउटा विषयमाथि गहन खोज गर्छ । खोजी पत्रकारिताले नियतवश लुकाइएका वा नियत नभएरै पनि लुक्न पुगेका सार्वजानिक सरोकारका विषयलाई उधिन्छ । 'सार्वजानिक सरोकार भन्नाले त्यस्ता विषयलाई जनाउँछ जसका बारेमा थाहा नपाउँदा आममानिसलाई बेफाइदा पुग्छ अनि थाहा पाउँदा आममानिसलाई नै फाइदा पुग्छ,' जर्मनीको बर्लिनस्थित मुख्यालय रहेको कास मिडिया कार्यक्रमले तयार गरेको खोज पत्रकारिता सम्बन्धी हातेपुस्तिकामा भनिएको छ । जुन हातेपुस्तिकालाई विभिन्न देशका पत्रकारहरूले खोजमूलक रिपोर्टिङको मार्गदर्शक ठान्छन् ।

सरकार वा कर्पोरेट हाउस, संघसंस्था, राजनीतिक नेतृत्वहरूले आफ्ना बदमासी लुकाउन सक्दो प्रयास गर्छन् । सकारात्मक कुराहरू मात्रै बाहिर आऊन् भन्ने चाहन्छन् । यसका लागि विज्ञापन दिएर, घुमाउन लगेर, डिनर खुवाएर वा अरु केही उपाय लगाएर मिडिया परिचालन पनि गर्छन् । पत्रकारहरूले सत्ता, शक्ति र व्यापारीको गुनगानमात्रै गाउने हो भने नागरिक स्वतन्त्रता र सुशासन मर्छ । समाजमा बेइमानीहरूको रजगज चल्छ । यसो हुन नदिनका लागि पत्रकारले सत्य र प्रमाणमा आधारित खोजमूलक रिपोर्टिङ गर्नुपर्छ । प्रमाण जुटाउनकै लागि सक्दो लुकाउने प्रयास भएका सूचना प्राप्त गर्न सूचनाको हकको प्रयोग

** संवाददाता, कान्तिपुर दैनिक*

बलियो विकल्प हो ।

यसको प्रक्रिया झन्झटिलो पक्कै छ तर सूचना पाउनका लागि सूचनाका स्रोतसँग पहिल्यै चिनजान वा हिमचिमको जरुरी पर्दैन । स्रोतसँग सम्पर्क राख्न नसक्ने वा नजान्ने भनेर तपाईं आफ्नो समाचारकक्ष वा सहकर्मीको हेपाइमा नै पर्नुहुन्छ भने पनि सूचनाको हकले समान हैसियत स्थापित गर्न टेवा पुऱ्याउँछ । महिनौंको प्रक्रिया पूरा गरेर सूचना पाएपछि 'एक्सक्लुसिभ' खोज सामग्री पस्कन सक्नुभयो भने सम्बन्धित निकायमा सुशासन कायम गर्न, नीतिगत सुधार गर्न मद्दत पुग्ने नै भयो; तपाईं आफैमा पनि धैर्य, दृढता र आत्मबल बढ्छ । स्रोतसँग चिनजान नभएकैले सूचना जुटाउन नसकेर गजब रिपोर्टिङ गर्न नसकेको हीनताबोध हुनबाट माथि उठाउँछ ।

म आफ्नै अनुभव प्रस्तुत गर्न चाहन्छु । मैले गृह जिल्ला भोजपुर र हाल काठमाडौँमा गरेर पत्रकारिता गर्न थालेको आठ वर्ष भएको छ । मैले जान्दादेखि नै पत्रकारितामा टिक्न राजनीतिक, आर्थिकजस्ता बिटहरूमा रिपोर्टिङ गर्नुपर्छ भन्ने सुनेँ । नत्र पत्रकारितामा हराइन्छ भन्थे कतिपय सिनियरहरू । गृहजिल्लामा सामाजिक, आर्थिक, राजनीतिक सबै विषयमा रिपोर्टिङ गर्नुपर्थ्यो । २०७४ माघमा काठमाडौं टेकेपछि बिटको सवाल जोडियो । मैले शुरुमा काठमाडौँ महानगरको रिपोर्टिङ गरे । डेढदुई वर्षपछि सम्पादकीय नेतृत्वबाट लैङ्गिकता र सामाजिक समावेशीकरण बिटमा रिपोर्टिङ गर्ने जिम्मेवारी पाएँ । यो बिटलाई कम महत्व दिइने वा हेलाको दृष्टिकोणले हेरिने अझै पनि छ । उतिखेर त झनै थियो ।

तर काठमाडौँ महानगरको रिपोर्टिङ गर्दा सूचनाको हक प्रयोग गरेर पाएको सूचनाको आधारमा त्यहाँका बेथिति, बदमासीहरू सार्वजनिक गरिसकेकी थिएँ । मैले गरेको रिपोर्टिङको प्रभावले महानगरका जनप्रतिनिधिले तलब, भत्ता, चियाखाजा शीर्षकमा अचाक्ली खर्च गरेको खोजमूलक समाचार प्रकाशन/प्रसारण गरिसकेपछि खर्च मीतव्ययितासमेत अपनाउन थालिएको थियो । मैले लैङ्गिकता र सामाजिक समावेशीकरण बिटमा रिपोर्टिङ थालेपछि पनि आर्थिक बेथितिसँग जोडिएका सवालमा पनि रिपोर्टिङ गर्न छाडिनँ । ती सूचना सङ्कलन गर्नका लागि सूचनाको हकको प्रयोग नै मुख्य आधार थियो । त्यो अहिले पनि छ र मलाई लाग्छ भोलि पनि हुनेछ ।

चाहे त्यो २०७६ साल मंसिरमा कान्तिपुर दैनिकमा प्रकाशित सुदूरपश्चिमको भूस्वर्ग मानिने खप्तडको पूर्वाधार र अन्य सुविधा विस्तारमा भएको बदमासीको खुलासा होस्, या त २०८० साल माघमा प्रकाशित होडबाजीमा बनाइएका प्रयोगविहीन २३ आन्तरिक विमानस्थलको अर्थराजनीतिक खुलासा वा अरू नै । सूचनाको हक प्रयोग गरेर एउटा विषयको सूचना पाउन मैले कम्तिमा छ महिनासम्म समय खर्चेकी छु । सूचना नदिने वा आलटाल गर्ने वा अधुरो सूचना दिएर टार्न खोज्ने ती सरकारी निकायलाई कारबाहीको दायरामा ल्याउनेसम्मको

चेतावनी दिएर सूचना उपलब्ध गराउन सहयोग गर्ने राष्ट्रिय सूचना आयोगको पनि उत्तिकै योगदान छ । यसरी तयार भएका खोजमूलक समाचार सामग्रीको केही न केही प्रभाव परेको छ ।

खप्तडमा पर्यटन पूर्वाधार निर्माण र विस्तारका नाममा भएको बदमासीका प्रमाण जुटाउँदा मैले खप्तड विकास समिति, नेपाल पर्यटन बोर्ड, पर्यटन मन्त्रालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागमा शुरु सूचना माग्नेदेखि, पटक-पटक धाउने र नपाएपछि सूचना आयोगमा पुनरावेदन गर्नुपरेको थियो । २०७६ वैशाख १३ देखि माग्न थालेको सूचना पुनरावेदन गरेपछि असार २५ मा प्राप्त भएको थियो ।

त्यसबाट खुलासा के भयो भने पछिल्लो एक दशकमा मात्रै खप्तडमा पूर्वाधार र अन्य सुविधा विस्तार गर्न रु. ५० करोड खर्च भएको तर राम्रो गोरेटो बाटोसम्म बनेको थिएन । त्यहाँ भएका अनियमितताबारे सरकारी अध्ययन भएर पनि ती फाइल थन्काएर राखिएका थिए । तत्कालीन पर्यटनमन्त्री र खप्तड विकास समितिका पदाधिकारी, कर्मचारीको मिलेमतो उजागर गरिएको थियो । जुन बदमासीबारे सम्बन्धित कार्यालयका सूचना अधिकारीहरूले १५ दिनभित्रै सूचना नदिएर जानाजान हैरानी दिने प्रयत्न गरेका थिए ।

उक्त समाचार खोज पत्रकारिता केन्द्र नेपालको सम्पादकीय सहयोगमा बझाङ सहकर्मी वसन्तप्रताप सिंहसँग संयुक्त रूपमा तयार गरेका थियौं । बेथितिमा मुछिएकाहरूमाथि कारबाही त भएन तर खप्तडमा हुने लगानीमा राज्यसंयन्त्र चनाखो हुने गरेको छ । नियामक निकायहरू हत्तपत्त पुग्न नसक्ने त्यो ठाउँमा खुलेआम हुने गरेको बदमासी गर्न खोज्नेहरू हच्किने गरेका छन् ।

२०७९ चैतमा पछिल्लो १५ वर्षमा वैदेशिक सहायताका २६ परियोजना सञ्चालन हुँदा पनि गरिबीले थिचिएका तथा मानव विकास सूचकाङ्कको पींधमा परेका २ लाख ३४ हजार मुसहर समुदायको कहर उस्तै रहेको बारे खोजमूलक रिपोर्टिङ गरेँ । सूचनाको हकसम्बन्धी कानुनबमोजिमको फर्म्याटमा ती परियोजना लागू गर्नेहरूबाट सूचना मागेकी थिएँ । फलस्वरूप यसबारे एक सांसदले संसद् र गैरसरकारी संस्थाहरूको राष्ट्रिय भेलामा ध्यानाकर्षण गराएका थिए ।

पाँच महिना लगाएर सूचना माग गरेर २३ आन्तरिक विमानस्थलहरूको प्रयोगविहीन अवस्था र प्रत्येकमा भएको करोडौं लगानीबारे गहन रिपोर्टिङ गरिएको थियो । यी विमानस्थलबारे यसअघि पनि रिपोर्टिङ नभएका होइनन् तर एकै प्याकेजमा यी सबै विमानस्थलगत खर्च विवरण सार्वजनिक गरिएको थियो । संयोगवश नै भनौं, नेपाल नागरिक उड्डयन प्राधिकरणले धरानमा विमानस्थल निर्माण हुन सम्भव नहुने भन्दै २०८० फागुनमा एक वक्तव्य जारी गऱ्यो ।

विराटनगरमा विमानस्थल हुँदाहुँदै ४० मिनेट दूरीमा पर्ने धरानमा नयाँ विमानस्थल बनाउनमा मेयर हर्क साङपाङले खुब जोडबल गरिरहेका थिए । समाचार प्रकाशन हुनु झण्डै एक महिनाअघि उनले विमानस्थल निर्माण गर्नुलाई शौचालय निर्माणसँग दाँजेको अभिव्यक्ति सार्वजनिक भएका थिए, जुन कुरा समाचारमा पनि उल्लेख गरिएको थियो । कान्तिपुर दैनिकमा समाचार छापिएकै दिन तत्कालीन पर्यटनमन्त्री सुदन किरातीले २३ वटै बन्द विमानस्थल पूर्ण रूपमा सञ्चालनमा ल्याउने भनेर पत्रकार भेटघाट कार्यक्रममा बोलेका थिए । निकुञ्जमा परेका विमानस्थल, आवश्यकताविहीन बनिसकेका कतिपय विमानस्थल पनि भएकाले २३ वटै सञ्चालनमा ल्याउन सम्भव छैन । पर्यटनमन्त्रीको अभिव्यक्तिले के इङ्गित गर्छ भने विमानस्थलका नाममा भएका बेथितिको अनुगमन, निरीक्षण, नियमन गर्न सम्बन्धित मन्त्रालयलाई चर्को दबाब बढेकैले हत्त न पत्त सस्तो लोकप्रियताको वचन बाँड्नुपरेको थियो । पर्यटनमन्त्रीको मनोदशा जे चलिरहेको भए पनि उक्त समाचार (अरू मिडियाले लेख्दै आएका समेत) को प्रभाव भने झल्किन्थ्यो ।

पत्रकारको काम खबरदारी गर्नु, झकझक्याउनु र गल्ती, कमीकमजोरी औंल्याइदिनु नै हो । सकारात्मक परिवर्तनको उद्देश्य राखेर प्रमाणमा आधारित आलोचनात्मक पत्रकारिताले सुधारको बाटोतिर लाग्न प्रेरित गर्छ । सुशासन कायम गर्न सघाउँछ  तरयसका लागि नियामक निकायहरूले नै कार्यान्वयन गर्नुपर्ने हुन्छ । अनुगमन, निरीक्षण, कारबाही गर्नुपर्ने हुन्छ । पत्रकारले औंल्याइदिने र आम मान्छेसम्म जानकारी पुर्‍याइदिने हो । माथि उल्लेख गरिएका समाचारका विषयका सूचनाबारे मैले आफ्नो हिसाबले अध्ययन गरेर एक कुनामा फ्यालिदिए पनि हुन्थ्यो । म स्वयम् सूचित भइसकेपछि भइहाल्थ्यो तर त्यसो होइन । नागरिकको हैसियतले पाएको सूचनालाई सचेत नागरिक अझ भनौं सूचनाको आदानप्रदान गर्ने काम गर्ने मान्छे भएकाले सार्वजनिक महत्वका ती विषयमाथि खोजमूलक समाचारहरू तयार गर्ने जोखिम नै उठाएको हो । समाचार छापिइसकेपछि आरोप लागेकाहरूबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा चित्त दुखाइ गर्ने, घुमाउरो तरिकाले धम्की आउने पत्रकारिताको विशेषता समेत हो ।

पत्रकार तथा सञ्चारकर्मीहरूको छाता संगठन नेपाल पत्रकार महासंघमा कुल १३ हजार ७७ जना आबद्ध (सदस्य) छन् । यीमध्ये आधाले मात्रै सूचनाको हकलाई उच्चतम उपयोग गरेर सूचना सङ्कलन गर्ने, विश्लेषण गर्ने, प्रमाणमा आधारित खोज सामग्री तयार गर्ने हो भने भ्रष्टाचार, बेथिति, अनियमिततालाई न्यूनीकरण र रोकथाम गर्न एकएक गर्दै इँटा थपिन्छ । विडम्बना त्यस्तो छैन । दूरदराजका पत्रकार धेरैजसोलाई सूचनाको हक प्रयोग गरेर सूचना सङ्कलन गर्न सकिन्छ भन्ने जानकारी छैन । जानकारी भइहाले पनि पत्रकार भएपछि थर्काएर, धम्काएर, घुर्क्याएर वा हिमचिम बढाएर सूचना पाइन्छ भन्ने ठूलो भ्रम छ । इमान्दार पत्रकारिता गर्छु भन्नेलाई पनि यो झन्झटिलो प्रक्रिया झेल्ने बानी पर्नै बाँकी छ ।

यति भन्दैमा यसको प्रयोग, अभ्यास कमैले मात्रै गरेका छन् भन्ने होइन । यतिले पर्याप्त हुँदैन भन्न खोजिएको हो ।

खोज पत्रकारिता आफैँमा एक लामो प्रक्रिया हो; यो हतारको होइन, फुर्सदको साहित्य हो । समाचारमा उठाइएको विषय वा मुद्दा स्थापित नहुन्जेलसम्म स्थलगत अध्ययन, मान्छेहरूसँगको कुराकानी, कागजात, इन्टरनेटमा पाइने सामग्रीहरू एकै विषयमा महिनौं घोत्लिनुपर्ने, लागिरहनुपर्ने, भिडिरहनुपर्ने भएकाले यो निरस काम पनि हो ।

सूचनाको हकसम्बन्धी प्रचलित ऐन २०६४ बमोजिम सूचना माग्दा पनि उस्तै हुन्छ। शुरुमा सूचना अधिकारीलाई सूचना मागको निवेदन दिएपछि १५ दिन कुर्नुपर्छ । उसबाट नपाए वा अपूरो पाएमा कार्यालय प्रमुखलाई उजुरी दिनुपर्छ । त्यसपछि पनि सूचना नपाएपछि कार्यालय प्रमुखलाई उजुरी गर्दा एक हप्तासम्म कुर्नुपर्ने हुन सक्छ। त्यसपछि पनि मागेको सूचना नपाए सूचना आयोगमा पुनरावेदन गर्नुपर्छ। ऐनबमोजिम सूचना आयोगले पुनरावेदन पाएको ६० दिनभित्र मुद्दा टुङ्गो लगाइसक्नुपर्छ तर कार्यान्वयनमा ढिलाइ भइरहेको छ ।

विमानस्थलहरूको खर्चबारे नेपाल नागरिक उड्डयन प्राधिकरणमा सूचना मागको निवेदन दिएर नपाएपछि मैले २०८० साल साउन १५ गते प्राधिकरणविरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गरेकी थिएँ। २०८० भदौ २७ गते, कात्तिक १४ गते, मंसिर ८ गते पुनः ताकेता गरेपछि बल्लतल्ल मंसिर २५ गते प्राधिकरणले आयोगमार्फत सूचना उपलब्ध गराएको थियो। आयोगबाट मैले जानकारी पाउँदा थप केही दिन लागेको थियो । दशैंतिहार बिदाको १५ दिन जति अवधि कटाउने हो भने मैले आयोगमा पुनरावेदन गरेको चार महिना (१२० दिन) पूरा भएर मात्रै सूचना पाएकी थिएँ। कतिपय सूचना त पुनरावेदन गरेर पनि पाइएको हुँदैन ।

अनि मलाई लाग्छ सार्वजनिक सरोकारका सूचना पाउन कठिन भयो भनेर हामी-तपाईंले कहिलेसम्म गुनासो गरिरहनुपर्ने हो ? मैले सूचनाको हक प्रयोग गरेर समाचार रिपोर्टिङ गरिरहेको छ वर्ष भइसक्यो। मेरै अनुभवमा सूचना अधिकारीहरू सूचना उपलब्ध गराउनमा पहिलेभन्दा केही मात्रामा सहज भएको जस्तो देखिए पनि स्वतस्फूर्त तयार छैनन्। सार्वजनिक चासोका सूचना पनि आफ्नै व्यक्तिगत सम्पत्ति जसरी गोप्य राखिरहनुपर्ने साँघुरो मानसिकता बदल्न उनीहरूलाई समय लागिरहेको छ । तथापि खोज पत्रकारिता र सूचनाको हकको अन्योन्याश्रित सम्बन्धलाई धेरैभन्दा धेरै सदुपयोग गर्नेतर्फ पत्रकारहरू प्रेरित हुन जरुरी छ।

इन्टरनेटको जमानामा सूचनाको बाढी छ। सत्य, तथ्य, प्रमाणमा आधारित सूचनाका लागि वास्तविक स्रोतसम्मै पुग्नुपर्ने हुन्छ । सूचनाको हकद्वारा प्राप्त सूचनाहरूमा तथ्य चुक्ने सम्भावना न्यून हुन्छ। यसले पेशागत मर्यादामा रहेर काम गर्न नै सहयोग गर्छ।

-०-

# आमसञ्चार माध्यम र सूचना आयोगको अन्तरसम्बन्ध



◆ शिरीषा पौडेल*

## विषय प्रवेश

जनताको सत्यतथ्य जान्न पाउने अधिकारको सहज प्राप्ति आमसञ्चारका माध्यमबाटै हुने हुँदा आमसञ्चारका माध्यम र सूचनाको हक तथा सूचना आयोग आपसमा सम्बन्धित छन् भन्नेमा दुईमत छैन । कुनै पनि सूचना प्राप्तिका लागि हरेक मानिस सबैभन्दा धेरै मिडियामा नै निर्भर हुने भएकाले मिडिया र यसले उत्पादन गर्ने श्रव्यदृश्य सामग्री सदैव महत्वपूर्ण हुन्छन् ।

थाहा भएकै कुरा हो, नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई स्वयम् आफ्नो र सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र उक्त सूचना पाउने हक हुनेछ भनेर भनिएको छ । तर हामीमध्ये कतिलाई कुन सूचना आवश्यक छ ? कहाँबाट पाइन्छ र उक्त सूचनाबाट जानकार हुँदा के-के फाइदा हुन्छ भन्नेसमेत थाहा हुँदैन । जसको जानकारी गराउनसमेत सञ्चारको कुनै न कुनै माध्यमको आवश्यकता हुन्छ नै । चाहे त्यो टिभी, रेडियो, सामाजिक सञ्जाल, अनलाइन पोर्टल, होर्डिङ बोर्ड, पत्रपत्रिका वा सञ्चारका अन्य माध्यम । जुनसुकै माध्यमबाट भए पनि सम्बन्धित व्यक्तिको कान तथा ध्यानमा उक्त सन्देश पुग्ने हुँदा आमसञ्चार माध्यम र सूचना आयोग एक अर्काको परिपूरक भएर काम गर्नुपर्छ ।

जनतासामु सही सूचना पुग्नका लागि सूचना दिने निकाय र सम्प्रेषण तथा प्रसारण गर्ने निकाय दुवैले पूर्ण ध्यान दिन जरुरी हुन्छ । यसकारण पनि आमसञ्चार माध्यम र सूचना आयोगको अन्तरसम्बन्ध धेरै बलियो हुनुपर्छ ।

## सूचनाको हक, इतिहास र स्थापना

सूचनाको हक नागरिकको मौलिक हक हो । कुनै पनि सूचनामाथिको पहुँच नै सूचनाको हक हो । पारदर्शिता सुशासनको एक महत्वपूर्ण अंश हो । जुन सूचनाको हकद्वारा स्थापित हुन्छ । सूचनाको हक पारदर्शिताको सूचक हो । सरोकारको विषयमा सूचना पाउनु नागरिकको हक हो । हरेक नागरिकले जान्न पाउने अधिकारले सही कुरा जान्ने अधिकारलाई बुझाउँछ । सूचनाको हक सम्बन्धित कानुन कार्यान्वयनले देशमै सुशासन र पारदर्शिता

---

* *सञ्चारकर्मी तथा व्यवसायी*

कायम भई जवाफदेहितासमेत बढाउँछ । उक्त हकले हरेक नागरिकलाई सरकारी, अर्धसरकारी, गैरसरकारी तथा राजनीतिक दलहरूसँग उनीहरूका कर्मचारी, संस्थागत बजेट, कार्यविवरण, निर्णय प्रक्रिया, कार्यालयले प्रधान गर्ने सेवालगायत सबै प्रकारका सूचना तथा जानकारी माग्ने र प्राप्त गर्ने सम्पूर्ण अधिकार प्रदान गर्छ ।

तर अझै पनि नेपाल होस् या विश्वका अन्य विकसित मुलुकमा पनि सूचना वा यससँग सम्बन्धित हक आमसञ्चार माध्यमलाई मात्र आवश्यक हो कि भन्ने गलत बुझाइ पनि यदाकदा यथावत् नै छ । यथार्थतः सूचनाको हक अपरिहार्य विषय भइसकेको छ । सूचनाको हकबिना न त राज्य पारदर्शी बन्न सक्छ न जनताले नै अधिकार पाएको महसुस गर्छन् । बिनासूचना राजनीतिक, सामाजिक, आर्थिक वा व्यक्तिगत कुनै पनि ठाउँमा सक्रिय सहभागिता बन्न सक्दैन भन्ने अवधारणाको विकास भएको अहिले पाइन्छ । कुनै समय यस्तो थियो, सीमित शासकवर्गले राज्यको सम्पूर्ण कुरा सम्हाल्थे, राज्यका महत्वपूर्ण सूचना शासकवर्गको नियन्त्रणमा हुन्थे । राज्यका महत्वपूर्ण सूचना राज्यकै तर्फबाट लुकाइन्थ्यो, जुन आमनागरिकका लागि घातक थियो । अहिले लोकतन्त्रको पुनःस्थापनापछि यो विषयले संविधानभित्र प्रवेश पाई त्यस्तो गलत प्रवृत्तिको अन्त्य भएको छ ।

नेपालमा कानुनहरू संशोधन हुँदै आए पनि सूचनाको हक स्थापित गर्नका लागि निकै लामो संघर्ष गर्नुपरेको इतिहास छ । परिवर्तित विधानहरूमा सूचनाको हकसम्बन्धी कुनै व्यवस्था नदिँदासमेत निरन्तरको संघर्षपछि वि.सं. २०६४ सालमा बल्ल सूचनाको हकसम्बन्धी ऐन बन्यो र त्यस ऐनलाई परिमार्जित गर्दै आज हामी यो ठाउँसम्म आइपुगेका छौं ।

## सूचनाको हक र सूचना आयोगको पृष्ठभूमि

- वि.सं. २००७ सालमा नेपालको अन्तरिम शासन विधानमा सूचनाको हकसम्बन्धी केही व्यवस्था थिएन ।
- वि.सं. २०१५ सालको नेपाल अधिराज्यको संविधानमा पनि सूचनाको हकसम्बन्धी केही व्यवस्था गरिएन ।
- वि.सं. २०१९ सालमा नेपालको संविधानको व्यवस्थाले पनि सूचनाको हक विषयमा केही बोलेन ।
- नेपाल अधिराज्यको संविधान २०४७ को धारा १६ मा सूचनाको हकको व्यवस्था थियो तर खास प्रभावकारिता केही हुन सकेन ।
- २०६४ मा बल्ल सूचनाको हकसम्बन्धी ऐन बन्यो ।
- २०६५ मा सूचना आयोग बन्यो र सूचनाको हकको नियमावली पनि बनेको थियो । त्यसपछि मात्र सूचनाको हकको विधिवत् प्रयोग हुन थालेको हो ।

- २०७२ सालमा नेपालको संविधानको धारा २७ मा व्यवस्थित व्यवस्था थियो ।

## सूचनाको हकसँग सम्बन्धित विश्वइतिहास

अहिले विश्वमै सूचनाको हकको प्रतिष्ठा बढेको छ । सन् १९९० मा मात्र १४ देशहरूले सूचनाको हकको अध्ययन गरेका थिए । त्यसवेला नेपाल यसमा सामेल भएको थिएन । नेपाली जनआन्दोलनपछि मात्र नयाँ संविधानमा सूचनाको हकलाई मौलिक हकको रूपमा स्वीकृत गरेको हो । जसलाई पारित हुन नेपालमा लामो अवधि लागेको छ । हाल विश्वभरि ७७ देशले कानुनी बन्दोबस्ती सहित सूचनाको हक प्रयोग गरेका छन् । तर नेपालले भने २०६३ जनआन्दोलनको सफलतापछि मात्र सूचनाको हकलाई संविधानमा महत्वपूर्ण रूपमा अडान गरेको र सूचनाको हकलाई पारदर्शी गर्नुपर्छ भनेर प्रतिबद्ध भई २०६४ को असोज ३ देखि यो संविधानलाई लागू समेत गरी कार्यान्वयनका लागि ३० दिनको समय दिइएको थियो । त्यसको १० महिनापछि राष्ट्रिय सूचना आयोग गठन गरी उक्त आयोगले नै सूचनाको हकसम्बन्धी नियमावली तय गरेको थियो । नेपालका साथै विश्वभर अन्य ५० भन्दा बढी देशहरूले सूचनाको हकलाई संविधानमा समावेश गरेका छन् । विश्वको ९० प्रतिशत जनसङ्ख्याको दृष्टिमा, सूचनाको हकसम्बन्धी कानुन वा नीतिमा विश्वभरि पहुँच छ । यसको कानुन कार्यान्वयनमा विभिन्न पक्षमा योजनाबद्ध समीक्षा गरिएको छ । जसमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाका प्रकारको परिभाषा गरिएको छ । सार्वजनिक निकायले आमजनतालाई सूचना प्रवाह गर्न प्रतिबद्ध हुनुपर्ने छ । जसका लागि सूचना आयोगको व्यवस्था र सरकारी कार्यालयमा सूचना अधिकारीको नियुक्ति गरिएको छ । यसरी आमनागरिकले आफ्नो मौलिक हक सूचनाको हक प्राप्त गर्ने बाटो बनेको हो । सूचनाको हकसम्बन्धी ऐन बन्नु, नियमावली आउनु, आयोग बन्नु र आयुक्तहरूद्वारा सुनुवाइ हुनु पक्कै पनि सानो जित भने थिएन । जनतासामु सूचनामाथिको पहुँच पुग्नु नै सूचनाको हक हो ।

## सूचनाको अर्थ र महत्व

कुनै पनि थाहा नपाएको विषयको जानकारी नै सूचना हो या भनौं ज्ञानको स्रोत नै सूचना हो । हक भनेको अधिकार वा दावा हो । कुनै पनि देशको नागरिकलाई कानुनले दिएको विभिन्न अधिकार नै उसको हक हो । कुनै पनि वस्तुलाई मूर्तरूप दिनु, केही सिक्नु, जान्नु वा बुझ्नु पनि सूचना हो या भनौं सम्बन्धित सबैलाई केही कुरा थाहा दिने काम नै सूचना हो । हरेक सूचना एकैखालको पनि हुँदैन । सही सूचना नभएमा सही बुझाइ र सही निर्णय हुन सक्दैन । सही सूचनाले मात्रै जनताले आफ्नो अधिकारको उपयोग गर्न पाउँछन् । पेशा र व्यवसाय अनुसार सूचनाको सरोकार पनि अलग अलग हुन्छ । हरेक सूचना सार्वजनिक, व्यक्तिगत र पेशा व्यवसायसँग सम्बन्धित हुन्छन् । सूचनाको ठूलो महत्व छ । सही सूचना

नहुँदा अन्योल हुन्छ र मानिस दिशाविहीन र गन्तव्यविहीन हुन्छ ।

### आमसञ्चार, सूचनाको हक र नागरिकको बुझाइ

सूचनाको हकसम्बन्धी अधिकार आमनागरिकको अधिकार हो । तैपनि एक हिसाबले बुझ्ने हो भने सूचना प्राप्तिका लागि आमजनताको अहिलेको बुझाइ पनि अनेक प्रकारका सञ्चारमाध्यम नै हो । यसमा पत्रकार वा अन्य विशेष पेशा र व्यवसाय भएका व्यक्तिका लागि भनेर कुनै विशेष व्यवस्था छैन । सञ्चारमाध्यम नागरिकले सूचना प्राप्त गर्ने सबैभन्दा भरपर्दो र सजिलो माध्यम भएकाले ती माध्यममार्फत नागरिकले नियमित रूपमा सार्वजनिक निकायका नयाँ र ताजा जानकारी वा सूचना पाइराखेका हुन्छन् । सूचनाको हक हरेक नागरिकको मौलिक अधिकार हो । कुनै पनि सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र उक्त सूचना पाउने अधिकार यस हकले प्रदान गर्छ । यस हकको पूर्ण प्रयोग गरी आफू वा आफ्नो क्षेत्रसँग सम्बन्धित र सार्वजनिक सरोकारका सूचना हरेक नागरिकले माग्नुपर्छ । कुनै पनि सार्वजनिक सरोकारका विषयबारे थाहा पाउने हरेक नागरिकको अधिकार हो तर कतिपय नेपाली नागरिकलाई सूचनाको हक र यसमा विषय पूर्ण जानकारी नै छैन । जसले गर्दा दैनिक कति धेरै समस्या झेल्नु तथा व्यहोर्नु परिराखेको हुन्छ तर कानुनी रूपमा नै सुनिश्चित गरिएको प्रेस स्वतन्त्रताको अधिकारकै प्रयोगमार्फत सार्वजनिक महत्वका महत्वपूर्ण सूचना प्राप्त गर्ने तथा नागरिकसम्म प्रवाह गर्ने कार्य आमसञ्चार माध्यमले निरन्तर गरी राख्नाले नै केही न केही सहज भने पक्कै भएको छ । यस प्रक्रियालाई तीव्र बनाउन सरकार र सरोकारवालाको समेत ध्यान दिन जरुरी छ । सञ्चारक्षेत्रमा देखिने रमाइलो र रङ्गिनजगत्भन्दा फरक दुःखहरू छन् । सही खबर र समाचारको जरासम्म पुग्नका लागि निकै ठूलो दुःख र संघर्ष यस क्षेत्रमा आबद्ध व्यक्ति वा संस्थाहरूले गर्नुपर्छ ।  तबमात्र एउटा दमदार र योग्य कार्यक्रम बन्छ । देखिने कुरा छोटो, सानो र रमाइलो हुन्छ तर त्योभित्रको दुःख लामो, ठूलो र धेरै दुःखदायी हुने गर्दछ । दुःख गरेअनुसार आमसञ्चार माध्यमलाई संरक्षण गरी आर्थिक रूपमा आत्मनिर्भर हुनका लागि समेत सरकारको ध्यानाकर्षण हुनपर्छ अनिमात्र यो दुःखको राहत सञ्चार क्षेत्रका व्यक्तिले गर्न सक्लान् । जसको फलस्वरूप हरेक समुदाय र यसमा बसोबास गर्ने सम्पूर्ण नागरिकलाई सचेत गराइराख्ने अभिभारासमेत जीवनभर हाँसेर उठाउन सक्नेछन् भन्ने विश्वास लिएकी छु ।

### सूचना माध्यमको परम्परा

परापूर्वकालदेखि नै सूचना प्रसारणका विभिन्न परम्परा, तौरतरिका, माध्यम र कालहरू हामीले भोग्दै र सुन्दै आएका छौं । सूचना सबैलाई आवश्यक छ । पौराणिक युगका नारदमुनि पनि आधुनिक सूचनाप्रविधि युगका पत्रकार नै थिए । उनको समाचार केन्द्रित

गर्ने कार्यक्रमको नाम वा शुरुवाती शब्द 'नारायण, नारायण' थियो भन्न सकिन्छ । सबैको साझा पात्रको रूपमा चिनिने देवर्षि नारदले देव र दानव सबैलाई समाचार पुऱ्याउँथे । विस्तारै शब्द र अक्षरको लेखनको विकास सँगसँगै विभिन्न पन्छीका माध्यमबाट सन्देश पठाउने प्रचलनको विकास पनि सूचना र सञ्चारकै लागि भएको थियो । गीतसङ्गीतको विकास सूचना र सन्देश प्रवाहका लागि नै भएको थियो । परापूर्वकालदेखि चलिआएको कटुवाल प्रथा पनि तत्कालीन समयमा सूचना र सञ्चारको माध्यमको रूपमा प्रयोग गरिएको थियो । त्यसपछि विकसित हुँदै सञ्चारको माध्यम भनेको हुलाक थियो । सञ्चारका लागि हुलाकको प्रयोग प्राचीन समयदेखि भएको इतिहास छ । नेपालमा यसको औपचारिक शुरुवात वि.सं. १९३८ सालमा भएको थियो । कुनै समयमा सबैभन्दा व्यस्त र धेरै सञ्जाल फैलिएको र चिनिएको सरकारी कार्यालय हुलाक नै थियो । सूचना माध्यमको परम्परा मात्र परिवर्तन भएको हो । सूचना हिजो पनि आवश्यक थियो, आज पनि आवश्यक छ र भोलि पनि आवश्यक रहिरहनेछ ।

### सञ्चारमाध्यमको उद्देश्य, भूमिका र चुनौती

आमसञ्चार माध्यमको उद्देश्य आमजनतालाई सत्य, तथ्य र ताजा सूचना तथा जानकारी दिनु एवम् आमनागरिकका आवाज प्रवाह गर्नु हो । सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनमा समेत आमसञ्चारका माध्यमको महत्वपूर्ण भूमिका रहन्छ । त्यसकारण पनि सूचनाको हक सञ्चारमाध्यमको माग र अधिकारभित्रको विषय हो भनेर नै बुझ्ने गरिन्छ । विभिन्न युग पार गर्दै अहिलेको आधुनिक युगसम्म आइपुग्दा यस युगको सूचना दिने सबैभन्दा बलियो र प्रभावकारी माध्यम भनेकै आमसञ्चार माध्यम नै हो । यसको प्रभावकारिताका लागि कुन माध्यम र तरिकाबाट सूचना प्रवाह गर्दा आमनागरिकले बुझ्छन्, विश्वास गर्छन् र स्विकार्न सक्छन् भन्ने विषयमा सञ्चारमाध्यमको ठूलो भूमिका हुन्छ । आमनागरिकलाई बुझाउने दायित्व बोकिरहँदा आफूले सही सूचना पाउनु र उक्त सूचनालाई सबैले बुझ्ने सरल, सहज र प्रभावकारी तरिकाले सम्प्रेषण गर्ने भूमिका पनि सञ्चारमाध्यमको नै हुने गर्छ । उक्त सूचनाको नकारात्मक प्रभाव र असर पर्ने चुनौती पनि उत्तिकै हुने हुँदा निकै बुझेर, सही सूचना लिएर कार्यक्रम बनाउँदासमेत सजग भएर गर्नुपर्ने चुनौती पनि उत्तिकै रहेको छ ।

### सूचनाको हक र आमसञ्चार माध्यमको महत्व

वास्तवमै सूचनाको हक स्थापनामा मुख्य भूमिका सञ्चारक्षेत्रका व्यक्तित्वहरू र अभियन्ताहरूको छ । विभिन्न काल र शासनहरू खेपेर आएका हामी नेपाली, जसले आफ्ना विचार, धारणा र आवाज नै राख्न पाउँदैन थियौं; धेरै ठूलो लडाइँ र लामो समयको अथक प्रयासपछि राज्यका कामकारबाही लोकतान्त्रिक पद्धति अनुसार खुला र पारदर्शी बनाई

नागरिकप्रति जिम्मेवार र जवाफदेही बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वका सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुन पाउने हकलाई संरक्षण गर्न नेपालमा सूचनाको हकसम्बन्धी ऐन २०६४ जारी भएको हो ।

यो जित सञ्चार क्षेत्रको हो भन्दा पनि फरक पर्दैन । किन कि उखान नै छ, 'बोल्नेको पिठो बिक्छ र नबोल्नेको चामल पनि बिक्दैन ।' नियम जतिसुकै राम्रा बनाइए पनि सम्बन्धित व्यक्तिसामु पुग्नु पऱ्यो र उसले बुझ्नु पनि पऱ्यो । अनिमात्र त्यो राम्रो नियमको औचित्य हुन्छ । सूचनाको हक आमनागरिकको हक हो तर यसको प्राप्तिका लागि यसको अर्थ र आवश्यकता बुझ्न जरुरी छ ।

## प्रवाहमा बाध्यकारी नहुने सूचना

नेपालको संविधान २०७२ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी लेखिएको छ । संविधान मुलुकको मूल कानुन हो । यसको भावनासँग बाझिएर बन्ने कानुन बाझिएका हदसम्म स्वतः अमान्य हुने संवैधानिक व्यवस्था छ ।

यसरी संविधानमा यो निकाय र व्यक्तिसँग, यो विषयमा र यसरी सूचना माग्नुपर्छ भनी उल्लेख गरिएको छैन । यसमा प्रत्येक नेपालीलाई आफूलाई आवश्यक परेको आफूसँग सम्बन्धित र सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना कुनै पनि निकाय र पदाधिकारीसँग सोध्न र माग्न सकिने व्यवस्था छ । यसरी मागिएको सूचना नेपाली जनताले पाउनैपर्ने संवैधानिक प्रावधान प्रष्टै छ ।

तथापि, संविधानमै मोटामोटी दुईवटा सीमा भने तोकिएका छन् । पहिलो कुरा, संविधानको धारा २७ को दोस्रो वाक्यमा भनिएको छ, 'तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।' यसअनुसार सूचनाको हकसम्बन्धी ऐन जारी भएको छ । यो ऐनले मुलुकको सार्वभौमसत्तामा खलल पार्ने, शान्ति सुरक्षामा असर पार्ने, दुई मुलुकबीचको सम्बन्धमा दरार ल्याउने, अपराधको अनुसन्धानमा आघात पुग्ने, आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात गर्ने, जातीय सद्भाव भड्किने र व्यक्तिगत प्रकृतिका सूचना प्रवाहमा बाध्य हुनु नपर्ने व्यवस्था गरेको छ ।

## सूचनाको हक र कार्यान्वयनमा समस्या र समाधान

सूचनाको हक र पारदर्शितासम्बन्धी कानुनको कार्यान्वयनमा सामान्य समस्या छन्, जसमा

राजनीतिक इच्छाशक्ति र प्रतिबद्धताको कमी, कार्यकारीको मिचाहा प्रवृत्ति र सूचना लुकाउने, तोडमोड गर्ने र बहाना बनाउने समावेश छ। अन्य समस्यामा नागरिकमा शिक्षा र सचेतना अभाव, नागरिक बडापत्र सजावटको सामग्री भएको छ र सूचना अधिकारको व्यवस्था औपचारिकतामा सीमित भएको समावेश छ । साथै, सूचना प्रदान गर्ने साधन, स्रोत र जनशक्तिका दृष्टिले कतिपय अव्यावहारिक छन् ।

समस्यालाई समाधान गर्नका लागि केन्द्रीयस्तरमा संयन्त्र स्थापना गरिनुपर्छ र सार्वजनिक कार्यलाई दृश्यमान, पूर्वानुमानित र सम्झनयोग्य बनाउनुपर्छ । त्यसैले, Proactive Disclosure system लाई प्रवर्द्धन गरिनुपर्छ। नागरिक सचेतना र जागरुकता बढाउनुपर्छ। साथै, सूचनाको दुरुपयोग रोक्नका लागि संयन्त्र विकसित गरिनुपर्छ । जसमा Privacy Act पनि समावेश गरिनुपर्छ। राज्यले जनताका लागि जारी गरेको सूचनाको हकको यो कानुन आमनागरिकले सहज रूपमा सूचना पाउने र सार्वजनिक निकायले सहजरूपमा दिने वातावरण नबन्दासम्म यस कानुनको सही सदुपयोग हुन भने गाह्रो देखिन्छ । भ्रष्टाचार र अनियमितता रोक्ने सबैभन्दा शक्तिशाली हतियार नै सूचनाको हकसम्बन्धी कानुन हो भन्दा फरक पर्दैन। विश्वका विभिन्न ठाउँहरूको तथ्याङ्क हेर्दा भ्रष्टाचार नियन्त्रणका लागि सूचनाको हकको प्रयोग गर्ने गरिएको तथ्य भेटिन्छ तर हामीले भने प्रयोग गर्न सकेका छैनौं ।

### आमनागरिक, सञ्चारमाध्यम र सूचना आयोगले खेल्नुपर्ने भूमिका

सरकार स्थायी होस् या अस्थायी आफै पारदर्शी र खुला हुनुपर्छ । सरकारका सबै सार्वजनिक कार्य स्वतः सार्वजनिक गर्नुपर्ने लोकतान्त्रिक मूल्य र मान्यतालाई राष्ट्रको सूचनाको कानुनले पनि अङ्गीकार गरेकै छ। सूचनाको हकको कानुन त बन्यो तर यसको कार्यान्वयनको अवस्था कस्तो छ ? कतै कमजोर त भएको छैन भन्ने विषयमा छलफल चलाउनैपर्छ । अहिले त विभिन्न माध्यमबाट मिडियामा आएका सतही समाचार सुन्दा लाग्छ सुशासन कतै छैन, भ्रष्टाचार नभएको कुनै निकाय छैन, अनियमितताको थुप्रो दिन प्रतिदिन थपिँदै छन् । बेरुजु वर्षेनि बढ्दै गएको त सरकारी निकायकै प्रतिवेदनमा नै उल्लेख छ। ती विषयहरूको गहिराइसम्म पुग्नुपर्छ र त्यसका लागि मिडियाले सूचनाको हकसम्बन्धी कानुनको प्रयोग गरी अभियान चलाउनै पर्छ। सूचनाको हकसम्बन्धी कानुनको प्रयोग र उपयोगको सशक्त अभियान नागरिक र मिडियाले पनि चलाउनुपर्छ । हाम्रा लागि बनेको कानुन हामीले आफ्नो लागि प्रयोग गर्न जान्न र सिक्नुपर्छ । अब देशमा भ्रष्टाचारको नियन्त्रण गर्न र आमनागरिकलाई सूचित गर्न तथा नागरिकले पनि आफूलाई आवश्यक जनसरोकारका विषयमा यो कानुनको प्रयोग गर्ने मात्र नभएर यसलाई हतियार

नै बनाएर अभियान सञ्चालन गर्नुपर्छ तबमात्र यो कानुनको सही कार्यान्वयन हुनेछ ।

**अन्तत**

सम्बन्धित निकाय, मिडिया वा सरकार मात्र होइन, हरेक सचेत नागरिक आवाजविहीनको आवाज बन्न सक्नुपर्छ । सूचनाको हक केवल अधिकार मात्र नबनोस् । यसलाई नागरिक र सरोकारवाला निकायको कर्तव्यको रूपमा समेत विकास गर्न सबै एकजुट हुन आवश्यक छ ।

आमसञ्चार माध्यमले विशेष खोज पत्रकारिताको विकास गरी नागरिकलाई सही सूचना लिने र दिने परिपाटीको विकास गर्नु आजको आवश्यकता हो भने हरेक नागरिकले यसलाई सहयोग, निरीक्षण गर्दै श्रद्धाका साथ डोऱ्याउँदै कानुनी राज्यको बाटो भएर देशमा सुशासन कायम गर्दै सकारात्मक सोच तथा निष्ठाका साथ अगाडि बढ्न जरुरी छ ।

परिवर्तन, रूपान्तरण र जागरणका लागि सूचनाको हक र नागरिकलाई सत्यको मूल बाटो हिंडाउन आमसञ्चार र राष्ट्रिय सूचना आयोगको भूमिका सधैं गौरव गर्ने दीर्घकालीन आधार बनोस् । शुभकामना ‼

-o-

# सूचना नै जीवन



◆ शिशिल चित्रकार *

सूचना देश, समाज विकासको मूल आधार हुनेमा दुईमत छैन । तर आज देशको अवस्थालाई विवेचना गर्दा सूचना प्रणालीको कमजोरी, सूचनाको मूल आधार अभिलेख प्रणालीको कमजोर व्यवस्थापन र अझ सही र सक्षम कर्मचारीको अभाव भएको कटुसत्यलाई पनि नकार्न सकिँदैन । दैनिक जीवनमा चाहिने सूचना, विभिन्न संघसंस्थाले दिने सेवाको सूचना, सडक यातायातलगायत कुनै पनि क्षेत्रमा चाहिने सूचना, कुनै पनि नयाँ परिवर्तनबारेको अग्रिम जानकारी दिन पनि सूचना अपरिहार्य आवश्यकता हुन्छ ।

देशको संविधान, ऐन, नियमावली, राजपत्र आदि सूचनाको प्राथमिक आधार हुन् भने यसैको आधारमा अन्य विनियम, कार्यविधि, निर्देशन, परिपत्रहरू, पत्रपत्रिका, टिभी र अन्य सञ्चारका माध्यमले सूचनाको माध्यमको रूपमा कार्य गर्नुपर्ने हुन्छ । आजको अति व्यस्त जीवनमा सबै व्यक्ति सबै नियम कानुनमा पोख्त हुन सक्दैनन् । तर सबै क्षेत्रले आ-आफ्नो क्षेत्रसँग सम्बन्धित ऐन कानुनको मातहत रही सूचना सम्प्रेषण गरी सही सूचनाको प्रवाहमा कर्तव्य निर्वाह गर्न आवश्यक भएकोमा शायद शङ्का नहोला ।

सही र परिपक्व सूचना कार्यप्रणालीमा अन्योयाश्रित, कार्यरत कर्मचारीमा संगठनको कामकर्तव्यप्रति जागरुकताका लागि समेत सूचनाको अपरिहार्यता छ । यस परिवेशमा राज्यले सार्वजनिक निकायलाई जिम्मेवार बनाउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा नियमावली २०६५ को व्यवस्था गरेको छ । यसका विभिन्न व्यवस्थामध्ये सूचना माग गर्नु पनि एक हो । आज यस्तो सूचना कति लिइएको छ वा उपलब्ध सूचना पनि कत्तिको सही वा पूर्ण छ भन्नेमा आमचासो हुन आवश्यक देखिन्छ । औपचारिकता र देखावटीका लागि, आफ्नो स्वार्थअनुरूप तोडमरोड गरिराखेको, गल्तीलाई ढाकछोप गर्ने साधनको रूपमा समेत प्रयोग ( दुरुपयोग) भइरहेको अवस्थालाई पनि नकार्न नसकिने अवस्था मान्न सकिन्छ । बोल्नेको पिठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन भन्ने उखानलाई चरितार्थ गर्ने उपमासरह सूचना प्रवाह भइरहेको वर्तमान अवस्था हो भने यस्तो प्रवृत्तिले समाजलाई झन् अधोगतितर्फ लानेमा शङ्का नहोला । यसतर्फ पनि सरोकारवाला र सम्बन्धित निकायको चासो जान आवश्यक छ ।

---

* *भू.पू, निर्देशक, नेपाल नागरिक उड्डयन प्राधिकरण*

यसको अर्थ सबै सूचना गलत भन्न खोजिएको होइन । प्राथमिक सूचनाको महत्व सर्वोपरी स्वीकार्य गर्न सकिन्छ। तर विस्तृत र सही सूचनाका लागि सबै संघसंस्थाको थप जिम्मेवारी, कार्यकुशलता र सक्षम जनशक्तिको उपलब्धि पनि सँगसँगै गाँसिएका अन्तरसम्बन्धित विषय हुन् । एक निकायको सूचना कतै असम्बद्ध निकायबाट त प्रवाह भइरहेको छैन, सम्बद्ध निकाय मौन रहनुपर्ने, मौन रहनु बाध्य बनाइराखेको अवस्था त होइन ? यतातर्फ पनि समाजको विशेष निगरानी र चासो हुन आवश्यक देखिन्छ । यदि यसो भइरहेको अवस्था हो भने यस्तो सूचनाले समाजमा झन् समस्या ल्याइरहेको मान्न सकिन्छ ।

यस प्रसङ्गमा बुद्ध वचन धम्मपदका केही श्लोकहरू राख्न सान्दर्भिक ठान्छु ।

एकं धम्मं अतीतस्स - मुसावादिस्स जन्तुनो ।

वितिण्ण परलोकस्स - नत्थि पापं अकारियं ॥ (धम्मपद, श्लोक १७६)

अर्थ : एउटा धर्म (सत्य)लाई छोड्नेले, झूट कुरा गर्नेले, परलोकको विश्वास नगर्नेले, यो लोकमा नगर्ने पाप केही छैन ।

संघसंस्थाको बडापत्र, कार्यविधि, एक अर्काको कार्यमा अन्योल र अज्ञानता अथवा कार्यक्षेत्रमा हस्तक्षेप गरी स्वार्थगत कार्य भइरहेको अवस्था हो भने यस्तोमा सही सूचना सम्प्रेषणको अपेक्षा गर्नु पनि मुर्ख्याइँ नै हुन्छ । अझ कतै सूचना प्रवाहको माध्यम नै कुनै समूह, सिण्डिकेट अनुरूप आफ्नो बचाउ र अरूको विरुद्ध प्रचारप्रसार गर्ने माध्यम पो भइरहेको छ कि ? सूचनाको नाममा झूटको खेती गर्ने बलियो साधन अथवा कसैलाई बलिको बोका बनाइराख्ने माध्यमको रूपमा मात्र त यसको प्रयोग भइरहेको छैन ? यसमा व्यक्तिगत भेद, व्याख्यात्मक भेद, चारित्रिक भेदले पनि ठूलो भूमिका खेल्ने त निश्चितप्रायः नै छ ।

संसारमा कैयौं व्यवस्थापकीय सिद्धान्तहरू प्रतिपादन भएझैं व्यवस्थापन सूचना प्रणाली (Management Information System) को महत्व नकार्न सकिंदैन । यो व्यवस्थापन पद्धतिमा सूचनाको महत्व सर्वोपरी भएको स्वतःसिद्ध छ । सही सूचनाको अभावमा देश र समाजको विकासको परिकल्पनासमेत गर्नु व्यर्थ हुन्छ । व्यक्तिको अज्ञानता वा स्वार्थजन्य कारणले सही सूचनाको कल्पनासम्म गर्न सकिंदैन तथा सही व्यवस्थापन सूचना (MIS–Management Information System) प्रणालीको मर्मअनुरूप कार्य पनि हुन सक्दैन । यस अर्थमा पनि सूचनाको महत्व बढेकोमा दुईमत छैन ।

वर्तमान समयमा समन्वयको अभावमा भइरहेका कार्यहरूको अवस्था, एक निकायको कार्य पनि अन्य निकायबाट सम्पादन भइरहेको अवस्था, समस्याहरू एक निकायबाट अर्को निकायमा पन्छाउने प्रवृत्ति र अझ आधिकारिक निकाय वा पदाधिकारीलाई कुनै

जानकारीबिना पनि सूचनाको प्रवाह भइरहेको अवस्था समेतको आँकलन गर्न सकिन्छ । विभिन्न निकायको अन्तरसम्बन्धको अभावलाई एकातिर राखेर एउटै संगठनभित्रका विभिन्न एकाइहरू समेत यस्तो अवस्थाबाट विमुख नभइरहेका होलान् भन्न कठिन नै होला । संगठनको क्षेत्रअनुरूप यसमा केही तल माथि होला वा कुनैमा समस्या नहोला पनि, यस्तो समस्या भए/नभएको विषयमा गहन अध्ययन अनुसन्धान जरुरी भएको महसुस हुन्छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा नियमावली २०६५ ले परिकल्पना गरेबमोजिम कार्यालय संगठनहरूले के-कस्तो व्यवस्था गरेका छन् वा छैनन् अथवा नियमावलीको अनुकूल छन् वा छैनन् सोको समेत विश्लेषण हुन आवश्यक देखिन्छ । सूचनाको हकसम्बन्धी ऐन २०६४ मा भएका व्यवस्था सूचना शाखाको स्थापना, आवश्यक तालिम, सूचनाको वर्गीकरण, संरक्षण, नागरिकको सूचनाको हकको सम्मान गर्न आदि इत्यादिको व्यवस्थासमेत विशेष मननीय छ ।

संगठनको कार्य क्षेत्र, विभिन्न सेवासमूह अथवा सेवाप्रदायकको विविधताको अनुरूप यसमा अझ विशेष थप व्यवस्थाको खाँचो भएको देखिन्छ । यो नियमावलीले व्यवस्था गरेको सार्वजनिक निकायले सूचना अधिकारी तोक्दा प्रमुखभन्दा दोस्रो वा तेस्रो मुनिको अधिकारी हुनुपर्ने प्रावधान मननीय छ ।

यसैगरी अन्य व्यवस्थाबमोजिम सार्वजनिक निकायले विभिन्न प्रगति विवरण, ऋण, अनुदान, कार्यक्रम वा आयोजना, सूचनाको वर्गीकरण, सूचना मागसम्बन्धी विवरण आदि समेत प्रकाशन गर्नुपर्ने दायित्व दिएको छ ।

अझ भन्ने हो भने सूचना अधिकारीले दिएको सूचनाको अभिलेखीकरण, आधिकारिताको समेतको व्यवस्था रहे/नरहेको, कुनै माध्यममा मौखिक रूपमा व्यक्त गरेको, व्यक्तिगत रायलाई पनि संगठनको आधिकारिक भनाइ मान्ने/नमान्ने, सूचनाको सत्य, तथ्य तथा निरन्तरता कार्यपद्धतिसँग तालमेलसहितको स्थायित्वपूर्ण (अस्थिर सूचना, भ्रमपूर्ण सूचना त प्रवाह भइरहेको छैन ?) सूचना प्रवाहसमेत आजको अपरिहार्य आवश्यकता हो ।

कतै सूचना प्रवाहको भन्दा विपरीत कार्य भइरहेको अवस्थासमेत हो वा होइन ? त्यसमा समेत गहन विश्लेषणको आवश्यकता देखिन्छ । विषय विज्ञताको अभाव भईकन पनि हरेक क्षेत्रमा मानिसहरू सर्वसम्पन्न ठान्ने परिपाटी, विषयवस्तुको अध्ययन-अनुसन्धानबिना नै आफै पोख्त हुने परिपाटीलाई सामाजिक मनोरोगका साथै राष्ट्रको क्षयको मूलकारक तत्व मान्न सकिन्छ ।

देशमा बनेका कैयौं नीति, कार्यक्रम र योजना देश, समाज र संगठनको हकहितभन्दा कुनै व्यक्ति, वर्ग वा सो कार्यमा संलग्न समूहको स्वार्थसिद्ध हुनेखालको गलत र अपूरो सूचना

तथा तथ्याङ्कको आधारमा निर्माण भएकाले नै आज देशमा विकराल अवस्था आएको हुन सक्छ ।

नेपालको प्रशासनिक व्यवस्था सम्बन्धमा विद्वान् लेखक यदुनाथ खनाल भन्नुहुन्छ- यहाँको प्रशासन असक्षम, भ्रष्ट, ढिलासुस्ती, कुरौटे, जिम्मेवारी पन्छाउने, आफ्नो अग्रसरतामा काम नगर्ने, जनताको इच्छाअनुकूल हुनेगरी कार्य नगर्ने भनी जुन आलोचना भएका छन्, त्यसको कारण राजनीतिक हस्तक्षेप हो । (साभार : डा. भीमदेव भट्ट, सार्वजकि प्रशासनको आधारभूत सिद्धान्त, प्रकाशक श्री आशिषदेव भट्ट, प्रथम प्रकाशन वि.स. २०५४,पृ.२६)

सूचनाको हकसम्बन्धी ऐन २०६४ तथा नियमावली २०६५ ले सार्वजनिक निकायले प्रकाशन गर्नुपर्ने व्यवस्था गरेकोमा अझ थप समसामयिक परिमार्जन गरी व्यक्तिको हरेक दिनको क्रियाकलाप समेटिने सरकारी तथा गैरसरकारी र निजी क्षेत्रका समाचार तथा सूचनाको सही, यथार्थ र सेवाग्राहीको सेवाभाव, जनजीवनको प्रत्यक्ष सरोकारका विविध विषय समावेश गर्न सके अन्यथा नहोला ।

आज साँघुरिएको विश्वमा सञ्चारका विभिन्न माध्यमबाट संसारको कुनै पनि कुनाको समाचार छिटो र छरितोढङ्गले आमजनमानसमा पुग्ने गरेको निर्विवाद तथ्य हुन् । यसरी संसारको सूचना आदानप्रदानबाट आमजनमानसमा चनाखो सर्तकता, जागरुकता, अधिकारप्रति सचेतता बढेको अवस्थालाई पनि अस्वीकार गर्न सकिँदैन । तर यति भईकन पनि सञ्चार, समाचार तथा सूचनाको यथार्थता र सत्यताको भरपर्दो आधार भने बहसको पाटो हुन सक्छ । कतै सञ्चारका विभिन्न माध्यमहरूको दुरुपयोगबाट मानवजीवनमा थप चुनौती त बढेको छैन ? गलत समाचार सम्प्रेषण, एकपक्षीय समाचार, समूहगत, द्वन्द्वगत र स्वार्थजन्य सूचनाको त बाहुल्य छैन ? अर्को शब्दमा भन्नुपर्दा आणविक हतियारसम्मको चरम अवस्थाकै विकसित रूप नै आजको सञ्चार साधन पनि युद्धकै हतियार वा भनौं आइटी बम मान्न सकिन्न्छ ।

शिक्षाको सञ्चारको आधार सूचना प्रविधि, सूचनाको यथार्थपरक र गम्भीरता, जिम्मेवारीबिनाको सूचनाले समाजमा नकारात्मक भाव वृद्धि, एकापसमामा वैमनस्य, द्वन्द्व बढाउने कारकतत्व भइरहेको छ भने त्यस्तो सूचना वा समाचारको पनि के औचित्य मान्न सकिन्छ ?

आधुनिक प्रविधिले जीवनमा कैयौं सुविधा ल्याएको, सकारात्मक पक्ष कैयौं भएको अवस्था भएको नकार्न नसकिने यथार्थ भईकन पनि यसको गलत प्रयोग, दुरुपयोगमा व्यक्तिको अज्ञानता, मानसिक समस्या आदिको कारक तत्वको पहिचान पनि आजको आवश्यकता भएको छ । व्यक्तिको कुण्ठा, विकृत मनोभावना, निराशा व्यक्त गर्ने स्थानमा

सञ्चारमाध्यमको प्रयोग निश्चितरूपमा पनि समाजको हकहितमा हुन सक्दैन । आधिकारिक निकायबाट छानबिनपश्चात् आउनुपर्ने समाचार पनि विभिन्न निकायबाट फैसलाकै रूपमा सूचना दिने प्रवृत्ति व्यक्ति, समाज र राष्ट्रको हितमा हुन सक्दैन । यसमा सबै पक्षको चनाखोपन तथा अझ आधिकारिक निकायहरूको थप पुष्ट्याइँको अपेक्षा आम जनमानसमा रहनु शायद अन्यथा नहोला ।

जनता जागरुक नभएको हाम्रोजस्तो समाजमा गलत सूचनाको प्रवाहबाट हुने असर भयावह हुने स्वतःसिद्ध छ । यसैअनुरूप आजको देश-समाजको यावत् क्षेत्रमा देखापरेका समस्याको जड भनेको जनता जागरुक नभईकन पनि आधुनिक सञ्चारको प्रभाव वा दुष्प्रभावले व्यक्तिमा पलाएका गलत महत्वाकाङ्क्षा, मेहनत नगरी धनी हुने, मोजमस्ती र सुविधासम्पन्न हुने चाहना पनि सही सूचना र सही शिक्षाको अभावले भएको मान्न सकिन्छ ।

यस सन्दर्भमा पुनः धम्मपदको एउटा श्लोक राख्नु सान्दर्भिक हुनेछ ।

न तेन पण्डितो होति– यावता बहु भासति ।

खेमी अवेरी अभयो– पण्डितो'ति पवुच्चति ॥ (धम्मपद, श्लोक २५८)

अर्थ : धेरै कुरा गर्न जान्दैमा पण्डित हुँदैन, क्षमा, शील, अवैरी तथा निर्भय भएकालाई नै पण्डित भनिन्छ ।

आज दैनिक रूपमा टिभी, पत्रपत्रिका वा सञ्चारका विभिन्न माध्यमबाट थरीथरीका समाचार हेर्न, सुन्न र पढ्न पाइरहेको अवस्था हो । आजको समाज झैझगडा, अन्तरद्वन्द्व, मुद्दामामिला, कार्यालयका सूचनासमेत एकआपसमा स्वार्थजन्य प्रेरित भई सम्प्रेषण हुनु नै समाजको परिचय बनेको देखिन्छ ।

हरेक व्यक्तिको दैनिक जीवनमा सूचनाको अपरिहार्यता, उठेदेखि नसुतेसम्म सूचनाको सर्वोपरि भूमिका, कुन कार्य गर्ने ? कुन नगर्ने ? के-कस्तो सूचनालाई के-कस्तो रूपमा प्रयोग गर्ने ? सूचना पाउने वा नपाउने पनि व्यक्तिको अवसर तथा चुनौती नै हुन् । व्यक्तिको चरित्रअनुरूप कस्तो खालको सूचनामा रमाउने, सूचनालाई विश्लेषण गर्ने आदि इत्यादिदेखि आवश्यक खानपान, स्वास्थ्यलगायत दैनिक जीवनको सहज व्यवस्थापनका लागिसमेत विविध सूचना आवश्यक हुन्छ । यस अर्थमा पनि हामी भन्न सक्छौं, सूचना नै जीवन हो । सूचनाको आधिकारिकता, प्रभावकारिता नै जीवनको पाटो हो ।

अहिलेको समाज र राष्ट्रले सही सूचनाको आवश्यकताका लागि हृदयंगम गर्न अत्यावश्यक भएको छ । अझ सूचनाको मूल मर्म शिक्षालाई (घर पहिलो शिक्षा, त्यसपछि स्कुल आदिको

शिक्षा) नै सूचनाको प्राथमिक आधारभूत तत्वको रूपमा ग्रहण गरी, सही, सक्षम, कुशल र जनतारूपी मानव संसाधनको विकासको लक्ष्य लिन आवश्यक देखिन्छ । यसका लागि राष्ट्रको शिक्षा नीतिमा पनि व्यापक परिवर्तनको आवश्यकता हुन्छ ।

शिक्षा नीति, सक्षम मानव संसाधन तयार गर्न लक्ष्यसहित देशका प्रशासनिक व्यवस्थालाई छिटोछरितो, गुणस्तरीय सेवा तथा उत्तरदायित्व र जवाफदेहीमूलक बनाउने सोचसहितको अग्रगामीयुक्त बनाउन आवश्यक देखिन्छ । यसैबाट भविष्यमा सही सूचना प्रणालीको विकासका लागि मूलभूत आधार तयार हुन जाने हुन्छ ।

सूचना नै शक्ति, सूचना नै ज्ञानको मार्ग, सूचना नै जीवन, सूचना र शिक्षा एक आपसमा पर्यायवाचीको रूपमा लिई (Knowledgw is power) भन्ने मर्मलाई समेत समेटिने गरी तथा एकीकृत सूचनाको आधारमा देशका विविध आयोजना, कार्यक्रम सञ्चालन गरी देश तथा समाजको विकासका लागि सही सूचना प्रवाह गर्नु अपरिहार्य आवश्यकता भएको छ । सबैको मङ्गल होस् !

सन्दर्भ सामग्री :


१. सूचनाको हकसम्बन्धी ऐन २०६४ तथा नियमावली २०६५

२. धम्मपद

३. सार्वजनिक प्रशासनको आधारभूत सिद्धान्त

४. गोरखापत्र र अन्य पत्र पत्रिकाहरू

५. अनलाइन पत्रिकाहरू


-o-

# Role of Public Television Broadcasters in Promoting Rights to Information



◆ **Ashok Ghimire***

Every citizen has right to information from public body. Right to Information (RTI) means the right to ask for and obtain information of public importance held in the Public Bodies and this term shall also include the right to study or observation of any written document, material held in Public Body or proceedings of such Public Body. Citizens can obtain a verified copy of document, to visit or observe the place where any construction of public importance is going on and to obtain verified sample of any material or to obtain information held in any type of machine.

Every Public Body has to respect and secure the right to information of citizen. Public Body should have responsibilities in classifying and updating information; publishing and broadcasting information; ensuring citizen's access to information simply and easily and conducting functions of disseminating information openly and transparently to the citizens of nation. A culture of confidentiality within public bodies can result in inadequate response to right to information as per the request. Even strong law's enactment can be ineffective if the concerned authority is not position to provide information as per the request, however, it doesn't mean that public authority should disclose all the confidential official information or records.

**Rationality of Right to Information (RTI)**

The constitution of Nepal gives the citizens the right to information. But this right will be said to be incomplete if it does not include access of information to citizens. Right to receive and impart information about public performance is an integral part of human rights but this also comes with reasonable restrictions. Political leadership has shown its commitment

* *Executive Officer, Nepal Television*

to the fundamental rights of the ordinary citizen by incorporating several fundamental rights, including the right to information in the constitution. It is mandatory to disclose performance of public bodies and authorities to respect, exercise and cultivate democratic culture and governance. In democratic system, right to information has become indispensible component of governance that to be privileged for every citizen. It can enhance the transparency and accountability of public bodies and improve the delivery of public services characterized by public awareness, citizen expediency, good governance and citizen empowerment. A provision of right to information may increase the ownership and participation of citizens in governing system reducing the gap between public bodies and general citizens and equally enhances climate of trust and confidence that could amicably reduce opportunities for corruption and embezzlement.

**Public Broadcasters in Nepal**

Broadcasting is the distribution of audio and/or video content or other messages to a dispersed audience via any electronic mass communications medium; radio and television. Public broadcasters are the entities including radio and television and other electronic media outlets financed, operated and managed under the state whose primary mission is public service delivery through broadcasting multifaceted audio visual contents moreover programs, news and other messages addressing different strata of society; they also disseminate tailor made PSA's and public notices as awareness campaign to the reach of target audiences. Radio Nepal and Nepal Television are frontier public broadcasters in Nepal. As government has already announced budget and fabricated policy in merging Radio Nepal and Nepal Television under the umbrella of Public Service Broadcasting (PSB) model, it will be implemented after promulgation of PSB act by the parliament which is now at forefront. Transcending to PSB, the role of public broadcasters is expected to be escalated and vividly angled in wide spectrum; it does not mean that they would be flamboyant but more responsible and accountable towards public addressing their concerns, issues, stories and agendas.

The history of broadcasting media initiated since the establishment of Radio Nepal, on 2 April, 1951, a first broadcasting entity in Nepal; it is coincidence that democracy sprouts almost at the same time with

threshold of public broadcasting media. After a long time, as a Television broadcaster, *Nepal Television* under government endeavor and ownership came into existence in December 1985 and has been broadcasting through terrestrial and satellite network and digital platform i.e social media, mobile apps, web streaming etc.

**a) Nepal Television**

Nepal Television embarked as a project during Sixth Development Plan (1980-1985) of Nepal incorporated under communication act of Nepal government. As public broadcaster it has been considered as credible and authenticsource for information and platform for social, cultural and regional harmony and and integration, as pioneering broadcasting organization of Nepal. Currently it has five channels NTV National, NTV Plus, NTV News, NTV Kohalpur, and NTV Ithari; out of them, NTV National is one of the oldest channel launched during the establishment of Nepal Television. It has been broadcasting through terrestrial, satellite and cable network and digital platform i.e mobile apps, social media, web streaming etc. Terrestrially, it is accessible in about 50% of total geographic area and 72 percent of the total population of the country. NTV can be watched worldwide through broadband IPTV or internet more than 140 countries all over the world.

**b) Radio Nepal**

It is the state-owned Radio broadcasting organization of Nepal, which was established on 2 April 1951. Initially, the transmission lasted for 4 hours and 30 minutes through a 250 Watt short-wave transmitter. Over the years, Radio Nepal has strengthened its institutional capacity considerably and diversified itself in terms of program format, technical efficiency and coverage. Radio Nepal airs program on short wave (SW), medium wave (MW) and FM frequencies; it is regularly broadcasting programs and news up to 24 hours from central station through various frequencies and has regional radio service from which news and regional programs are being broadcasted with focus to the various strata of society.

In consonance with the policy of forging ahead in tune with the

changing broadcasting scenario, Radio Nepal launched the first FM Channel in Nepal on 16th November 1995. The FM Channel airs programs on 100 MHz on the FM band through a 3 KW stereo transmitter installed at Khumaltar, Lalitpur. A fairly well equipped studio with stereo facilities has been established at Singh Durbar. This studio along with the provision of a standby studio has made it possible to broadcast programs live. Radio Nepal has a policy of leasing out its air time to private parties to broadcast programs on its FM channel by permitting private operators to use their own staff. These programs have proved to be very popular among the urban youth of Kathmandu.

**Role of Public Broadcasters**

As a government entity, public broadcasters have social responsibility airing 24 hours news and programs through their existing channels, broadcasting outlets and networks. With collaboration to public sector, they have been engaged in producing and broadcasting customized programs and social/informative message and PSA's on multifaceted areas and diversified issues. They have been associated with production and transmission of telefilms, talkshows and documentaries incorporating nation's politics, economy, health, education, environment, human rights, right to information etc. They are also actively engaging in the live transmission of various programs as per the demand of various public bodies.

In compliance with public policies, they should stress on broadcasting effective programs and up-dated news as per the expectation of mass audiences in changing context and disseminate them right information and knowledge on diversified subjects and issues focusing various strata of society. They should enhance their competitive strength forming strong administrative unit so as to monitor and evaluates regularly broadcasting contents ensuring effective and efficient management of broadcasting system across the country.

- Informing the public about what happens in the country and world, particularly in those areas in which audiences do not possess direct knowledge or experience.

- Construction of public belief and attitudes and understanding and evoking the socio-economic change.
- Shaping public debates in terms of setting agendas and focusing public interest on particular subjects to gain knowledge and skills.
- Limiting information with which audiences understand confronting issues and challenges and alternative solutions in solving the specific problems in the concerned sectors.
- Disseminates pertinent information with discussion on policy framework, regulatory measurement, current practices regarding knowledge and its implication to development.
- Setting upcoming and contemporary issues and agendas focusing public interest on particular subjects; range of arguments and perspectives in changing dimension.
- Energizes commitments to alter individual behaviors with structural or institutional mechanism for socio-behavioral change in wider perspective.
- Spreading awareness among the people of different strata of society through the means of formal and informal education.

**Public Broadcasters and Right to Information (RTI)**

Notwithstanding, public broadcasters can play ice-break role for the promotion of RTI through their vibrant, captivating and informative programs, lively news, PSA's, public notices, talk-shows and live-shows. In Nepal, people's expectation from public broadcasters in connection with RTI is always encouraging because the private broadcasters are not able to do so. Ironically sometimes they are blamed as mouthpiece of government lacking by investigative and issue based news and programs. As public broadcasters at the verge of PSB, their role is deemed to focus moreover on development and national issues and concerns. So public broadcasters should fully realize the essence of RTI, they can resort media campaign to bring citizens awareness and alertness of RTI proposition with partnership of National Information Commission (NIC). In this connection, public broadcasters inevitably can play commendable role to inform,

persuade and influence mass audiences despite of confronting issues and foremost constraints. Due to the rationality and relevancy of public broadcasters in RTI campaign, and for propagation of media democracy; public broadcasters should play 'role model' and 'catalyst of change' on the concurrent media landscape.

While public broadcasters becoming more competitive and challenging due to paradigm shift of traditional media to new media, they should be attributed with trustworthy, authenticity and reliability to captivate today's mass audiences. It is noteworthy to reverberate that public broadcasters should consciously and professionally monitor and evaluate their broadcasting contents and strive willingly to produce and disseminate customized audio visual contents resonating mass audiences in successfully launching and impacting RTI campaign. However, public broadcasters have so many limitations and constraints which should be confronted and resolved without undermining their competitive strength.

-o-

# Global Perspectives on the Implementation of Right to Information



◆ **Bishal Acharya**

The right to information (RTI) is an integral part of any well-functioning democratic country. It is a fundamental right that allows citizens of a country to access information related to government bodies and subject them to public scrutiny so as to make the government answerable, accountable, and responsible. This right promotes transparency in the activities of the government, which ultimately helps strengthen the trust between the government and the general public.

The concept of the access to information and openness of the government can be traced back to 1766 AD in Sweden whose constitution first recognized the freedom to print and disseminate materials about the government, courts, and parliament. This marked the beginning of a new era of the governance system that recognized the public's right to information. Soon after, in 1789 AD, France introduced the Declaration of Human and Civic Rights in which it established citizens' right to ascertain the need for a public tax and to watch over its use. The global effort for the implementation of the right to information was marked in 1946 AD when the UN General Assembly Resolution on Freedom of Information defined the Right to Information as a fundamental human right and appealed all the associated countries to implement this right in an effort to promote the peace and progress of the world. Subsequent international treaties and conventions, such as Universal Declaration of Human Rights (UDHR) in 1948, the International Covenant on Civil and Political Rights (ICCPR), American Convention on Human Rights (ACHR) 1969, Sustainable Development Goals (SDGs) – 2015, etc. have also bolstered the concept of this right and helped embed it in the legal framework of countries throughout the world (Access Info, 2024).

The Right to Information has helped to enhance government transparency,

empower citizens, fight against corruption, promote social justice, and foster trust in the government. This article presents some notable case studies in the context of the importance of the right to information and how it has been utilized to bring about positive outcomes and improvements in democratically functioning states.

**Case 1 : Flint Water Crisis, 2016 (The United States of America)**

The USA has a provision to allow its citizens to utilize the right to request access to records from any federal agency through Freedom of Information Act (FOIA), enacted in 1966. Federal agencies are required to disclose any information requested under the FOIA unless it falls under one of nine exemptions which protect interests such as personal privacy, national security, and law enforcement (US Department of Justice, 2024). The Office of Information Policy at the Department of Justice is responsible for issuing government-wide guidance on the FOIA (FOIA, 2024).

FOIA has extensively been exercised in the USA by civil societies, journalists and advocacy groups to hold its government accountable and shed light on government activities. One of the notable uses of FOIA can be observed in Flint Water Crisis in 2016. Flint is one of the poorest cities in the Michigan state where the majority of the residents are black (npr, 2024). The start of the crisis began in 2013, in which Flint officials along with the emergency manager appointed by Michigan Governor Rick Snyder, decided to switch the water supply from its current provider, the Detroit Water and Sewerage Department (DWSD) to building its own pipeline to connect to the Karegnondi Water Authority (KWA) in search for a cheaper alternative. In the meantime, Flint officials began to pump water from the Flint River as an interim source. However, ever since the beginning of the 20th century and even before that, the Flint river was an unofficial waste disposal site for refuse from many local industries ranging from paper mills to car factories. Its water had become so polluted that it's rumored to have caught fire - twice. However, Flint officials in 2013 failed to treat the corrosive Flint River water because of which lead leached out from aging pipes which was used to supply water to the local people. Despite the concerns of the general public, Flint officials maintained that the water was safe (NRDC, 2024).

However, independent researchers and medical professionals conducted

research in the following years, which led to the observation of alarming findings. Majority of the household water samples had lead levels way above the tolerable limits and blood-lead levels in children had exponentially elevated. Outraged citizens of Flint filed FOIA requests to obtain internal correspondence from Michigan Department of Environmental Quality (MDEQ) and the Environmental Protection Agency (EPA), which exposed the lack of coordination among government agencies. It was found that MDEQ excluded lead level samples from its report, which put the results within acceptable limits. The water quality data and testing records were also obtained with the help of FOIA. FOIA requests helped obtain documents related to public health response to the crisis, which revealed the delayed response and the utter negligence of the state.

As a result, Flint Mayor declared a state of emergency to fix the water crisis and state regulation officials resigned. Moreover, Governor Snyder was compelled to testify, criminal charges were filed against 6 officials, which prompted President Obama to declare a federal state of emergency in Flint (npr, 2024).

FOIA proved to be instrumental to journalists, concerned citizens, activists, and advocacy groups to unravel the Flint Water Crisis and ultimately hold the government accountable for its actions. It is also hoped that similar incidents will never occur in the future as the revelations of this incident has been embedded in the institutional memory of the state.

**Case 2 : Commonwealth Games Scam, 2010 (India)**

The Commonwealth Games (CWG) is an international multi-sport event in which athletes from Commonwealth of Nations participate. A host country is selected to organize this event which happens once every four years.

In 2010, India was selected as the host country, for which Suresh Kalmadi, a lawmaker was appointed as the chairperson of the organizing committee. It is estimated that there was a financial embezzlement of approximately INR 70,000 crores in this event. One of the major irregularities of the organizing committee was the selection of the companies that quoted high prices but supplied low-quality goods and performed unsatisfactory

works. This led to several mishaps such as collapse of a footbridge before the event, collapse of false ceiling at table tennis facility, and many more. Furthermore, the cost estimate of sports infrastructure increased from INR 1900 crores to INR 11,000 crores. This scam not only tarnished the global image of India but also caused government officials to face harsh criticisms from athletes all over the world (The Commonwealth Scam: Political Games, 2024).

This scam was exposed after a non-profit organization named Housing and Land Rights Network filed an RTI application, which revealed that around INR 744 crores were diverted from social welfare projects to the Commonwealth Games by the Delhi government. The Central Vigilance System also investigated this case, in which it reported irregularities in 14 CWG projects by 71 organizations. As an aftermath, Suresh Kalmadi was sentenced to 11 months imprisonment. Other accused were also penalized by the Indian judiciary (Huffpost, 2024). One can conclude that scams of such colossal magnitude is characterized by lack of government accountability, transparency, and public awareness.

**Case 3 : MP's expenses scandal, 2009 (The United Kingdom)**

Members of Parliament (MP) in the United Kingdom can claim expenses incurred while performing parliamentary duties. These expenses may include cost of accommodation, furniture, meal allowances, and so on. However, a document named 'The Green Book' provides guidelines and limitations on such expenses. MPs are required to abide by the provisions laid out in the Green Book (Commons, 2009).

When journalists named Jon Ungoed-Thomas and Heather Brooke filed for the details of the expenses claimed by certain MPs to be released as per Freedom of Information Act, 2000, the irregularities of some MPs were exposed, which ultimately led to significant political developments (Griffiths, 2009).

In the tax year 2007–2008, MPs' costs of staying away from their main homes was limited to GBP 23,083. However, cabinet ministers Ed Balls and Yvette Cooper were found to have misused the allowance to pay GBP 655,000 for residence in London. (Westminster: House of Commons, 2008). Likewise, MPs were found to have maintain their second homes

that allowed them to claim more expenses. Similarly, they rented out their homes for which they had been receiving allowances in the first place. Furthermore, some MPs claimed expenses for food without original receipt even though the parliament sitting didn't take place (Johnson, 2009).

